साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क २८ ✪ १९ साउन २०८३, मङ्गलबार ✪ 4 Augest 2026, Tuesday ✪ मूल्य रू. १०।-

## हिन्दू–मुस्लिम साम्प्रदायिक द्वन्द्वले विनास निम्तिने

भक्तपुर । नेपाल मजदुर किसान पार्टी भनपा-७ गोल्मढी एकाइ समितिको आयोजनामा समसामयिक विषयमा प्रशिक्षण कार्यक्रम साउन १५ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले सुनसरीमा भइरहेको हिन्दू-मुस्लिम साम्प्रदायिक द्वन्द्वले समाजमा विनाशमात्र निम्तिएको स्पष्ट पार्दै पार्टी कार्यकर्ताहरू समाजमा साम्प्रदायिक दङ्गा फसाद हुन सक्ने खतराप्रति सचेत हुनु जरुरी छ भन्नुभयो ।

उहाँले नेपाल 'एक चीन' नीतिको पक्षमा रहेको, देशमा 'तिब्बतीयन ओरिजिनल ब्लड -टीओबी' का गतिविधिहरू बढ्न सक्ने खतरा रहेको उल्लेख गर्दै उहाँले पार्टीका पुराना कार्यकर्ताहरूले गरेको दुःख खेर नगएको, भक्तपुर काण्डको समयमा पार्टीलाई समूल नष्ट गर्न खोजेको बेला त्यसकोविरुद्ध सङ्घर्ष अगाडि बढाएको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले पार्टी कार्यकर्ताहरू अरूभन्दा बढी अध्ययनशील तथा अग्रगामी हुनुपर्ने, व्यक्तिगत सम्पत्तिलाई भन्दा सार्वजनिक सम्पत्तिलाई माया गर्नुपर्ने, कुनै किसिमको बेइमानी गर्न नहुने, आ-आफूले पार्टी र समाजप्रति गर्नुपर्ने कर्तव्य निर्वाह गर्नुपर्ने, पार्टी बैठक, अध्ययन गोष्ठी नियमित सञ्चालन गर्नुपर्ने, समाजवादी आन्दोलनको लागि सङ्घर्षलाई अझ अगाडि बढाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

उहाँले पार्टी कार्यकर्ताहरूमा कमीकमजोरीप्रति आलोचना र आत्मालोचना गर्ने बानी हुनुपर्ने, गलत गतिविधिविरुद्ध कार्यकर्ताहरूले सङ्घर्ष गरिराखनपर्ने, कार्यकर्ताहरू नयाँ प्रविधिहरूबारे परिचित हुनुपर्ने, युवा-विद्यार्थीमाझ सृजनात्मक गतिविधि गरिराख्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईंले रास्वपाले निर्वाचनताका जनताको अगाडि युवाहरूलाई स्वदेशमै रोजगारी दिने, विदेश गएका युवाहरूलाई स्वदेशमै फिर्ता ल्याउने वातावरण तयार गर्ने वाचा गरेको तर व्यवहारमा विगत एक वर्षको तथ्याङ्कले करिब आठ लाख युवाहरू विदेश गइसकेको र अझ धेरै युवाहरूको राहदानी लिन भीड देखिएबाट वर्तमान सरकारको वाचा झुटो साबित भएको बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

## भक्तपुरमा 'एक घर एक स्नातक' अभियान सफल हुँदै शिक्षित युवा देश र जनतामा समर्पित हुन सुझाव




भक्तपुर । "युवाहरू योग्य र साहसी हुनुपर्छ । योग्यता भएका साहसी युवाहरूलाई नेपालमा कामको कमी छैन । सबै शिक्षित युवाहरूले आफ्नो योग्यता निरन्तर वृद्धि गर्दै जानुपर्छ । युवाहरू देश र जनताको हितको लागि समर्पित हुनुपर्छ ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा शैक्षिक वर्ष २०७७/७८ मा भर्ना भई स्नातक तह उत्तीर्ण गरेका विद्यार्थीहरूको साउन १६ गते भएको बिदाइ कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

सरकारले गर्न नसकेका वा नगरेका कार्यहरूसमेत सङ्गठित जनताले गर्न सकिने धारणा राख्दै उहाँले भक्तपुरमा 'एक घर एक स्नातक' अभियान सफल हुँदै आइरहेको बताउनुभयो ।

देशकै भलाइकै लागि काम गर्नुपर्नेमा अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो ।

'देशमा रोजगारी नै छैन' भन्ने झूटा प्रचार म्यानपावर कम्पनीहरूले गरिरहेकोतर्फ युवाहरू सचेत हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भन्नुभयो, "विदेशीको जालमा फस्नु हुन्न । देश र जनताको हितमा जीवन समर्पण गर्न सकेमात्र नयाँ पुस्ताको जीवन राम्रो हुनेछ ।"

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "जीवन सङ्घर्ष हो । देश र जनताको आवश्यकताअनुसार निडर र साहसी भई अघि बढ्नु जरुरी छ । युवा पुस्ता प्रविधिमैत्री हुनुको साथै आइपर्ने चुनौतीलाई सामना गर्न सक्ने गरी योग्य हुनु जरुरी छ ।"

भक्तपुर नगरपालिकाका प्रमुख, कलेज सञ्चालक समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति सुनिल प्रजापतिले विश्वविद्यालयबाट सैद्धान्तिक ज्ञान प्राप्त गरे पनि विद्यार्थीले व्यावहारिक ज्ञान सिक्न अझै बाँकी रहेको बताउनुभयो ।

उहाँले समाजमा परम्परागत सीप भएका दक्ष डकर्मी, सिकर्मी तथा अनुभवी प्राविधिकबाट धेरै कुरा सिक्न सकिने उल्लेख गर्नुभयो ।

भक्तपुरका ५५ झ्याले दरबार, पाँचतले मन्दिर, स्वर्णद्वारलगायतका ऐतिहासिक सम्पदाहरू इन्जिनियरिङ सीप र कलाका उत्कृष्ट नमुना भएको उल्लेख गर्दै उहाँले औपचारिक इन्जिनियरिङ शिक्षाको विकास नभएको समयमा निर्माण गरिएका ती सम्पदाहरू आजको आधुनिक इन्जिनियरिङका लागि समेत चुनौती र अध्ययनको महत्त्वपूर्ण विषय रहेको बताउनुभयो । पुर्खाले विकास गरेका परम्परागत सीप, ज्ञान र कौशलबाट सिक्न आवश्यक रहेको धारणा व्यक्त गर्दै उहाँले भन्नुभयो, "विकास निर्माणमा इन्जिनियरहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । प्राविधिक कमजोरीका कारण कमजोर संरचना निर्माण भएमा त्यसको असर धेरै नागरिकले भोग्नुपर्ने हुन्छ ।"

बाँकी पृष्ठ १२ मा

## नेक्रायुसङ्घ केन्द्रीय समितिद्वारा 'श्रमिक' को अन्तरक्रिया

भक्तपुर । नेपाल क्रान्तिकारी युवा सङ्घ केन्द्रीय समितिद्वारा साउन १७ गते अनलाइनमा 'श्रमिक' साप्ताहिक पत्रिकामा प्रकाशित लेख रचनाबारे अन्तरक्रिया सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा जानकारी राख्न नेक्रायुसङ्घले छलफल र अन्तरक्रिया चालू राख्नु जरुरी छ भन्नुभयो ।

सचिव सुवालले नयाँ र पुराना शासकहरूबिच मौलिक भिन्नता नरहेको उल्लेख गर्दै नेपाल मजदुर किसान पार्टी अगाडि नबढेसम्म देशको मुहार नफेरिनेतर्फ युवाहरू प्रस्ट हुनुपर्नेमा जोड दिनुभयो ।

सचिव सुवालले भन्नुभयो, "साम्प्रदायिक विषयले देश पछाडि धकेलिन्छ, वर्गसङ्घर्षले मात्र समाजमा आमूल परिवर्तन आउनेछ । संरा अमेरिकाले नेपाली भूमिमा चीनविरोधी गतिविधि गर्दै छ, त्यसको विरोध सबै नेपाली जनताले गर्नुपर्छ ।"

सचिव सुवालले शासक दलहरूले सहिदको बलिदानलाई सम्मान नगरेको हुँदा भदौ २३ र २४ को घटना भयो, भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि आगजनी गर्नेहरूलाई कारबाही गराउन जनता अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मीनबहादुर बाटाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेक्रायुसङ्घका लालबहादुर थापा, जगतराम धुख्वा, रमेश डंगोल, ज्ञानेन्द्र प्रजा, राजकुमार लघु, मुना बासुकला, सुरेन्द्र थाश्रेष्ठ, खेमराज कँडेल, हरिसुन्दर सुवाल र रणबहादुर रानाले अध्ययनको सार प्रस्तुत गर्नुभएको थियो ।

## समाजवादी प्रचार अभियानलाई निरन्तर जोड

जुम्ला । जुम्लाको तिला गाउँपालिका वडा नं. ३ स्थित त्रिवेणी बजारमा साउन १२ गते जनतासँग नेमकिपाको भेटघाट कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले समाजवादी व्यवस्था नआएसम्म देश र जनताले सुख नपाउने हुँदा समाजवादी गणतन्त्रको प्रचार अभियानलाई निरन्तर दिइरहेको बताउनुभयो ।

पुँजीवादी व्यवस्था अन्त्य गर्नको निम्ति समाजवाद र पुँजीवादको भेदबारे जनतालाई सुसूचित पारेर सङ्गठित गर्नुपर्ने आवश्यकता पनि उहाँले औँल्याउनुभयो ।

नेमकिपा जिल्ला समिति जुम्लाका अध्यक्ष पूर्णलाल खत्रीले बहुमत जनताको हित समाजवादी व्यवस्थामा मात्र हुने विचार व्यक्त गर्नुभयो ।

मुनिनाथ योगीको अध्यक्षतामा भएको सो भेटघाटमा नेमकिपाका जिल्ला सदस्य मानबहादुर बोहरा, नेपाल क्रान्तिकारी मजदुर सङ्घका जिल्ला अध्यक्ष जुम्लाका हर्कबहादुर बोहरालगायतले जनताका जिज्ञासाबारे प्रस्ट्याउनुभयो ।

## भारतीय विस्तारवादको पछिल्लो उदाहरण भारतीय एसएसबीले सुस्तामा नेपाली बाँध भत्कायो

बुटवल । पश्चिम नवलपरासीको सुस्तामा भारतीय सशस्त्र सीमा बल (एसएसबी) नेपाली भूमिमा प्रवेश गरी निर्माणाधीन अस्थायी बाँध भत्काएको आरोप लागेपछि विवाद भएको छ । सुस्ता बचाउ अभियान नवलपरासीका प्रवक्ता रवीन्द्र जैसवालले भारतीय पक्ष आएर उक्त बाँध भत्काएपछि विवाद उत्पन्न भएको जानकारी दिनुभयो ।

स्थानीयवासीले वर्षायाममा आउने पानीको भेल रोक्न शनिबार माटो राखेर अस्थायी बाँध निर्माण सुरु गरेको र आइतबार भारतीय पक्ष आएर उक्त बाँध भत्काएपछि विवाद उत्पन्न भएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार भारतीय पक्षले सुरुदेखि नै बाँध निर्माणको काम गर्न नदिएको र १३२ मिटर क्षेत्रमा नेपाली पक्षले सहमतिअनुसार वर्षाको भेल रोक्न माटो राखेको थियो । तर, आइतबार भारतीय एसएसबीका सुरक्षाकर्मी सादा पोसाक र हतियारसहित नेपाली भूमिमा प्रवेश गरेपछि विवाद भएको उहाँको भनाइ थियो ।

भारतीय सुरक्षाकर्मीले सुस्ता गाउँपालिका-५ स्थित थारू टोलमा निर्माण भइरहेको १३२ मिटर लामो माटोको कच्ची बाँध भत्काइदिएको स्थानीयवासीले बताएका छन् । नेपालतर्फ निर्माण भइरहेको बाँध भत्काइएपछि स्थानीयवासी प्रतिवादमा उत्रिएको जैसवालले बताउनुभयो ।

नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले वर्षाको भेल रोक्न राखिएको माटोको अस्थायी बाँधका विषयमा विवाद भएको पुष्टि गर्नुभयो । उहाँले विवाद साम्य पार्न सशस्त्र प्रहरी बल परिचालन गरिएको र अहिले अवस्था सामान्य रहेको बताउनुभयो ।

'सुस्ता बचाउ युवा अभियान' का संयोजक योगेन्द्र गौतमले भारतीय एसएसबी दुई देशबिचको सीमा

बाँकी पृष्ठ १२ मा

## किसान सङ्घ स्थापना दिवस : विखण्डनकारीहरूबाट सचेत आग्रह

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले देश बनाउने नाउँमा नयाँ सरकारले देशलाई धार्मिक विखण्डन र विदेशीको हातमा सुम्पने प्रयास भइरहेको जानकारी गराउनुभयो ।

नेपाल मजदुर किसान पार्टी, वडा नं ५ चासुखेल एकाइ समितिको आयोजनामा नेपाल क्रान्तिकारी किसान सङ्घको स्थापना दिवसको उपलक्ष्यमा भएको कार्यकर्ता प्रशिक्षणमा सांसद गोसाईले सो कुरा बताउनुभएको हो ।

अमेरिकी संस्थाहरूको इसारामा वर्तमान सरकार चलिरहेको हुँदा सम्पूर्ण जनता सचेत हुनुपर्छ, उहाँले भन्नुभयो । उहाँले प्रम बालेन र गृहमन्त्री संसद्मा जिम्मेवारीपूर्वक प्रस्तुत नभएको कारण देशले थप क्षति भोग्नु परेको बताउनुभयो । उहाँले हरेक पार्टी कार्यकर्ताले आफ्नो विगतलाई फर्केर हेर्नुपर्ने

बाँकी पृष्ठ १२ मा

## काठमाडौँमा क्रान्तिकारी किसान सङ्घको ५८ औँ स्थापना दिवस मनाइयो

काठमाडौँ । नेपाल मजदुर किसान पार्टीको भ्रातृ सङ्गठन नेपाल क्रान्तिकारी किसान सङ्घको ५८ औँ स्थापना दिवस साउन १५ गते काठमाडौँमा मनाइयो ।


नेक्राकिसङ्घ काठमाडौँ जिल्ला समितिको आयोजनामा भएको कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले किसान सङ्घको स्थापना भ्रष्टाचारविरुद्ध, मोहियानी हक आधा पाउने सङ्घर्षबाट भएको बताउँदै स्थापनादेखि नै किसान समस्याको विरुद्ध अगाडि बढेको स्मरण गराउनुभयो ।

पार्टीको लक्ष्यलाई सार्थक पार्न देशमै रासायनिक मल कारखाना खोल्नुपर्ने, गुठी जग्गा जोताहाको हकमा रैकरमा परिवर्तन गर्नुपर्ने र देशको किसानलाई परेको समस्याबारे सडक सङ्घर्ष गरेको अवगत गराउनुभयो ।

केन्द्रीय सदस्य राजवीर डंगोलले किसान सङ्घको स्थापना र किसानको हितमा भएको आन्दोलनको स्मरण गर्दै किसानलाई सचेत र सङ्गठित गर्न किसान सङ्घ अगाडि बढ्नुपर्ने बताउनुभयो ।

नेक्राकिसङ्घका केन्द्रीय सदस्य विश्वनाथ प्रजापतिले २०२५ साउन २ गते र २०२६ असार १९ गते किसानहरूले भ्रष्टाचारविरुद्धको आन्दोलनबाट किसान सङ्घको स्थापनाको इतिहासबारे बताउनुभएको थियो ।

जिल्ला समितिका अध्यक्ष हरिशरण श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा किसान सङ्घका गुणदास महर्जन र जिल्ला पार्टी समितिका शैलेष डंगोल, बन्दना श्रेष्ठ, काशीलाल डंगोललगायतले किसान सङ्घको इतिहासबारे आ-आफ्नो विचार राख्नुभएको थियो ।



समयको क्रममा मानव
इतिहासका सबै सत्यहरू
असान्दर्भिक हुन जान्छन् । यही
परिवर्तनको नियम हो ।

-फ्रेडरिक एङ्गेल्स

## सम्पादकीय

# देशको वर्तमान अन्योलको स्थितिको जिम्मेवार को को हुन् ?

निश्चय पनि यो एक गम्भीर प्रश्न हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबारे आलोचनात्मक दृष्टिकोण नभएका र हरेक विषयमा सरलतापूर्वक 'राम्रै होला' भन्ठान्ने अत्यन्त बहुमत जनताले '२०८२ को भदौ २२, २३ र २४ का घटनाहरूलाई गम्भीरतापूर्वक आकलन गरेनन्' भनी बहुमत जनतालाई किन दोष दिने ? बारम्बार सरकारमा जान आफ्नो राजनैतिक दल र आफूहरूलाई देश र विदेशको राजनीतिबारे जानकार सम्झनेहरूले भोलि 'राजनैतिक भुइँचालो जाने' छेस्को पनि अनुमान गर्न नसक्ने व्यक्तिहरूले सेना, प्रहरी, गुप्तचर विभाग र प्रशानका विभिन्न अङ्ग र विदेशमा रहेका नेपालका राजदूतावास र जिम्मेवारी दिएका वाणिज्यदूतहरू, अन्य व्यक्तिहरूको सूचनाबारे पनि केलाउन नजान्ने 'बहादुर' शासकहरू कसरी चुके भन्नेबारे छानबिन आवश्यक छ । नेका, एमाले, 'गृहयुद्ध' वा 'जनयुद्ध' गरेका प्रचण्डका दल एवं राप्रपा र  मधेसवादी पूर्वमन्त्रीहरूको पनि अनुमान गर्न नसक्नु हो वा जानेर पनि जनतालाई सूचना प्रवाह नगर्ने शासक दलका नेताहरूलाई राजनैतिक नैतिकताको कठघरामा उभ्याउनु आवश्यक छ ।

के ती सबै शासक दलका नेताहरू सबै अयोग्य नै थिए त ? त्यसो हो भने लाखौँ जनता, बुद्धिजीवी, प्राध्यापक, शिक्षक, लेखक, कवि र कलाकारहरूले 'के आधारमा तिनीहरूलाई मत दिए' भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।

तर, केही दिन र वर्षको हाराहारीका पत्रपत्रिकामा 'सर्प तकियामुनि राखेर सुत्नेहरू' बारे लेखेकै थिए ! शासक दलहरूका माथिल्ला नेता र कार्यकर्ताहरू एकतिहाइ व्यक्तिहरू देशी वा विदेशी प्रतिगामीहरूले सञ्चालित 'होलान्' भनी शङ्का गरेकै थिए ।

नेपाली उखानअनुसार 'डोरीलाई पनि सर्प सम्झनु' पर्ने र 'जिउभरि आँखा हुनुपर्ने' खबरदारीहरू के ती शासक दलका नेताहरूलाई आ-आफ्ना अभिभावक र गाउँ-घर, टोल-छिमेक वा कलेजका प्राध्यापकहरूले सतर्क पारेनन् होला ? यस्तो विष्मयको स्थितिमा नेपाली जनता बाँच्दै छन् 'मात्र' होइन, झन्डै एकतिहाइ बहुराष्ट्रिय पुँजीको सस्तो ज्यामीमा 'म्यानपावर कम्पनी' नाउँका 'गल्लावालाहरू' वा मानव तस्करहरूबाट पठाउँदै छन्, आज पनि ।

के फरक भयो - आजको 'नयाँ पुस्ता' भनिने सरकार र 'हिजोका भ्रष्ट सरकारहरू' भन्दा ? सत्य के हो भने - शासक ज्येष्ठ उमेरका भए पनि पुरुष र महिला भए पनि, युवा र युवती भए पनि विचार र व्यापार उही भएपछि के परिणाम उही हुँदैन ?

प्रजातान्त्रिक आन्दोलनको बेला सत्तामा जान राजनैतिक दलहरूको बैठक राख्न जान्ने दलहरूले सङ्कटको बेला किन त्यसको आवश्यकता देखेनन् ? खोइ यसको उत्तर !?

पहिले पहिलेका नेपाली शासकहरू आफ्नो शारीरिक र मानसिक स्थितिले साथ छोडेपछि 'सन्न्यास' मा जाने कथाहरू सुनेकै होलान् । नेपालको सत्तामा टाँसिएर बस्ने 'असफल' 'अयोग्य' र 'म्याद नाघेका शासकहरू' लाई 'क्रान्तिकारी' दलहरूले किन न्याय दिन सकेनन् ? 'कम्युनिस्ट' र 'क्रान्तिकारी' शब्द के अपराध लुक्ने र लुकाउने शब्दहरू हुन् ?

चरा चुरुङ्गी र पशुको लाज हुँदैन, मानिसको धोती वा सुरुवाल हुन्छ । निर्लज्जताको पनि सीमा हुन्छ । त्यसको अर्थ वर्तमान (नयाँ पुस्ता) को सरकार योग्य भन्न खोजेको होइन बरु स्थितिमात्रै जनतामा जाहेर गर्न खोजिएको हो । २९ असार २०८३ को 'कान्तिपुर' दैनिकको समाचारको शीर्षक थियो-'नेपालले सुस्तामा बढायो सुरक्षा उपस्थिति, भारतले देखायो चासो ।' १८ साउन २०८३ का 'कान्तिपुर' ले पुनः समाचार दियो - 'सुस्तामा फेरि 'तनाव' ।

जनताको स्थितिबारे 'नयाँ पत्रिका' को अगाडिकै पानाको शीर्षक-'देशभर ग्यास अभाव', 'खाली सिलिन्डर बोकेरै भौतारिँदै उपभोक्ता', 'टेकु र बालाजुमा दिनभर सयौँको लाइन' । (नयाँ पत्रिका १८ साउन २०८३ ।

सारा जनताले आशा गरेका थिए देशमा जलविद्युत्को प्रचुरता हुनेछ र हामी जलविद्युत्मा आत्मनिर्भर हुनेछौँ । तर, १८ साउन २०८३ को 'अन्नपूर्ण - अर्थतन्त्र' ले लेख्यो - 'काँकडभिट्टा नाकाबाटै साढे २४ अर्बको पेट्रोलियम पदार्थ आयात', 'सीमावर्ती बजारमा ग्यासको कालोबजारी' हामी गम्भीर होऔँ !

# काठमाडौँ उपत्यका: प्रदूषणको थलो बन्यो र जमिन भासिने जोखिममा पर्‍यो

✍ प्रज्ज्वल

सङ्घीय राजधानी काठमाडौँ र जोडिएका ललितपुर तथा भक्तपुर जिल्ला धुवाँ, धुलो, ध्वनि, रसायन प्रदूषणको पनि थलो भएको छ । बढ्दो सवारी साधनको कारण यहाँ सडक जाम र बढ्दो बसाइँसराइको कारण यहाँ फोहरमैलाको व्यवस्थापन पनि भइरहेको छैन । थोरै जनसङ्ख्याको बेला यो राजधानी उपत्यकाको काठमाडौँ, ललितपुर र भक्तपुरमा औद्योगिक क्षेत्रहरू पनि स्थापना गरिए । यी औद्योगिक क्षेत्रबाट निस्कने धुवाँ, ध्वनि र रसायन प्रदूषण यतिबेला देशघाती नै भएको छ ।

भक्तपुर औद्योगिक क्षेत्रको २-३ सय मिटर दूरीमा रहेको भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशकले क्यान्सरका बिरामी उपचार गराउन ढिलो अस्पताल पुग्ने गरेको बताए । यो अस्पतालले आफ्नै आँगनको रूपमा रहेको भक्तपुर औद्योगिक क्षेत्रबाट धुवाँ, ध्वनी र रसायन प्रदूषण कति निस्कन्छ र यसले फोक्सोको क्यान्सर बिरामी कति बढायो, अहिलेसम्म अध्ययन गरेन ।

पैँतीस वर्षयता सरकारमा गएका दल र तिनका प्रम एवम् अर्थमन्त्रीहरूले आफ्ना नीति तथा कार्यक्रम र बजेटमा काठमाडौँ उपत्यकामा रहेका प्रदूषण फाल्ने औद्योगिक क्षेत्रहरू बस्ती नभएको ठाउँ उपत्यकाबाहिर स्थानान्तरण गर्ने प्रतिबद्धता पटक पटक गरे तर कुनै पनि सरकारले आफ्ना वाचा पूरा गरेनन् । रास्वपाको सरकारले काठमाडौँ उपत्यकामा रहेका प्रदूषण फाल्ने औद्योगिक क्षेत्रहरूलाई स्थानान्तरण गर्ने उच्चारण नै गरेन ।

यही साउन १८ गतेको 'गोरखापत्र' दैनिकमा प्रकाशित भयो- विश्वभर प्रत्येक वर्ष २५ लाखभन्दा बढी मानिसमा फोक्सोको क्यान्सर हुने, तीमध्ये १८ लाखको त उपचारको बन्दोवस्त नहुँदा मृत्यु हुने, फोक्सोको क्यान्सरमध्ये ८५ प्रतिशत प्रत्यक्ष अप्रत्यक्ष धुम्रपानका कारण हुने, नेपालमा कुल क्यान्सरमध्ये १५-२० प्रतिशत फोक्सोको क्यान्सर हुने र हरेक वर्ष कूल २२-२५ हजारसम्म नयाँ क्यान्सर बिरामी थपिने, यीमध्ये २-३ हजारमा फोक्सोको क्यान्सर देखिएको प्रकाशित भयो ।

श्वासप्रश्वास तथा छाती रोगका वरिष्ठ विशेषज्ञ डा. राजु पङ्गेनीले फोक्सोको क्यान्सर बढ्नुमा नेपालीहरू धेरै धुम्रपान सेवनमा लाग्नु, सवारीसाधन र उद्योगबाट निस्कने धुवाँ बढ्दै आउनु, घरभित्र दाउरा तथा अन्य ठोस इन्धन प्रयोग हुनु, इँटा उद्योगलगायतबाट वायु प्रदूषण बढी हुनु मुख्य कारण भएको बताए । तर, नेपालका कुनै पनि सरकारले धुम्रपानलाई दुरुत्साहन गर्ने नीति र कार्यक्रम बनाएनन् बरु सरकारहरूले सुर्तीजन्य पदार्थमा कर लगाएर क्यान्सर अस्पताललाई अनुदान पठाए । यसो गर्नुभन्दा सुर्तीजन्य पदार्थ उत्पादन र बिक्रीमा रोकथाम गर्नु बुद्धिमानी होइन र ? के नेपालीले कमाएको सर्वश्व स्वास्थ्य उपचारमै सकाउन दिने सरकारको काम हो ?


काठमाडौँ उपत्यकाको जमिन पनि कमजोर भएको र यहाँ बनेका भारी संरचनाहरू भवन, सडक, पुललगायत भासिने जोखिममा रहेको भूगर्भशास्त्रीहरूको मत रहेको छ । यसतर्फ नेका, एमाले, माओवादीलगायतका शासक दलहरू सचेत भएनन् भने रास्वपाको सरकारमा पनि यो संवेदनशीलता छैन । अहिले दिनको २०-२५ हजार टीपर बालुवा, गिट्टी, ढुङ्गा, डण्डीलगायत बाहिरबाट भित्र्याई काठमाडौँ उपत्यकामा भारी संरचना बनिरहेको छ । यसलाई रोक्ने र देशको सन्तुलित विकास गर्नेतर्फ सरकारको ध्यान किन गएन ? काठमाडौँ उपत्यका नेपालकै भूकम्पीय जोखिम क्षेत्र पनि हो । सरकारहरूले देशको सन्तुलित विकास नगरी जिल्ला जिल्लाबाट काठमाडौँमा बसाइँसराइ बढाउँदै छन् । अधिकांश पूर्वप्रधानमन्त्री र मन्त्रीहरू, कतिपय सांसदहरू, सरकारका उच्च अधिकारीहरू आ-आफ्नो थातथलो छोडेर काठमाडौँमा बसाइँसराइ गरे । प्रधानमन्त्री र मन्त्री भएकाहरू कतिपय आफ्नो परिचयमा समेत काठमाडौँ उपत्यकाको स्थायी बासिन्दा दाबी अनैतिकताको पराकाष्ठा किन होइन ?

देशको सन्तुलित विकास गरिएको भए चार खर्ब रुपैयाँ खर्च हुने विवादित बारा-काठमाडौँ द्रुतमार्ग प्रस्ताव आउने नै थिएन । लाखौँको सङ्ख्यामा नयाँ पुस्ता अध्ययन गर्ने ११ विश्वविद्यालयको लागि सरकारको बजेट २ अर्ब रुपैयाँमात्र विनियोजन हुने अवस्थामा पनि आउने थिएन । विश्वविद्यालयहरूलाई खर्बौं रुपैयाँ विनियोजन गरी सरकारले नयाँ पुस्तालाई सुसंस्कृत एवम् विज्ञानसम्मत शिक्षा दिन किन ध्यान दिएन ? द्रुतमार्ग सुरु बिन्दु खोकना र बोङ्गाको सांस्कृतिक सम्पदासमेत नष्ट हुने विवाद उठेकोलाई मत्थर पार्न यतिबेला सरकारी प्राविधिकहरू वाग्मती नदीमाथि बिचमा पुल 'भायडक्ट' बनाई चोभार सुख्खा बन्दरगाहमा जोड्ने प्रस्ताव सार्वजनिक गर्दै छन् । यस्तो पुल बनाउन २९ अर्ब रुपैयाँ लाग्ने बताइयो । नेपालको अर्थतन्त्रको लागि यो बजेट पनि सकस नै हो ।

देशभरि खाना पकाउने ग्यासको अभाव सल्टिएको छैन । सरकारहरूले नेपालका नदीनालाबाट जलविद्युत् उत्पादन गरी जनतालाई सस्तोमा बिजुली दिएको भए अहिले भारतबाट इन्धन खरिदमा भइरहेको खर्बौँ रुपैयाँको व्यापारघाटा न्यून पार्न मद्दत पुग्ने थियो । काठमाडौँ उपत्यकामा बसाइँसराइ गरेकाहरू यतिखेर टेकु र बालाजुमा खाली सिलिन्डर बोकेर दिनभर भौँतारिनुपर्ने अवस्था आउने थिएन । सरकारले नेपालका नदीहरूमा जलविद्युत् उत्पादन गर्नु यसको राम्रो विकल्प हो । तर, सरकारहरूले नेपालका ठूल्ठूला नदीनालाहरू कोशी, गण्डक, महाकाली, कर्णालीलगायत भारतीय एकाधिकार पुँजीलाई दिएर देशघात गरे । यो देशघातबाट जनताको ध्यान मोड्न सरकारहरू कहिले सुरुङ्गमार्ग र कहिले द्रुतमार्गको चर्चा गर्छन् । विदेशीहरूबाट ल्याइएका खर्बौँ रुपैयाँको ऋण सरकारहरूले नेपालको कृषि र स्वास्थ्यलाई आत्मनिर्भर बनाउने, देशभित्र रोजगारी र शिक्षाको बन्दोवस्त गर्नेतर्फ किन विनियोजन गरेनन् ?

नयाँ पुस्ता सुसंस्कृत भए साम्प्रदायिक हुनेछैन भने देशको सरकारी र सार्वजनिक सम्पत्तिमा आगजनी पनि गर्ने थिएन । सुसंस्कृत मानिस जातीय र क्षेत्रीय भेदभावमा लाग्दैनन् । हिन्दु मन्दिरका योगी र मुस्लिम मस्जिदका मन्जरी एक ठाउँमा बसेर तस्वीर खिच्दैमा सद्भाव भएको मान्न सकिँदैन । वर्गीय नातामात्र चोखो र स्थायी हुनेछ । यो यथार्थ नयाँ पुस्तालाई बताउनु आजको आवश्यकता हो । वर्गीय नाताले मात्र हिमाल, पहाड, तराईमा शान्तिको श्वास फेर्न मद्दत गर्नेछ । शासकहरूले मठमन्दिर र मस्जिदमा पुगेर शान्तिको कामना गर्दैमा हुने होइन । गत भदौ २३ र २४ गतेको विध्वंसमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादबाट पालिएकाहरूको संलग्नता रहेको एक एक गरी खुलिरहेका छन् । तराईमा साम्य भएको साम्प्रदायिक विवाद चर्काउन कुन कुन तत्त्वको संलग्नता थियो खुल्ने नै छ ।

# नारायणीबाट हुने कटान र डुबान रोक्ने प्रयास पनि रोक्ने भारत कस्तो छिमेकी !




शुक्र

नेपाल–भारतबिच एक हजार आठ सय ८० किलोमिटर लामो खुला सिमाना छ । खुला सीमाकै कारण एक अर्को देशमा अपराधी लुक्ने, सीमा तस्कर, चेलिबेटी बेचबिखन र दुर्व्यवहार हुने गरेको तथ्य खुलिरहेको छ । रोटीबेटीको सम्बन्ध रहेको छिमेकी देश भारतमा बहने हावाले समेत नेपालमा असर पार्छ । खुला सीमाकै कारण आपराधिक कार्य गर्नेहरूले दुवै देशको भूमि प्रयोग गर्दै छन् ।

नक्कली नोटका कारोबारीले दुवै देशको वित्तीय प्रणालीमाथि नै चुनौती दिइरहेका छन् । दुवै देशले यस्ता आपराधिक सञ्जाल ध्वस्त पार्न रियल-टाइम सूचना आदानप्रदानमा विशेष जोड दिए पनि सफल भएन । एकातिर अपराध गरेर अर्कोतर्फ लुक्ने गरेका घटना पुरानो हो ।

भारतमा बसोबास गर्ने बासिन्दाको पहिचानका लागि आधार कार्ड जारी गरिएको छ । कतिपय अवस्थामा गैरनागरिक (जस्तैः बङ्गलादेशी वा रोहिङ्ग्या शरणार्थी) ले पनि आधार कार्ड बनाउन सफल भएका छन् । यस्ता व्यक्ति भारतीय भूमि हुँदै नेपालमा आइपुग्छन् र आफूलाई भारतीय नागरिकका रूपमा प्रस्तुत गर्न त्यही आधार कार्ड देखाउँछन् ।

आतङ्कवादी तत्त्वहरूले खुला सीमाको दुरुपयोग गरी नेपालबाट भारतविरोधी गतिविधि हुन सक्ने आशङ्का भारतीय पक्षले नेपाल–भारत गृह सचिवस्तरीय बैठकमा उठाएको सार्वजनिक भयो । फ्रि तिब्बतको नाममा दलाई लामाका समर्थकहरूबाट नेपालमा चीनविरोधी गतिविधि भइरहेको छ । यस विषयमा नेपालस्थित चिनियाँ राजदूतले परराष्ट्र सचिवको ध्यानाकर्षण गराउनुभयो ।

नेपालको सीमामा खटिएका भारतीय सशस्त्र सीमा बल (एसएसबी) बाट कतिपय अवस्थामा नेपाली नागरिकमाथि दुर्व्यवहार र ज्यादतीका घटना भइरहेका छन् । कञ्चनपुरका गोविन्द गौतम हत्या र महाकालीको तुइन काण्ड (जयसिंह धामीको मृत्यु) लगायतको घटनाले भारतीय शासक वर्गप्रति नेपालीको आक्रोश र अविश्वास बढ्दो छ ।

नारायणी नदीको कटान रोक्न नेपाली भूमि सुस्तावासीले निर्माण गरेको माटोको अस्थायी तटबन्धसमेत एसएसबीले हालै भत्काइदिएको घटनाले नेपाली जनतामा आक्रोश बढ्दो छ । पश्चिम नवलपरासीस्थित नेपाल-भारत सीमामा १६ वटा स्तम्भ छन् । तर, सुस्ताको २४ किलोमिटर सीमा क्षेत्रमा भने एउटा पनि सीमा स्तम्भ छैन । सीमा स्तम्भ नभएको हुँदा खोला, रुख वा अन्य खेती जमिनको भरमा सिमाना चिन्नुपर्ने अवस्था छ । सीमा स्तम्भ नहुँदा सीमावर्ती क्षेत्रका नागरिकबिच पटक-पटक विवाद पनि भइरहेको छ । तर, अहिलेसम्मका सरकारहरूलाई कुनै चासो भएन ।

गत जेठ १७ मा पनि एसएसबीले सुस्तामा निर्माणाधीन तटबन्धको काममा अवरोध पुर्‍याएको थियो । सुस्ता-५ स्थित नारायणी नदीको झोलुङ्गे पुलसँगै जोडिएको क्षेत्रमा करिब १ किलोमिटर र सँगै १ सय ३२ मिटर लम्बाइको तटबन्ध निर्माण भइरहेको हो । एसएसबीले १ सय ३२ मिटर तटबन्ध निर्माणमा आपत्ति जनायो । नेपालले नारायणी नदीको कटान र डुबानबाट आफ्नो भूमि जोगाउन पनि नपाउने यो कस्तो छिमेकी हो ?

सुगौली सन्धीले नेपालको पूर्व मेची नदीदेखि पश्चिम महाकाली नदीसम्म सीमा निर्धारण गरेको हो । सुस्ता नेपालकै भूमि हो । २०२५ सालमा भारतीय पक्षले सुस्ता हड्पेको बेला नेमकिपाका अगुवाहरूले भक्तपुरमा विरोध प्रदर्शन गरेका थिए । २०३४ सालमा नारायणीले धार परिवर्तन गर्दा बस्ती बगरमा परिणत भयो । स्थानीय जनता विस्थापित भएपछि भारतीय विस्तारवादको ज्यादती बढेको हो । नेपाल-भारतबिच हुने मन्त्री र सचिवस्तरीय, संयुक्त सीमा कार्यदललगायतमा बैठकमा खुला सीमा नियमन गर्ने विषय नेपालका शासकहरूले उठाउन नसक्नु देशघात किन होइन ?

# सरकार, संवेदनहीनता र सार्वभौमिकता रक्षाको प्रश्न

✍ विवेक

**नेपालको सार्वभौमिकतामाथि भारतले निरन्तर हस्तक्षेप गर्दै छ । कालापानी, लिपुलेक र लिम्पियाधुरासम्मको जमिन नेपालकै हो । त्यही क्षेत्र भारतले कब्जा गरी मानसरोबर जाने बाटो बनायो । भारतका मन्त्री अमित शाहले उक्त सडक उद्घाटन गरे । नेपालको भूमिमाथि भारतले सडक उद्घाटन गर्दा र नेपाली आकाशमा भारतीय सैनिकले हेलिकप्टर उडाउँदा पनि सरकार मौन बस्यो । यो नेपाल सरकारको देशको सार्वभौमिताप्रति संवेदनहीनता नभए के हो ?**

सुनसरी जिल्लाको देवानगञ्जमा दुई समूहबिच झडप हुँदा शान्ति सुरक्षाको लागि खटिएका प्रहरीको गोली लागी ३० वर्षीय ओमप्रकाश मेहता र २२ वर्षीय जय प्रकाश मेहताको ज्यान गयो र प्रहरीको गोली लागेर अरू धेरैजना घाइते भए । घटनालाई सरकारले गम्भीर रूपले लिएन । परिणामत: झगडाको असर केही दिनमै मधेस प्रदेशका विभिन्न जिल्लाहरू सप्तरी, सिराहा, रौतहट, सर्लाही, बारा, पर्सा, महोत्तरीसम्म फैलियो । कर्फ्यु लगाउनुपर्ने अवस्था सिर्जना भयो । नागरिकको ज्यान गइसक्दा पनि सरकार घटनाप्रति संवेदनशील नभएको कारण घटनाले उग्र रूप लिएको हो ।

घटना घटेको ५ दिनपछि मात्र गृहमन्त्री सुधन गुरुङ घटनास्थल पुगे । त्यत्रो घटना हुँदा समेत कानमा तेल हालेर बसेका प्रधानमन्त्री बालेन्द्र शाहले ढिलो गरी टेलिभिजनमार्फत सम्बोधन गरे । त्यो काम पहिले नै भएको भए घटना साम्य पार्न धेरै सहज हुने थियो । पछिल्लो समय ठाउँ ठाउँमा विभिन्न पार्टीहरूले संयुक्त रूपमा सद्भाव ऱ्यालीहरू निकाले । सरकार र मृतकको परिवारबिच सम्झौता भयो । यसले जनतामा शान्तिको केही आशा पलाएको छ ।

घटना घटेको भोलिपल्टै प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाएको भए, रवि लामिछानेले बोलाएको सर्वदलीय बैठकमा प्रधानमन्त्री र गृहमन्त्रीको उपस्थिति रहेको भए वा तत्काल गृहमन्त्री घटनास्थलमा पुगेको भए मधेश प्रदेशमा यस्तो खालको अप्रिय घटना हुन पाउँदैनथ्यो । होटल होटलमा छापा मार्न र चोर पक्रन कुकुर लिएर आफै दौड्ने गृहमन्त्री गुरुङ किन समयमा त्यहाँ पुगेनन् भन्ने प्रश्न उठेको छ । यो हिंसात्मक घटना हुनुमा दुईतिहाइ प्राप्त गरेको दम्भ र घटनाप्रति असंवेदनशील सरकार पूर्णरूपमा जिम्मेवार देखिन्छ ।

भदौ २३ गतेको प्रदर्शनमा गोली लागेर युवाहरूको ज्यान गएपछि घटनाको दोषी तत्कालीन गृहमन्त्री रमेश लेखक र प्रधानमन्त्री केपी ओलीको राजीनामा यी नै हालका गृहमन्त्री र प्रधानमन्त्रीले माग गरेका थिए । त्यतिबेला लेखक र ओली दोषी थिए भने अहिलेको सुनसरीबाट सुरु भई पूरै मधेसमा फैलिएको अशान्ति र ज्यान गएको घटनामा सुधन गुरुङ र बालेन्द्र शाह दोषी होइनन् भनेर कसरी भन्ने ? अरूले भए जिम्मा लिनुपर्ने रास्वपाले कुनै जिम्मेवारी लिनु नपर्ने यो कस्तो न्याय हो ?

तराईका सबैजसो जिल्लाहरू भारतसित सिमाना जोडिएका छन् । नेपाल भारतबिच खुला सिमाना भएको कारण दैनिक हजारौँ मानिसहरू नेपालबाट भारत जाने र भारतबाट नेपाल आउने गर्दछन् । यो अत्यन्त संवेदनशील क्षेत्र हो । खुला सीमाको फाइदा उठाएर नेपालमा अपराध गरेर भारतमा लुक्ने र भारतमा अपराध गरेर नेपालको तराईका विभिन्न क्षेत्रमा लुक्ने गरेका घटनाहरू धेरै पाइन्छ । त्यसको नियन्त्रणको लागि नेपाल भारत सीमा नियमित गर्नुपर्ने आवाज लामो समयदेखि उठे पनि अहिलेसम्म हुन सकेको छैन ।

तराईका हरेक घटनाबारे नेपाल सरकारले गम्भीरतापूर्वक लिनुपर्दछ । २०६२।६३ को आन्दोलनपछि तत्कालीन सरकारहरूले बसको टिकट जस्तै हचुवाको भरमा नेपाली नागरिकता वितरण गरेको कारण लाखौँ भारतीय नागरिकहरूले नेपाली नागरिकता लिए । अहिले तराईका लागि ती पछि नेपाली नागरिकता लिएका 'कृत्रिम नेपालीहरू' नै समस्या बनेका छन् । सरकारले ती 'नागरिक' हरूमाथि निगरानी बढाउनु आवश्यक छ ।

भारत नेपालको तराई क्षेत्रलाई आफ्नै देशजस्तै व्यवहार गर्दैछ । तराईका जिल्लाहरूमा बर्सेनि सिमाना मिच्ने कार्य गर्दैछ । अहिलेसम्म ७०।७१ ठाउँमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि मिची सकेको छ । त्यो क्रम अझै रोकिएको छैन तर सरकारले त्यसबारे अन्तर्राष्ट्रिय मञ्चहरू वा अदालतमा आवाज उठाउन सकेको छैन । यसले भारतलाई नेपालको सिमाना मिच्न थप मनोबल प्रदान गरेको देखिन्छ ।

नेपाली भूमि डुबान हुने गरी ठाउँ ठाउँमा भारतको तर्फबाट बाँधहरू बनाइएका छन् । बाँध निर्माण भारतको लागि भारतीय भूमिमा सिंचाइ हुने तर नेपाली भूमि र नेपाली गाउँहरू डुबान हुने गरेका छन् । बाँके जिल्लाको सिमा नजिकै निर्मित लक्ष्मणपुर बाँधको कारण धेरैवटा नेपाली गाउँहरू डुबानमा परे र हजारौँ नेपालीहरू विस्थापित भए । त्यसैगरी रूपन्देही जिल्ला नजिक बनेको रसियावाल खुर्दलोटन बाँधका कारण दर्जनौँ गाउँहरू डुबानमा परे र लुम्बिनी क्षेत्र पनि डुबानमा पर्ने भनी त्यसको चर्को विरोध भयो । त्यसो त डडेलधुरा जिल्लाको पूर्णागिरी बाँध, कन्चनपुरको चाँदनी दोधारा, कपिलवस्तु नजिकको महलीसागर बाँध, बर्दियाको कैलाशपुरी बाँधजस्ता थुप्रै बाँधहरूका कारण नेपालको हजारौँ हेक्टर जमिन डुबानमा पर्दै आएको छ । यसबारे नेपाल सरकारहरूको संवेदनशीलता खोइ ? नेपालको जमिन डुबानमा पर्ने गरी भारतले बनाएका ती बाँधहरू के भत्काउनुपर्ने होइन ? विगतका सरकारका पालामा बनाइएका भनेर वर्तमान सरकार चुप बस्न मिल्दैन किनभने सरकार अविच्छिन्न उत्तराधिकारी संस्था हो ।

नेपालको सिमानामा बनेका बाँधहरूमा नेपालीहरूको प्रवेश, फोटो खिच्न समेत निषेध गरिएको छ । एक पटक वामपन्थी पार्टीका प्रतिनिधिहरू लक्ष्मणपुर बाँध अध्ययन गर्न जाँदा उनीहरूसँगै बाँकेका नेपालगन्ज पोष्टका एक पत्रकार पनि गएका थिए । उनले बाँधको फोटो खिचे । भारतीय प्रहरीले उनलाई पक्रेर पार्टी प्रतिनिधिहरूकै सामु निर्घात कुटपिट गरे । उनको क्यामेरा भारतीय प्रहरीले दिए क्यामेरामा कैद गरिएका सबै फोटोहरू मेट्न लगाइयो । पार्टी प्रतिनिधिहरूको रोहबरमा छुटाइयो । नेपालीहरूलाई भारतीय प्रहरीले गरेको त्यो अभद्र व्यवहार तराई र सिमावर्ती जिल्लामा बस्ने नेपालीहरूले दिनहुँ व्यहोर्नुपर्ने समस्याहरू हुन् ।

नेपालको सार्वभौमिकतामाथि भारतले निरन्तर हस्तक्षेप गर्दै छ । कालापानी, लिपुलेक र लिम्पियाधुरासम्मको जमिन नेपालकै हो । त्यही क्षेत्र भारतले कब्जा गरी मानसरोबर जाने बाटो बनायो । भारतका मन्त्री अमित शाहले उक्त सडक उद्घाटन गरे । नेपालको भूमिमाथि भारतले सडक उद्घाटन गर्दा र नेपाली आकाशमा भारतीय सैनिकले हेलिकप्टर उडाउँदा पनि सरकार मौन बस्यो । यो नेपाल सरकारको देशको सार्वभौमिताप्रति संवेदनहीनता नभए के हो ?

नेपालमा कार्यरत कर्मचारीहरूमध्ये तीसौँ हजारभन्दा बढीले नेपालको र विदेशको दोहोरो तलब खान्छन् भन्ने विषय सार्वजनिक भएको पनि धेरै भइसक्यो । नेपालका मुख्यमुख्य पदाधिकारीहरूले नै विदेशीको डलर र पाउन्डमा आफ्नो स्वाभिमान बेचेर विदेशीको दलाली गर्छन् भने देशको सार्वभौमिकता बलियो हुन सक्दैन । यही गतिमा देश अघि बढ्दै गएमा भोलि नेपालमाथि कुनै देशले आक्रमण वा हस्तक्षेप गरेको अवस्थामा देश बचाउन कोही अघि नबढ्ने अवस्था आउन सक्छ ।

नेपालका विद्यालय कलेजहरूमा देशको सार्वभौमिकता र देशभक्ति भावनाबारे पठनपाठनको व्यवस्था हुनु आवश्यक छ । देशको सिमानामाथि कसैले एक इन्चमात्रै हस्तक्षेप वा अतिक्रमण गरेको खण्डमा त्यसको विरुद्ध लड्ने देशभक्त युवाहरू तयार गर्नुपर्छ । यो सरकार र पदाधिकारीहरूले ध्यान दिनुपर्ने विषय हो । विगतका वर्षहरूमा शिक्षक, प्राध्यापकहरूले विद्यार्थीहरूलाई थोरै भए पनि देशभक्ति भावना सिकाउँथे । विद्यार्थीहरूले केही भए पनि मातृभूमि रक्षाको निम्ति बोल्थे, लेख्थे । अहिले त्यसमा पनि कमी आएको छ ।

कक्षा ११ र १२ पढाउने एकजना शिक्षकले भने-अहिले कक्षा ११ र १२ को विद्यार्थीहरूले देश र समाजको बारे बुझ्दैनन् । उनीहरू अधिकांशमा पुरानाले केही गर्दैनन् भने मानसिकता छ । देशको स्वतन्त्रता र सार्वभौमिकताको कुरा गर्यो भने उनीहरू केही मतलब गर्दैनन् ।

चर्को विरोध हुँदाहुँदै पनि विदेशी स्थायी बसोबास (पी.आर.) पाएका व्यक्तिलाई अहिलेको प्रधानमन्त्रीले महान्यायाधिवक्ता नियुक्त गरे । अदालतमा मुद्दा परेपछि राजीनामा गराइयो । रास्वपाका सभापति स्वयम् अमेरिकी नागरिक भएकै बेला संसदीय निर्वाचन लडेर गृहमन्त्रीसम्म बनेका थिए । पछि सर्वोच्च अदालतले सांसद र गृहमन्त्री पद नै खारेज पछि पुन: नेपाली नागरिकता लिएर निर्वाचन लडेका हुन् । उनीहरूलाई देशको सार्वभौमिकताप्रति केको माया ?

भर्खर तराईमा शान्ति सुव्यवस्था कायम गर्न नेपाली सेनाको प्रयोग गरियो । नेपालीहरूबिचको द्वन्द्व समाधान गर्न के सेना प्रयोग गर्नुपर्ने अवस्थामा पुगेकै हो ? सेना सरकारको अन्तिम हतियार हो । नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट शान्ति सुव्यवस्था कायम गर्न सम्भव नदेखिएपछि मात्र सेना प्रयोग गर्नुपर्ने हुन सक्छ ।

सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत र राष्ट्रपति भवन जल्दा टुलुटुलु हेरेर बस्ने नेपाली सेना अहिले तराईमा भएको द्वन्द्व नियन्त्रणको लागि बन्दुक लिएर फिल्डमा उत्रनु खेदको विषय हो । सेना सीमा रक्षाको निम्ति खट्नुपर्ने हो । नेपाली जनतालाई दमन गर्न, डर र त्रास देखाउन होइन ।

सरकार देशको सार्वभौमिकताबारे अत्यन्त सचेत र संवेदनशील हुनुपर्छ । देशको सार्वभौमिकता एकपटक गुमेपछि फिर्ता हुन असम्भव हुन सक्छ । जस्तोसुकै कठिन र अप्ठेरा अवस्थामा पनि नेपालको सार्वभौमिकतामाथि आँखा गाड्नेहरूमाथि सशक्त जवाफ दिन सरकार पछि पर्नुहुन्न । सार्वभौमिकता रक्षा नै सरकारको पहिलो जिम्मेवारी र कर्तव्य हो ।

---

## सन्दर्भ : भारतको कक्रोच प्रदर्शन

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – ३४

✍ रामरतन चौधरी

सन् २०२० मा मोदी सरकारले भारतमा नयाँ शिक्षा नीति लागू गऱ्यो । यो नीतिले शिक्षालाई व्यापारीकरण गऱ्यो । यसले भारतको शिक्षा ठुलठुला व्यापारीहरूको हातमा पुग्नुका साथै सार्वजनिक शिक्षा कमजोर बन्न पुग्यो । अहिले मध्यम, निम्नमध्यम तथा तल्लो वर्गका मानिस उच्च शिक्षाबाट वञ्चित हुने परिस्थिति बनेको छ । शिक्षित वेरोजगारको सङ्ख्या पनि बढ्दो छ । सन् २०२४ मा सार्वजनिक गरेको अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को प्रतिवेदनअनुसार भारतमा २९.१ प्रतिशत स्नातक उत्तीर्ण युवा बेरोजगार छन् । *(नयाँ पत्रिका, मोदी युगमा असहमतिको आन्दोलन, २०८३ साउन १५)*

### अनसन

शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै कक्रोच जनता पार्टीले २०२६ जुन २० देखि दिल्लीको जन्तरमन्तरमा विरोध प्रदर्शन सुरु गरेको थियो । सो आन्दोलनमा ऐक्यबद्धता जनाउँदै शिक्षाविद् तथा वातावरण अभियन्ता सोनम वाङचुकले जुन २८ मा भोक हडताल सुरु गरे । कम्युनिस्ट पार्टी अफ इन्डिया (मार्क्सवादी-लेनिनवादी) लिबरेसनको विद्यार्थी सङ्गठन 'अल इन्डिया स्टुडेन्ट्स एसोसिएसन' का ६ जना विद्यार्थी (नेहा बोरा, मनीषकुमार, आमिन अमितोष, दानिश अली, ऋषिकेश र दीपक) ले पनि अनसनमा वाङ्चुकलाई साथ दिए । वाङ्चुकको स्वास्थ्य बिग्रँदै गएपछि जबरजस्ती खाना खुवाउन माग गर्दै अदालतमा निवेदन दर्ता भयो । उक्त निवेदनमाथि सुनुवाइ गर्दै दिल्ली उच्च अदालतले उनको स्वास्थ्य अवस्थामाथि नजिकबाट निगरानी गर्न र आवश्यक परे हस्तक्षेप गर्न निर्देशन दियो । त्यसपछि जुलाई १८ मा वाङचुकलाई प्रहरीले जबरजस्ती विरोध स्थलबाट हटाएर सफदरजङ्ग अस्पताल लग्यो । त्यसपछि सुरक्षाको कारण देखाउँदै मेदान्त अस्पतालमा सारियो ।

मोदी सरकारले गत वर्ष वाङ्चुकमाथि लद्दाखमा भएको हिंसात्मक प्रदर्शनका क्रममा उत्तेजक अभिव्यक्ति दिएर मानिसलाई उक्साएको आरोप लगाएको थियो । त्यतिबेला पनि अनसन बसेका वाङ्चुक करिब ६ महिना जेल बसेपछि मार्चमा रिहा भएका थिए । यसपटक उनी २६ दिन अनसन बसे । मोदी सरकारले निट प्रश्नपत्र चुहावट प्रकरणमा आत्महत्या गरेकाहरूलाई क्षतिपूर्ति र आन्दोलनमा पक्राउ परेकाहरूलाई कारबाही नगर्ने आश्वासन दिएपछि २६ औँ दिनमा उनले अनसन तोडे । वाङ्चुकलाई प्रहरीले लगेपछि सिजेपीका संस्थापक अभिजित दिपके अनसनमा बसेका थिए ।

### संसद् मार्च

अभिजित दिपकेले २० जुलाईमा आफ्नो अनिश्चितकालीन भोक हड्ताल समाप्त गरे । वाङ्चुकलाई दिल्ली प्रहरीले जबरजस्ती उठाएर अस्पताल लगेपछि सिजेपीले संसद् भवनसम्मको मार्च आह्वान गऱ्यो । वाङ्चुकले पनि सफदरजङ्ग अस्पतालबाटै 'चलो संसद् मार्च' मा सहभागी हुन आह्वान गरे । कक्रोच जनता पार्टीले प्रदर्शनको निम्ति सामाजिक सञ्जालमार्फत डिजिटल अभियान नै सञ्चालन गऱ्यो । पश्चिमा सञ्चार माध्यमहरू द गार्जीयन, बीबीसी, सीएनएन, टाइम म्यागेजीनलगायतले कक्रोच आन्दोलनको समाचार राम्रै कभर गरे । जसको परिणाम भारतका विभिन्न जिल्लाबाट दिल्लीको जन्तरमन्तरमा प्रदर्शनकारीको बाढी नै पस्यो । मोदीले सामाजिक सञ्जालमार्फत नै आफ्नो राजनीति सुधारेका थिए । कक्रोच प्रदर्शनकारीहरूले पनि त्यही प्लेटफर्म प्रयोग गरेर उनको प्रशासनलाई चुनौती दिए ।

संसद् मार्चलाई असफल पार्न दिल्ली प्रहरीले जन्तरमन्तर जाने सबै सडकमा ब्यारिकेड राखेको थियो । भिड रोक्नका लागि ठाउँ-ठाउँमा भारतीय नागरिक सुरक्षा संहिताको धारा १६३ लागु गरिएको सूचनाका ब्यानर टाँगिएका थिए । जन्तरमन्तर आसपासका क्षेत्रमा इन्टरनेट सेवा रोक्ने काम पनि गऱ्यो । दिल्ली प्रहरी, ऱ्यापिड एक्सन फोर्स (आरएएफ) र केन्द्रीय रिजर्भ प्रहरी बल (सीआरपीएफ) का करिब ५ हजार सुरक्षाकर्मी सडकमा तैनाथ गरिएको थियो । साथै दिल्लीका केही मेट्रो स्टेसनहरू पनि बन्द गरिएका थिए । आन्दोलन रोक्न मोदी सरकारले ढुङ्गा भरिएका ट्रक, लाठी बोकेका सादा पोसाकका गुन्डाको फौज पनि परिचालन गऱ्यो । तर, पनि सो संसद् मार्चमा विद्यार्थी, अभिभावक, नागरिक समाजका प्रतिनिधि र सर्वसाधारण हजारौँको सङ्ख्यामा सहभागी भए । केही प्रदर्शनकारीको हातमा भारतको संविधान, केहीको हातमा महात्मा गान्धी त केहीको हातमा भीमराव अम्बेडकरको तस्बिर थियो । संसद् भवनको परिसर रणमैदानमा परिणत भयो । भारतको सुरक्षा संयन्त्रले नेपालमा जस्तै सरकारलाई साथ नदिएको भए भारतीय संसद्को हालत पनि नेपालको जस्तै हुने थियो । प्रदर्शनमा ६० प्रदर्शनकारी र ११८ सुरक्षाकर्मी मात्रै घाइते भए नेपालमा जस्तो मृत्यु हुन पाएन ।

### आन्दोलन अझै जारी छ !

शिक्षामन्त्री धर्मेन्द्र प्रधानले २५ जुलाईमा राजीनामा दिए । मोदी सरकारले आत्महत्या गरेका विद्यार्थी परिवारलाई क्षतिपूर्ति र प्रदर्शनकारीहरूको मुद्दा फिर्ता लिने भएपछि सिजेपीले यसलाई आन्दोलनको ठुलो विजय मानेर २५ जुलाईमा ३६ दिनको प्रदर्शन समाप्त गऱ्यो । तर, जन्तरमन्तरमा अझै पनि प्रदर्शन जारी छ । भारतीय विद्यार्थी सङ्गठन (All India Students Association) ले पक्राउ परेका सबै विद्यार्थीलाई छोड्नुपर्ने र झुटा फर्जी मुद्दा खारेज गर्नुपर्ने माग राख्दै आन्दोलनको मोर्चा सम्हालिरहेको छ । कक्रोच जनता पार्टीका प्रवक्ता सौरभ दासले पनि थुनामा परेका विद्यार्थीलाई नछाडे झन् ठुलो आन्दोलन गर्ने चेतावनी दिँदै छन् ।

भारतमा सन् २०१४ यता करिब १५२ वटा प्रश्नपत्र लिक भइसकेका छन् । सन् १९९६ ताका स्वयम् धर्मेन्द्र प्रधान अखिल भारतीय विद्यार्थी परिषद्का राष्ट्रिय सचिव भएको बेला ओडिशामा कक्षा १२ को बोर्ड परीक्षाको प्रश्नपत्र चुहावट भएको थियो । त्यसबेला २७ वर्षीय प्रधानको नेतृत्वमा करिब २,००० भन्दा बढी विद्यार्थी प्रश्नपत्र लिकविरुद्ध सडकमा उत्रिएका थिए । उक्त प्रदर्शनमा प्रधान स्वयम् गम्भीर घाइते भएर लामो समय अस्पतालमा बसेका थिए । उनी सन् २०२४ को लोकसभा निर्वाचनमा सम्बलपुरबाट विजयी भएर मोदी सरकारको शिक्षामन्त्री बने । अन्तत: उनलाई त्यही पेपर लिक काण्डले बढाऱ्यो । पेपर लिक घटनापछि २० जना विद्यार्थीले आत्महत्या गरे । तर, पेपर लिकको क्रम रोकिएन ।

भारतमा फासीवादी चरित्र बोकेको पुँजीवादी व्यवस्था रहेसम्म जनताका समस्या समाधान हुने छैन । कक्रोच जनता पार्टीले गरेको आन्दोलनको उद्देश्य व्यवस्था परिवर्तन गरेर कामदार वर्गको शासन स्थापित गर्ने होइन । भारतीय जनताको शिक्षा, स्वास्थ्य नि:शुल्कको माग पनि होइन । यो आन्दोलनको उद्देश्य मोदी सरकारलाई झुकाउने मात्र रह्यो । यो आन्दोलन नेपाल, बङ्गलादेशलगायतका देशमा भएका 'रङ्गीन क्रान्ति' 'छद्म युद्ध' को सिलसिला मात्र हो । भारतका कामदार जनताले शोषित पीडित भारतीय जनताको मुक्तिको निम्ति आन्दोलनको आँधीबेहरी ल्याउन अझै बाँकी छ ।

*२०८२ साउन १७*

# विजयको ७३ औँ वार्षिकोत्सव तथा पितृभूमि मुक्ति युद्धमा लडेका सैनिकहरूको सम्मानमा परेड




प्योङयाङ, १३ साउन (केसीएनए) । प्रजातान्त्रिक जनगणतन्त्र कोरियामा गणतन्त्रका प्रथम रक्षकहरूले पृथ्वीका जनताको महाशक्तिको रूपमा उभ्याउने वीर कोरियाको अमर सम्मान र गौरवको महिमा गर्न ठुलो महत्त्वका नयाँ विजय हासिल गरेको उच्च गौरवका साथ युद्धविजयको महान् पर्वको शुभकामना दिनको लागि सिङ्गो देश हर्ष र उत्साहले भरिएको छ ।

पितृभूमि युद्ध विजयको ७३ औँ वार्षिकोत्सवको अवसरमा मुक्ति युद्धमा लडेका युनिटहरूको प्रतीकात्मक स्तम्भहरूको सम्मानमा औपचारिक परेड जुलाई २७ को साँझ प्रजग कोरियाको राजधानी सहर प्योङ्याङमा आयोजना गरियो, जसमा कोरियाली क्रान्तिको रगतको रूपमा दृढतापूर्वक अगाडि बढेको विजयको परम्परालाई देखाउने ऐतिहासिक दृश्य शताब्दीपछि प्रदर्शित भयो ।

प्योङयाङ इन्डोर स्टेडियम अगाडिको प्लाजा र यसको वरपर दुई वर्ष पुरानो राज्य, एउटा नवजात देशले एउटा झोलामा राखेर जितेको अभूतपूर्व विजय र साम्राज्यवादी सहयोगी शक्तिहरूविरुद्ध दुई वर्ष पुरानो सेनाले जितेको ठुलो गर्वका साथ भेला भएका नागरिकहरूको घुइँचो थियो ।

क्रान्तिकारी सेनाको जीवन्त गीतको धुनमा, युद्धको समयमा सिपाहीँहरू लगाएको जस्तै सैन्य पोशाकमा परेडरहरूका स्तम्भहरू र हातमा हात-हात लडाइँका निशानहरू स्पष्ट रूपमा देखाउने राइफल युनिटहरू प्लाजामा प्रवेश गरे ।

परेडअघि, संयुक्त सैन्य ब्यान्डले जुझे कोरियाको वीर पाठ्यक्रम चित्रण गऱ्यो जसले रङ्गीन संरचना परिवर्तन र हल्का लयबद्ध आन्दोलनहरूमार्फत जुलाई २७ को महिमामा दृढतापूर्वक रक्षा र चमक थपेको थियो ।

कोरियाली मजदुर पार्टीका महासचिव र प्रजातान्त्रिक जन गणतन्त्र कोरियाको राज्य मामिलाका अध्यक्ष किम जोङ उन मञ्चमा देखा पर्दा सहभागीहरूले ‘हुर्राह’ को तुफानी जयजयकार गरे र राजधानीमा आकाशमा भव्य आतिशबाजी प्रदर्शन गरिएको थियो ।

नेता किम जोङ उनले उत्साहजनक हर्षोल्लास गर्ने सहभागीहरूलाई न्यानो अभिवादन फर्काउनुभयो ।

पार्टी, सरकार र सशस्त्र सेनाका अङ्गहरूका प्रमुख अधिकारीहरू र कोरियाली जन सेनाका ठुला संयुक्त एकाइका कमान्डरहरू युद्धका दिग्गजहरूसँगै मञ्चमा बसेका थिए ।

आमन्त्रित अतिथिहरूमा प्रजग कोरियाका निम्ति जनवादी गणतन्त्र चीन र रसियाली महासङ्घलगायत विभिन्न देशका राजदूतहरू र कूटनीतिज्ञहरू रहनुभएको थियो ।

सभाघरमा युद्धका दिग्गजहरू, युद्धकालका योग्यता भएका व्यक्तिहरू, पार्टी केन्द्रीय समितिका पदाधिकारीहरू, मन्त्रालय र राष्ट्रिय संस्थाका उच्च अधिकारीहरू, कोरियाली जन सेनाका सेवा कर्मचारीहरू, विजयी युद्धसँग सम्बन्धित क्रान्तिकारी अवशेषहरूको व्यवस्थापनमा संलग्न अधिकारी र व्याख्याताहरू, युद्ध वीरहरूका वंशजहरू र क्रान्तिकारी विद्यालयका विद्यार्थीहरू र अन्य विद्यार्थीसहित प्योङ्याङका नागरिकहरूको उपस्थिति थियो ।

# ह्युगो चाभेजको ७२ औँ जन्म दिवसमा कैलालीमा प्रशिक्षण




कैलाली । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कैलालीको आयोजनामा ह्युगो चाभेजको ७२ औँ जन्म दिवसको अवसरमा साउन १२ गते लम्कीचुहामा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले चुनावबाट समाजवाद स्थापना नहुने बताउँदै जनता राजनीतिक रूपले सचेत नभई समाजवाद स्थापना भए पनि समाजवादी व्यवस्था नटिक्ने बताउनुभयो ।

उहाँले समाजवाद स्थापनाको लागि बहुसङ्ख्यक कामदार जनता राजनीतिक रूपले सचेत र सङ्गठित भएर समाजवादी व्यवस्थाको निमित्त क्रान्ति गरेपछि मात्र समाजवादी व्यवस्था स्थापना हुन्छ भन्नुभयो । नेमकिपाका कार्यकर्ताले पहिले आफू राजनीतिक रूपले सक्षम हुने र पछि गाउँगाउँमा गएर जनतालाई राजनीतिक रूपले सचेत सङ्गठित पार्ने काम गर्नुपर्ने बताउनुभयो ।

नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले चाभेज एक सामान्य परिवारमा हुर्केको र उहाँ १७ वर्षको उमेरमा सेनामा भर्ती भएको बताउनुभयो । चाभेजले फेब्रुअरी ४, १९९२ मा राष्ट्रपति कार्लोस आन्द्रेस पेरेजको सरकारविरुद्ध सैनिक विद्रोह गर्नुभयो र विद्रोह असफल भयको कारण उहाँ जेल पर्नुभयो । पछि १९९४ मा राष्ट्रपति काल्डेराले उनलाई आममाफी दिएपछि चाभेज जेलबाट छुटे । उहाँ जेलबाट छुटेपछि सैनिक पोशाक त्यागेर उहाँले राजनीतिक लडाइँ सुरु गर्नुभयो । उहाँले पाँचौं गणतन्त्र आन्दोलन नामक दल स्थापना गर्नुभयो र १९९८ मा राष्ट्रपतीय चुनावमा भाग लिनुभयो ।

उहाँको अभियानले भ्रष्टाचार, गरिबी, र अमेरिकी हस्तक्षेपको विरोध गर्दै बोलिभारियन क्रान्तिको कुरा उठायो । उहाँले जनताको ठुलो समर्थन पाउँदै राष्ट्रपति चुनावमा जित हासिल गर्नुभएको कुरा बताउनुभयो । उहाँले कार्यकर्ताहरूको बलियो हतियार भनेको पार्टी प्रकाशनहरू भएको बताउदै सम्पूर्ण कार्यकर्ताहरूलाई पार्टी प्रकाशन अध्ययन गर्न जोड दिनुभयो ।

कार्यक्रममा नेक्राशिसङ्घ कैलाली अध्यक्ष जीएसले अहिलेको सरकार पपुलिजम सरकार भएको र यो सरकारले नवउदारवादी नीति अवलम्बन गरेको बहुसङ्ख्यक कामदार जनताको हितविपरीत काम गरिरहेको र गर्ने कुरा बताउनुभयो ।

उहाँले कम्युनिस्ट घोषणापत्रको बारेमा प्रस्ट पार्दै हरेक समाजमा वर्गसङ्घर्ष हुने बताउनुभयो ।

कार्यक्रममा नेक्रामहिलासङ्घ केन्द्रीय सहसचिव तथा कैलाली अध्यक्ष लक्ष्मी पुन, नेक्रायुसङ्घ कैलाली अध्यक्ष प्रेम सिजापती र नेक्राविसङ्घ कैलाली अध्यक्ष एचवीले पनि बोल्नुभएको थियो ।

# हरेक युवामा देश सेवाको भावना हुन आवश्यक




भक्तपुर । वागीश्वरी कलेज अफ म्यानेजमेन्टमा बीबीए प्रथम सेमेस्टरमा भर्ना भएका नवागन्तुक विद्यार्थीहरूको निम्ति साउन १२ गते अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले विद्यार्थीको उच्च योग्यता र क्षमतामा कलेजको गुणस्तर भरपर्ने हुँदा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि व्यवस्थापन समितिको तर्फबाट कुनै कमी हुन नदिने वचन दिनुभयो ।

युवा विद्यार्थीहरू देशभक्त नभईकन देशमा सकारात्मक परिवर्तन नहुने चर्चा गर्दै प्रमुख प्रजापतिले हरेक युवाहरूमा देशको सेवा गर्ने भावना हुनु अत्यावश्यक छ भन्नुभयो ।

स्वाभिमानी भावना भएका व्यक्तिसित जस्तोसुकै ठुलठुला चुनौती पनि सामना गर्ने क्षमता हुन्छ भन्ने कुरा क्युवाका पूर्वराष्ट्रपति फिडेल क्यास्ट्रोबाट पुष्टि हुन्छ भन्दै उहाँले त्यसको लागि इमानदारी र समर्पणको भावना हुनुपर्नेमा जोड दिनुभयो ।

देशमा हाल युवा प्रधानमन्त्री भए पनि शिक्षा र स्वास्थ्यजस्ता आधारभूत विषयमा समेत कर लगाएको चर्चा गर्दै उहाँले जनताबाट व्यापक विरोध भएपछि उक्त कर फिर्ता लिन बाध्य भएको बताउनुभयो । उहाँले भन्नुभयो, “कर खारेजको घोषणा भए पनि कानुनी प्रक्रिया पूरा नहुँदा सम्बद्ध निकायले अझै कर लिन छोडेको छैन ।”

निर्वाचनको बेला जनतासामु कबुल गरेका कतिपय विषय सरकारमा गएर पनि केही नगरेकोमा जनतामाझ सरकारविरुद्ध आक्रोश बढ्दै गएको उल्लेख गर्दै प्रमुख प्रजापतिले राजनीतिमा कथनी र करणी फरक हुन नहुनेमा जोड दिनुभयो । “राजनीतिक नैतिकता र सदाचार सिकाउने थलो पनि हुनुपर्छ । तर, अहिले शासकहरूमा नैतिकताको संस्कार हराएको अवस्था छ,” उहाँले भन्नुभयो ।

सरकारले हालै गरेको शिक्षा नियमावलीको संशोधनले विद्यार्थीहरूलाई अराजक र अनुशासनविहीन बनाउने खतरा भएको चर्चा गर्दै उहाँले विद्यार्थीलाई छाडा राख्ने नियमावलीप्रति आपत्ति जनाउनुभयो ।

नेपाल बैङ्क लिमिटेड भक्तपुर शाखाका प्रमुख सुनील थुसाले भक्तपुरमा चलाइएको शैक्षिक जागरण अभियान सार्थक भएकै कारण भक्तपुरमा बीबीएजस्ता विषय पनि पढ्न पाएको उल्लेख गर्नुभयो । “कक्षामा पढेका हरेक सैद्धान्तिक विषय पछि व्यवहारमा लागु गर्नुपर्ने हुन्छ । कलेजमा गराइने प्रयोगात्मक कक्षालाई विशेष ध्यान दिनुपर्छ । नजानेको र नबुझेको विषय शिक्षकसँग प्रश्न गर्न पटक्कै हिच्किचाउनु हुँदैन ।”, उहाँले भन्नुभयो ।

यो बरालिन सक्ने उमेर भएकाले सचेतता आवश्यक छ भन्दै उहाँले पढुञ्जेल जागिरतिर ध्यान नदिँदा राम्रो हुने सुझाव पनि दिनुभयो ।

कलेजका प्राचार्य कृष्णप्रसाद धन्छाको सभापतित्वमा भएको उक्त कार्यक्रममा कलेज व्यवस्थापन समितिका सदस्य ज्ञानसागर प्रजापति र इन्चार्ज नारायणकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# कैलालीमा किसान सङ्घ स्थापना दिवस

कैलाली, १४ साउन । नेपाल क्रान्तिकारी किसान सङ्घ कैलालीको आयोजनामा सङ्घको स्थापना दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपाले समाजवादी व्यवस्था स्थापनाको लागि वर्गीय राजनीति गरिरहेको छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले नेपाल कृषिप्रधान देश भएर पनि खेत बाँझो राखेर खर्बौंको कृषिजन्य वस्तु आयात गर्नुपर्ने स्थिति आउनुमा आजसम्म सरकारमा जाने पार्टीहरू दोषी रहेको बताउनुभयो ।

कार्यक्रममा आयोजक समितिका केन्द्रीय सहसचिव एवं कैलाली अध्यक्ष लक्ष्मी पुन, जेविय, धर्मदत्त अधिकारी, भीमबहादुर बडुवाललगायतले बोल्नुभएको थियो ।

# नगरकोटमा भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण

भक्तपुर । नेपाल मजदुर किसान पार्टी चाँगुनारायण न.पा ६, नगरकोटको आयोजनामा २०२५ साल साउन २ र २०२६ असार १९ गतेको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा साउन १४ गते प्रवचन तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपा, चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले २०२५ साल साउन २ र २०२६ साल असार १९ को ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको चर्चा गर्दै त्यसबेला अग्रज किसान कार्यकर्ताहरू सचेत र सङ्गठित नभएका भए जनताको बचत रकम हिनामिना गरी भ्रष्टाचार गर्ने नवदुर्गा बहुमुखी सहकारी संस्थाका भ्रष्ट पदाधिकारीहरूलाई जनकारबाही गर्न सकिँदैनथ्यो भन्नुभयो ।

उहाँले किसानहरूको हितमा मोहियानी हक दिलाएको, बाली काट्ने आन्दोलन गरेको, भर्पाई आन्दोलनजस्ता महत्त्वपूर्ण आन्दोलनहरू गरेको बारे स्पष्ट पार्नुभयो ।

उहाँले झण्डै दुईतिहाइ बहुमतबाट बनेको रास्वपा सरकारले देश र जनताको हितमा काम गर्न नसकेको र उल्टै देश र जनताको अहितमा कार्य गरेको बताउनुभयो । उक्त कार्यक्रममा नेमकिपा, चानपा - ५ का सचिव सरोज तामाङ र एल. एन. लिगलले पनि भ्रष्टाचार र समसामयिक विषयमा बोल्नुभएको थियो ।

# अध्यक्ष माओले राख्नुभएको थियो बलियो चिनियाँ अर्थतन्त्रको जग

✍ समा

मुद्रास्फिति के हो ? सन् १९४९ पछिको चीनले मुद्रास्फितिविरुद्धको लडाइँ कसरी जित्यो ? आजको विश्व अर्थतन्त्र मुद्रास्फितिको सिकार भइरहँदा चीन त्यो जटिल समस्याबाट निकै टाढा छ, किन ? अनि कसरी ? यी प्रश्नहरूको जवाफ र जानकारी पुस्तक “Why China has no Inflation” मा भेटिन्छ । यो पुस्तक आजभन्दा ४६ वर्षअघि प्रकाशित भएको हो । यद्यपि, यस पुस्तकले पुँजीवादी अर्थव्यवस्था र समाजवादी अर्थव्यवस्थामा वित्तीय र मौद्रिक नीतिको भिन्नता बुझ्न सघाउँछ । त्यति मात्र होइन चिनियाँ क्रान्ति या मुक्ति अघि र पछिको चिनियाँ अर्थतन्त्र र मुद्रास्फितिको तुलनात्मक अवस्था बुझ्न पुस्तक निकै पठनीय छ । नेपाल जस्तो सानो र मुद्रास्फितिले अति गाँजेको अर्थतन्त्रको विकास या समाधानको बाटो खोज्न चीनमा आर्थिक विकासको इतिहासले पक्कै सघाउला । आजको चीनको उचाइ भेट्न नसके पनि चीनको इतिहासतिर फर्केर ऊर्जा या मार्गदर्शन प्राप्त गर्न सकिन्छ । मुक्ति या क्रान्ति अघिको चीनको आर्थिक अवस्था र नेपालको अहिलेको अवस्था तुलना गर्दा उस्तै अनुभव हुन्छ । यसर्थ नेपालको अर्थतन्त्रको तुलनात्मक अध्ययनका लागि पनि उक्त पुस्तक सहयोगी हुनेछ ।

पुस्तकले मुद्रास्फिति पुँजीवादी बजार अर्थतन्त्रको महारोग हो भन्ने तथ्यसङ्गत पुष्टि गर्दछ । एउटा समाजवादी अर्थतन्त्रमा मुद्रास्फितिविरुद्ध गरिने हरसम्भव प्रयासहरू अर्थात् आर्थिक राजनीतिक प्रयत्नहरूको झलक पुस्तकले दिन्छ । वास्तवमा मुद्रास्फिति भन्नाले लामो समयावधिसम्म वस्तु र सेवाको लगातार मूल्यवृद्धि हुने अवस्थालाई बुझाउँछ । त्यति मात्र होइन यसले जनताको क्रयशक्ति कमजोर बनाउँछ । अर्थतन्त्रमा सङ्कुचन ल्याउँछ । मुद्रास्फितिले विनिमयको माध्यमको वास्तविक मूल्यमा ह्रास ल्याउँछ । अर्थात् कुनै पनि मुद्राको मूल्य घटाउँछ । मोटो रकमले न्यूनतम सामग्री पनि किन्न नसकिने अवस्था नै मुद्रास्फितिको अवस्था हो । यसर्थ मूल्यवृद्धि र मुद्रास्फिति एउटै होइन । मूल्यवृद्धि छोटो समयका लागि वस्तुको मूल्यमा हुने वृद्धि हो भने मुद्रास्फिति मुद्राको मूल्यमा आउने क्रमिक ह्रास हो । यसले मानिसको जीवन कष्टपूर्ण बनाउँछ । बेरोजगारी र लुटपाटको अवस्था खडा गर्छ ।

अहिले विश्व अर्थतन्त्र मुद्रास्फितिको महारोगबाट पीडित छ । पुँजीवादी अर्थतन्त्र अर्थात् पश्चिम आफ्नै अर्थनीति र युद्धहरूको कारण असुरक्षित छ । विश्वमा आफ्नो साम्राज्य बनाएको डलरको मूल्य घट्दै छ । संसार ‘डिडलराइजेसन’ तर्फ जाँदै छ । अर्थात् डलरको प्रभुत्व अन्त्य हुँदै छ । यसो हुनुको पछाडि पश्चिमी अर्थतन्त्रमा मुद्रास्फितिको प्रभाव एक हो । चीन भने विगत ८/९ दशकदेखि निरन्तर मुद्रास्फितिको समस्याबाट मुक्त छ । आजको विश्वमा चिनियाँ मुद्रा आरएमबी (RMB) को मूल्य बढ्दै छ । चीन आफैं आरएमबीको मूल्य बढाउने र तोक्ने होडमा कहिल्यै लागेन । अर्थतन्त्रलाई स्वतन्त्र र आत्मनिर्भर बनाउन र जनताको क्रयशक्ति बढाई सहज र सुखी जीवनयापनमा जोड नै चीनको ध्येय थियो । चीनमा समाजवादी अर्थतन्त्रको आधार र नयाँ चीनको प्रारम्भिक वित्तीय र मौद्रिक प्रणालीबारे बुझ्न यो पुस्तक जो कोहीका लागि सन्दर्भ सामग्री हुन सक्दछ ।

यस पुस्तक खोज तथा अनुसन्धानमा आधारित छ । कारखाना र खेत खलिहानका मजदुर र किसानको आय व्ययको अध्ययन अर्थात् सन् १९६५ देखि १९७५ (१० वर्ष) को अध्ययन गर्दा वस्तु र सेवाको मूल्यमा कुनै परिवर्तन नभएको तथ्य उजागर गरिएको छ । जनतालाई अत्यावश्यक पर्ने चामल, गहुँ, दाल, औषधी तरकारीहरूमा पटक्कै मूल्यवृद्धि नभएको रेखाचित्रले साँचै नै चमत्कारको अनुभव गराउँछ । त्यति मात्र होइन सस्तो भाडा र किसानमाथि न्यूनतम करको नीति गज्जबको थियो । सरकारले व्यवसायका लागि बैङ्कबाटै कम ब्याजमा ऋण दिन थालेपछि जमिन्दार र ठालूहरूले किसान ठग्ने कुरै भएन । जनताले बचतमा जोड दिन थाले । जीवनयापनको लागत या मूल्य निकै कम भएपछि बचत बढ्न थाल्यो । डलरसँग युआनको विनिमय पुन: सुरु भयो । युआन अर्थात् आरएमबीको गौरब एउटा शताब्दीपछि पुन: फर्कियो । यसको मुख्य कारण चीनको घरेलु बजार र मुद्रास्फिति अन्त्य नै थियो । यो चिनियाँ क्रान्ति या मुक्तिपछिको विकासक्रम थियो । उपनिवेश, साम्राज्यवाद र सामन्तवादका युद्धहरूले थिलथिलो पारेको चीनको अर्थतन्त्रलाई उठाउन र गति दिन त्यति सजिलो थिएन भन्ने एक झल्को यस पुस्तकले पनि दिन्छ । आफ्नो गुमेको गौरव फर्काउन चीनले गरेका क्रान्तिपछिका क्रान्तिहरूमध्ये विश्व बजारमा आफ्नो मुद्राको मूल्य स्थापित गर्नु पनि उल्लेखनीय उपलब्धि थियो । केही दशकमा चीन सफल भएको दृश्य पुस्तकले प्रस्तुत गर्दछ ।


“मुक्तिअघि अर्थात् बितेको मध्यअवधिमा चीनको मुद्रास्फितिको स्थितिको स्मरण पनि दर्दनाक छ”- पुस्तकका लेखक Pengkuang -hsi यस्तो लेख्छन् । तत्कालीन कोमिन्ताङ सरकार राजनीतिक रूपले कुहिएको र आर्थिक रूपले टाटपल्टेको अवस्थामा थियो । कोमिन्ताङ्ले त्यतिबेला जनताविरुद्धको आपराधिक युद्धहरूले निम्त्याएको वित्तीय मन्दी र घाटा छोप्न असीमित मुद्रा निष्काशन गर्‍यो । जुन कालान्तरमा अविवेकी पुष्टि भयो । कोमिन्ताङ सरकारले नयाँ कानुनी टेन्डर मुद्रा, भन्सार सुनको एकाइ, सुन र चाँदीको प्रमाणपत्र बनाई मुद्राको प्रचूरतामा ध्यान दियो । जसले वस्तुको मूल्य दिन दुगुना रात चौगुना पुर्‍यायो ।

चीनमा मुद्रास्फितिको त्यो अवस्था विश्व इतिहासमै सबैभन्दा खराब थियो । मूल्यवृद्धि दिनप्रतिदिन आकासिँदो थियो । एक गेडा चामलको मूल्य सय युआन, एक इन्च कपडाको मूल्य १५० हजार युआन, खाना पकाउने कोइलाको मूल्य रकेटको वेगमा वृद्धि भइरहेको थियो । चिनियाँ जीवन कष्टकर मात्र होइन नारकीय बन्दै थियो ।

पुस्तकको तथ्याङ्कअनुसार सन् १९३७ देखि सन् १९४९ सम्म जापानी आक्रमणको १२ वर्षमा मात्र कोमिन्ताङ सरकारले १ खर्ब ४० अर्ब गुणा बढी बैङ्क नोटहरू जारी गर्‍यो । त्यो अवधिको अन्त्यसम्ममा सन् १९३७ मा एक युआनबाट प्राप्त हुने सामानको मूल्य ८५ खर्ब पर्न गयो । विश्व इतिहासमा यस्तो कहिल्यै भएको थिएन । गाउँहरूमा चामल, कपडाको लागि आफ्नो घर जग्गा बन्धकी राख्न थालियो । अत्यावश्यक खानेकुरा जुटाउनको लागि आफ्नो जमिन गुमाउनुपर्ने निर्मम मुद्रास्फिति थियो, त्यो । त्यति मात्र होइन सरकारले जमिन र घर नभएका गरिब जनतालाई ऋण लिन बाध्य पार्‍यो । त्यसले एकातिर चिनियाँ जनताको जीवन अझ दयनीय बनायो भने अर्कोतिर चिनियाँ मुद्राको मूल्य घट्यो । विश्व बजारमा चिनियाँ मुद्राको अस्तित्व समाप्त पार्‍यो ।

प्रतिक्रियावादी कोमिन्ताङ सरकारले चिनियाँ जनताको सम्पत्ति हडपेर १ खर्ब ५० अर्ब बराबरको चाँदीको डलर १२ वर्षमा मात्रै किन्यो । मुद्रास्फितिले मुठ्ठिभरका व्यापारी पुँजीपतिलाई फाइदा गर्‍यो । तिनले सुन र चाँदी थुपार्न थाले । मुद्रास्फिति मूल्यवृद्धिसँगै कामदार मजदुरको ज्याला नबढ्ने र काम गुमाउनुपर्ने अवस्था पनि हो । यसरी तत्कालीन परिस्थितिमा चिनियाँ जनताको दयनीय अवस्था पुस्तकमा उजागर गरिएको छ ।

जनगणतन्त्र चीनको स्थापना र अध्यक्ष माओ नेतृत्वको चिनियाँ क्रान्तिको सफलता चिनियाँ सपना




थियो । क्रान्तिले मात्र प्रतिक्रियावादी कोमिन्ताङ सरकार र जापानी उपनिवेशको दबदबा अन्त्य हुनेमा चिनियाँ जनता विश्वस्त थिए । नभन्दै क्रान्तिपछि नयाँ चीनको नयाँ सरकार अर्थात् चिनियाँ कम्युनिस्ट पार्टी नेतृत्वको सरकारले आर्थिक समस्या समाधानमा विशेष जोड दियो । सबैको एउटै आवाज थियो -“मुद्रास्फिति अन्त्य गर्नुपर्छ ।” तर साम्राज्यवादी र प्रतिक्रियावादीहरू ढुक्कसँग भन्दै थिए मुद्रास्फिति समाधान हुन सक्दैन ।” चीनमा सर्वहारावर्गको अधिनायकत्व स्थापनाका लागि अभियानहरू थालिए । विद्यमान समस्या र अवरोधहरू पन्छाउने आन्दोलन थालिए । साङ्घाई मुक्तिपछि पनि दलालहरूले सडक-सडकमा “चाँदीका लागि सुन”, “हरियो नोटका लागि चाँदी” भन्दै व्यापार गर्न छाडेका थिएनन् । चिनियाँ कम्युनिस्ट पार्टीको सरकारका लागि पहिलो चुनौती त्यही थियो । सुन र चाँदीका सिक्काहरू र विदेशी मुद्राको बेचबिखन र सञ्चालनमा रोक लगाइयो । आरएमबी र युआन मात्रै चिनियाँ बजार विनिमयको माध्यम हुन सक्दछ भन्ने ऐलान गरियो । लामो समयका लागि अखबारहरूको हेडलाइन थियो -“चाँदीका डलरका डिलरहरू समाप्त पारौँ ।” “चिनियाँ मुद्राका सट्टाबाजीहरू लखेटौँ ।” जनता सडकमा ‘सपोर्ट आरएमबी’ को प्लेकार्ड लिएर परेड गरिरहेका फोटाहरू छापिन थाले । तर, फेरि पनि स्टक विनिमय बजारका मालिकहरू विदेशी मुद्रा र सुनचाँदीका डलरहरू विस्थापित गर्न तयार भएनन् । साङ्घाईमा मात्र ३०० ब्रोकरहरू त्यहाँका नोकरशाही पुँजीपतिहरूको मुठ्ठीमा थिए । सयौँ जुवाडे तिनले पालेका थिए । साङ्घाई सरकारले तुरुन्तै सम्पूर्ण मुद्राको सट्टाबाजी गर्ने संस्था या फर्महरू बन्द गर्न आदेश दियो । सबैभन्दा महत्त्वपूर्ण कुरा मुद्रास्फितिविरुद्ध सामान अर्थात् अन्न, कपडा, कोइला, नुनलगायत उद्योगका लागि कच्चापदार्थहरूको बन्दोवस्तलाई जोड दिइयो । राज्यकेन्द्रित व्यापार व्यवसायलाई खुला गरियो । सयौँ रिटेलरहरूलाई हटाई फिक्स मूल्यमा उपभोक्तासम्म सामग्री पूर्ति गर्ने जिम्मा सरकारले लियो ।

अर्को महत्त्वपूर्ण पाइला भनेको समान र स्वतन्त्र मौद्रिक प्रणाली स्थापित गर्नु हो । संरा अमेरिकी डलर, ब्रिटिस पाउण्डको साम्राज्य चलिरहेको बेला आरएमबीलाई स्थापित गर्ने प्रयास चीनका लागि सजिलो थिएन । चीनभित्रै साम्राज्यवादी बैङ्कहरूको शासन थियो । विदेशी मुद्रा र विदेशी बैङ्कहरूविरुद्ध चिनियाँ बैङ्क स्थापना क्रान्तिकारी कदम थियो । युआन अर्थात् आरएमबीलाई राष्ट्रिय मुद्राको रूपमा स्थापित गरी विदेशी मुद्रासँग विनिमयको माध्यम बनाइयो र विनिमय दरसमेत निर्धारण गरियो । विनिमय क्रियाकलापलाई चिनियाँ राष्ट्रिय अर्थात् केन्द्रीय बैङ्कमा केन्द्रित गरियो । यसले चीनलाई पूर्णत: साम्राज्यवादी नियन्त्रणबाट मुक्त गर्‍यो । चीनले तत्कालका लागि अर्थतन्त्रलाई बन्द किसिमको गर्नु पछिको कारण यही हुनुपर्छ भन्ने अनुभव पाठकलाई भयो । मुक्तिपछिको चीनमा केही पनि थिएन सबै शून्यबाट सुरु गर्नुपर्ने भएको हुँदा प्रथम प्राथमिकता सार्वभौमिकताको रक्षा नै थियो । विश्व आर्थिक सङ्कटबाट टाढा रहन आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्नु नै तत्कालीन चीनको प्राथमिकता थियो । आफू उभिन नसकेसम्म बाहिरी विश्वसँगको प्रतिस्पर्धा सम्भव नहुने सत्य नेपालजस्तो देशले पनि सिक्नुपर्ने हो । चीन पूर्णत: आत्मनिर्भर समाजवादी अर्थतन्त्र निर्माणमा केन्द्रित भयो ।

चीनले अघि बढाएको वित्तीय नीति अर्थात् बजेट नीतिले पनि मुद्रास्फितिविरुद्धको लडाइँ सम्भव भयो । चीनले घाँटी हेरी हाड निल्नुपर्ने तथ्यलाई आफ्नो वित्तीय नीति बनायो । आम्दानीअनुसारको खर्च गर्ने, घाटा बजेट नबनाउने नीति लियो । सन्तुलित बजेट र सन्तुलित विकासको अवधारणा अघि बढाइयो ।

समाजवादी बन्दोबस्त आफैंमा जनताको सुखको व्यवस्था हो । चिनियाँ सरकारले मुद्राको क्रयशक्ति वस्तुको आपूर्तिका आधारमा निर्धारण गर्‍यो । वस्तुको आपूर्ति सरकारको जिम्मेवारी थियो, प्रतिबद्धता थियो । मुद्राको परिसंरचना र वस्तुको आपूर्तिबिचको सन्तुलनले मुद्रास्फिति रोक्छ । तर, मुद्राको मूल्य भने स्थिर हुनुपर्छ । पुँजीवादी व्यवस्थामा उत्पादनका साधनहरू व्यक्तिको नाममा, पुँजीपतिको हातमा हुन्छ । त्यस्तै गरी वस्तुको आपूर्ति पनि पुँजीपतिकै नियन्त्रणमा हुन्छ । त्यसकारण, अधिकतम नाफाको लागि वस्तुको मूल्यमा एकाधिकार खडा गर्छ । अधिकतम नाफाको स्रोत श्रमशोषणसँगै वस्तुको चर्को मूल्य नै हो । त्यसकारण भनिएको हो, मुद्रास्फिति पुँजीवादको महारोग हो ।

यसको ठिक विपरीत चीनमा अध्यक्ष माओको नेतृत्वमा उत्पादनका साधनहरू सामाजिकीकरण गरियो । त्यतिमात्र होइन आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि ‘तीन ठूला पहाडहरू’ को सिद्धान्त अघि सार्नुभयो । कृषिको समाजवादी रूपान्तरण, सम्पूर्ण हस्तकला र साना उद्योगहरूको समाजवादी रूपान्तरण, व्यक्तिगत नामका इन्टरप्राइजेज र उद्योगहरू सामाजिकीकरणको अभियान अघि बढाइयो । व्यक्तिगत नियन्त्रणबाट सामूहिक सञ्चालनको नीतिले बहुसङ्ख्यक चिनियाँ जनताको भाग्य बदल्यो । यो नै समाजवादी अर्थव्यवस्था निर्माणको आधार सावित भयो । चीनले उत्पादनलाई बढी जोड दियो । वस्तुको उपलब्धता र प्रचूरतामा ध्यान दियो । आरएमबीको मूल्यमा वैदेशिक मुद्रा सञ्चितिमा पनि ध्यान दियो । कृषि र औद्योगिक उत्पादन नै त्यसको आधार थियो । चीनको एउटै नारा थियो “कृषिलाई आधार बनाऊ । उद्योगले अर्थतन्त्रको नेतृत्व गर्नेछ । आपूर्तिको ग्यारेन्टी तब सम्भव हुनेछ ।” नभन्दै १९६४ बाट १९७४ सम्म अर्थतन्त्र तीन गुणाले ठूलो भयो ।

मुद्राको परिसंरचना अर्थात् सर्कुलेसन योजनाबद्ध थियो । समाजको क्रयशक्ति र वस्तुको आपूर्ति र मुद्राको सर्कुलेसनबिच सन्तुलनका लागि केन्द्रीकृत प्रयास भयो । आरएमबी जारी गर्ने अधिकार राष्ट्र बैङ्कलाई मात्र थियो । मुद्रा परिसंरचनाको नियन्त्रणका लागि राज्यले सम्पूर्ण एजेन्सी, संस्था, फ्याक्ट्री र इन्टरप्राइजेजहरूले केही हाते रकम छोडेर सम्पूर्ण रकम बैङ्कमा डिपोजिट गर्नुपर्ने नियम बनायो । यसले बैङ्कमा तरलताको समस्या पनि आएन त्यस्तै बजारमा मुद्राको प्रचूरता पनि देखिएन । ठूला कारोबारहरू बैङ्कबाटै गर्नुपर्ने नियम बनाइयो । जस्तै ज्याला, फर्मको उत्पादनलाई भुक्तानी, सरकारी र सार्वजनिक निकायको खर्च, राज्यका अनुदान र ऋणको भुक्तानी राज्यनियन्त्रित बैङ्कबाटै हुनुपर्ने नियम थियो । यसले गर्दा सामाजिक क्रयशक्तिको आँकलन पनि सहज भयो । यदि बजारमा मुद्रा केही बढी आपूर्ति भयो भने राज्यले तुरुन्तै वस्तुको आपूर्ति बढाउने तर वस्तुको आपूर्तिभन्दा मूद्राको आपूर्ति धेरै नगर्ने नीति गज्जबको थियो ।

त्यतिमात्र होइन एकरूपतासहितको मूल्य व्यवस्थापन समाजवादी चीनको विशेषता बन्यो । उत्पादनमा अतिरिक्त मूल्यको सिद्धान्त कार्ल मार्क्सको हो । मार्क्सको त्यही अतिरिक्त मूल्य पुँजीपतिहरूको नाफा हो । वस्तुको मागअनुसार पूर्ति नहुँदा वस्तुको मूल्यवृद्धि हुने अर्थशास्त्रको नियम र अतिरिक्त मूल्यको सिद्धान्तलाई बुझेर चीनले घरेलु श्रमबजार र वस्तुबजारको सन्तुलन कायम गर्‍यो । उत्पादनका लागि योजनाबद्ध वित्तीय नीति अबलम्बन गर्‍यो । कृषि उत्पादनको बजार राज्यकै दायित्वको रूपमा लिई व्यवस्थापन गर्‍यो । जसले बिचौलियाको समस्या समाप्त गर्‍यो । वस्तुको मूल्य राज्यले निर्धारण गरेपछि कृषक मारमा परेनन् । वस्तु बजारमा माग र पूर्तिको सन्तुलन कायम गरियो ।

समीक्षा गर्दा क्रान्तिपूर्वको सामन्तवादी चिनियाँ राज्य हातहतियार र युद्धसामग्री जोहमा बढी ध्यान दिन्थ्यो । त्यसकारण, जनताका आवश्यकता प्राथमिकतामा परेन । उल्टै जमिनदार र विदेशी पिछ्लग्गूबाट जनता शोषणमा परे । हातहतियारको खर्चका लागि वस्तुको मूल्यवृद्धि र श्रमिकमाथि शोषणले पराकाष्ठा नाघेको थियो । त्यतिमात्र होइन साम्राज्यवादी र उपनिवेशवादी शक्तिहरूलाई सघाउन सुन चाँदीका सिक्काहरू प्रदान गर्थ्यो । त्यसको ठिक विपरीत क्रान्तिपछि हातहतियारमा खर्च न्यूनीकरण गरियो । त्यही रकम उद्योग स्थापनामा लगाइयो । नभन्दै सन् १९६४ देखि १० वर्षमा ११०० वटा ठूला र मध्यम खालका उद्योग स्थापना गरियो । ठूलो बजेट समाजवादी अर्थतन्त्र, संस्कृति र शिक्षामा लगानी गरियो । मुक्ति पछिका आर्थिक वर्षहरूमा नाफा बजेटहरू तयार भयो । क्रेडिट सन्तुलन महत्त्वपूर्ण मौद्रिक नीति साबित भयो । घरेलु र विदेशी बजारबिच भिन्नता खडा गर्यो । स्वदेशी सामग्रीको मूल्य अत्यन्त कम र विदेशी सामग्रीको मूल्य बढी हुँदा घरेलु बजार फस्तायो । त्यतिमात्र होइन आत्मनिर्भर समाजवादी अर्थतन्त्रको आधार तयार भयो । आरएमबीको मूल्य स्थिरताले चिनियाँ जनताको जीवनयापन प्रतिविम्बित गर्छ ।

यस पुस्तकले चिनियाँ मुद्राको स्थिरताको आधार उजिल्याउँछ । साथै मुद्राको मूल्यवृद्धिभन्दा जनताको आवश्यकता पूर्ति र क्रयशक्ति विकासलाई चीनले जोड दिएको तथ्य उजागर गर्छ । त्यही विशेषताले चीन बाहिरी विश्वसँग प्रतिस्पर्धाको निम्ति तयार भयो र आज विश्व अर्थतन्त्रको नेतृत्वसमेत चुपचाप गर्दै छ । यो शताब्दीमा पनि चीन अत्यन्त न्यून मुद्रास्फिति भएको देश हो । मुद्रास्फितिविना नै अर्थतन्त्रको उडान सम्भव छ भन्ने उदाहरण बनेको छ चीन । पुस्तकले यही सन्देश दिन्छ । यसमानेमा पुस्तक अझै सामयिक, पठनीय एवम् सङ्ग्रहणीयसमेत छ । पुस्तक प्रकाशक अन्तर्राष्ट्रिय भाषा प्रेस पेइचिङलाई साधुवाद ।

# विश्वभरि हत्यारा टोली खटाएको छ अमेरिकाले – २

✍ जेरेमी कुजमारोभ

**एल साल्भाडोर**

सन् १९६० को दशक अमेरिकाका राष्ट्रपति थिए - जोन एफ केनेडी । दशकको आरम्भमै अमेरिकी गुप्तचर निकाय सिआइएले सल्भाडोरका सुरक्षा निकाय तथा प्रहरीलाई मार्नुपर्ने राजनीतिक विपक्षीहरूको नाम र थातठेगाना दिन थाल्यो । यी विपक्षीहरू अमेरिकी विदेश नीतिका लागि खतरा थिए । अमेरिका एल साल्भाडोरलाई आफ्नो तखतमा राख्न चाहन्थ्यो र त्यहाँको अर्थतन्त्रलाई आफ्ना बहुराष्ट्रिय कम्पनीहरूको दोहनका लागि खुला गर्न चाहन्थ्यो । साथै, अमेरिका मध्य अमेरिकाका अन्य देशहरूलाई आफ्नो क्षेत्रीय साझा बजारमा जोड्न चाहन्थ्यो । त्यसैले उसले त्यसमा तगारो बनेका विपक्षीहरूलाई बाटोबाट हटाउन चाहन्थ्यो ।

पत्रकार एलन नायर्न लेख्छन्, "केनेडी सरकारको कार्यकालमा अमेरिकी सरकारका



एजेन्टहरूले एल साल्भाडोरमा दुई आधिकारिक सुरक्षा सङ्गठन स्थापना गरे । ती सङ्गठनले १५ वर्षभित्र हजारौँ किसान र शङ्कास्पद वामपन्थीहरूको हत्या गरे । अमेरिकाको निर्देशनमा ती सङ्गठनहरू विभिन्न अर्धसैन्य दस्तामा परिवर्तित भए । पछि यिनै दस्तालाई साल्भाडोरका हत्यारा गिरोह भन्न थालियो ।"

(टिपोट : निष्कर्षमा नायर्न लेख्छन्, "एल साल्भाडोरका हत्यारा गिरोहहरूका विभत्स र काला कर्तुतहरूमा अमेरिकाको मिलिभगत कुनै विचलन होइन । बरु यसले अमेरिकाका ६ वटा सरकारका आधारभूत र संस्थागत नीति प्रतिविम्बित गर्छ । साल्भाडोरका जनता सङ्गठित बनेर अमेरिकाविरोधी सरकार बनाउलान् भन्ने डरले तत्कालीन अमेरिकापरस्त सत्तालाई त्यहीँका जनताबाट जोगाउन अमेरिकाले यी नृशंस कार्य गराएको थियो ।")

एल साल्भाडोरमा अर्धसैन्य प्रहरी बलपछि हत्यारा गिरोहमा परिवर्तित भए । यी प्रहरी बल स्थापना गर्न सघाउने एक प्रमुख व्यक्ति थिए - आर्थर 'साँढे' साइमन्स । उनी अमेरिकी सेनाका कमान्डो अधिकारी थिए । उनले लाओसमा सेतो तारा विशेष सैन्यबलमा काम गरिसकेका थिए । त्यो सङ्गठनमा रहेर पनि उनले यस्तै कुकर्म गरेका थिए ।

कोभर्ट एक्सन बुलेटिन (सन् १९८१) मा स्टिवार्ट क्लेपरले लेखेका थिए - साल्भाडोरका हत्यारा गिरोहहरूले 'जनतालाई आतङ्कित बनाउने घरेलु विधिहरू विकसित गरेका थिए । जस्तो, उनीहरूले फलामको दाउले पीडितको शरीरलाई चोक्टाचोक्टा पार्थे; पीडितको अनुहारमा एसिड फाल्थे ।"

सन् १९८० को दशकमा यिनै नीतिलाई वामपन्थी समूह फाराबुन्दो मार्टी मुक्तिमोर्चा (FMLN) विरुद्ध लागु गरियो । रोबर्टो डिऔबुइसनको नेतृत्वमा एउटा हत्यारा गिरोहले प्रसिद्ध धर्मगुरु ओस्कर रोमेरोको हत्या गरेपछि सो समूहले छापामार युद्ध सुरु गरेको थियो । रोबर्टो साल्भाडोरको हत्यारा गिरोहका नाइके होजे अल्बर्टो मेद्रानोका छोरा थिए । अमेरिकी विदेश मन्त्रालयले रोबर्टोलाई 'सिआइएका छोरा' भन्थे । उनलाई सन् १९७१ म अमेरिकाको राजधानी वासिङ्टन डिसीमा रहेको अन्तर्राष्ट्रिय प्रहरी एकेडेमीमा तालिम दिइएको थियो । अर्को वर्ष सन् १९७२ मा उनलाई अमेरिकाको जर्जिया राज्यमा रहेको फोर्ट बेन्निङस्थित अमेरिकी सैन्य स्कुलमा तालिम दिइएको थियो । उनले पनामा रहेको अमेरिकाको विशेष सैन्यबलमा केही समय बिताएका थिए ।

(टिपोट : मेद्रानोलाई तालिम दिन अमेरिकाको विशेष सैन्यबलसँग भियतनामको तीन-महिने भ्रमण गराइएको थियो । त्यहाँ उसले विद्रोहीहरूलाई दबाउनुपर्ने सबै दाउपेच सिकेको थियो । पछि उसले भन्यो, "यो क्रान्तिकारी युद्धमा जनताकै तप्काबाट शत्रुहरू आउँछन् । उनीहरूलाई जेनेभाले दिने हकअधिकार छैन । उनीहरू देशका गद्दार हुन् । यस्तोमा सेनाले के गर्ने ? तिनलाई भेट्यो कि मारिन्छ ।")

सन् १९७७ देखि १९८० बीच एल साल्भाडोरका लागि अमेरिकी राजदूत थिए रोबर्ट इ ह्वाइट । उनले रोबर्ट डिऔबुइसनलाई 'रोगी मनस्थिति' भएको 'निर्दयी हत्यारा' भन्थे ।

हत्यारा रोबर्टले सन् १९८९ मा ६ जना जेसुइट पादरीलाई काटेर मारेका थिए । यसबाहेक पनि उनले धेरै धार्मिक व्यक्तित्व र सरकारी कर्मचारीको निर्मम गरेका थिए । सन् १९८० मा उनले एल साल्भाडोरका महान्यायाधिवक्ता मारियो जामोरा रिभासको हत्या गरेका थिए ।




कर्नेल युलालियो सान्टिबानेजले भनेअनुसार रोबर्टको हत्यारा गिरोहलाई तत्कालीन प्रहरी अधिकारी कर्नेल निकोलस कारान्जाले ढिला छोडेका थिए । सन् १९८० को दशकभरि कर्नेल कारान्जाले सिआइएबाट बर्सेनि ९० हजार डलर बुझ्थे ।

रोबर्टका दुई पूर्वसहयोगीले पछि मुख खोले । उनीहरूको भनाइअनुसार रोबर्टले सिधै सिआइएबाट पैसा बुझ्थे । साथमा, अमेरिकाका सैन्य सहचरीसँग उनको 'नङमासुको सम्बन्ध' थियो ।

**इराक**

सन् २००४ मा इराक युद्ध चलिरहेको थियो । अमेरिकाका उपराष्ट्रपति डिक चेनीले 'साल्भाडोर उपाय' को कुरा गरे । यसको अर्थ थियो - आतङ्कवादविरोधी (हत्यारा) गिरोहको निर्माण गर ! इराकमा अमेरिकाको कब्जाकारी सेनाविरुद्ध विद्रोह चर्किरहेको स्थिति थियो । यस्तो बेला विरोधी समूहलाई नष्ट गर्न चेनीले 'हत्यारा गिरोह' खोल्न आह्वान गरेका थिए ।

चेनीले एल साल्भाडोरमा सन् १९८० को दशकमा अमेरिकाले चलाएको युद्धमा संलग्न विशेष सैन्य दस्ताका जेम्स स्टिल जस्ता पूर्व लडाकुहरूलाई बोलाउन पठाए । पछि स्टिललाई इराकी कमान्डो प्रहरीका प्रमुख सल्लाहकार नियुक्त गरियो । यी कमान्डोहरूले विद्रोहीहरूलाई यातना दिन्थे । सद्दाम हुसेनलाई समर्थन गर्ने सुन्नीहरूसँग बदला लिन्थे ।

बुश-चेनी सरकारले जोन निग्रोपोन्टलाई इराकका लागि अमेरिकी राजदूत बनाए । उनी हेनरी किसिन्जरका शिष्य थिए । सन् १९८० को दशकमा जोन होन्डुरसका लागि अमेरिकी राजदूत थिए । त्यो बेला मध्य अमेरिकामा हुने सबै फोहरी युद्धको मुख्यालय होन्डुरस नै थियो ।

पत्रकार दाहर जमाइलले लेखे - "यस्ता मान्छेलाई जिम्मेवारी दिनु र इराकको दैनिक जीवनमा पनि कुनै बेला मध्य-अमेरिकामा हत्यारा गिरोहहरूले पैदा गरेको जस्तो मारकाट मच्चिनु काकताली थिएन । ती व्यक्तिहरूले जिम्मेवारी पाएपछि इराकका समाधिहरूमा सयौं बेवारिसे लासहरूको थुप्रो लाग्न थाल्यो । रगत लत्पतिएका लासहरू सर्वत्र देखिन थाले । गोली ठोकिएका, दाउले नराम्ररी काटिएका, तारले घाँटी रेटिएका, प्लास्टिकले सास थुनेर मारिएका लासहरू इराकभरि भेटिन थाले । धेरै लासको हात पछाडि बाँधिएको हुन्थ्यो ।"

(टिपोट : 'द गार्जियन' को रिपोर्ट अनुसार एक महिनामा इराकी सडकहरूमा यस्ता ३ हजार लासको थुप्रो लागेको थियो । मारिनेमध्ये धेरैजना निर्दोष सर्वसाधारण थिए । बन्दीहरूबाट सूचना निकाल्ने निहुँमा खासगरी अमेरिकाले सञ्चालन गरेका बन्दी शिविरहरूमा तिनलाई नृशंस यातना दिइन्थ्यो । स्टिलले सन् २००५ को सेप्टेम्बर महिनामा इराक छोडेर अमेरिकाको टेक्सस फर्केको बताइन्छ । टेक्ससमा उनले रोबर्ट मोसबासर नामक उद्योगपतिको तेल कम्पनीमा काम गरेको रिपोर्ट छ ।)

परम्परालाई पछ्याउँदै अमेरिकाले अदनान थाबिट जस्ता कठोर व्यक्तिहरूलाई अघि ल्यायो । थाबिट स्टिलको मातहत सक्रिय कमान्डो प्रहरीका प्रमुख थिए । स्टिलले अमेरिकी सहयोगमा चलेको टेलिभिजन 'अल-इराकिया' मा एउटा 'रियालिटी शो' चलाउँथे । त्यो कार्यक्रममा स्टिलले इराकीहरूलाई नराम्ररी चुट्थे र तिनीहरूका मुखबाट प्रतिरोध सङ्घर्षमा भाग लिएको बयान बकाउँथे ।

सन् २००५-२००६ मा इराकका गृहमन्त्री थिए - बायान जाबर । उनले आफ्नो मन्त्रालय नजिक चलाइएको यातनागृहलाई खुला छुट दिएका थिए । जब कि ती यातनागृहबाट बाँच्न सफल कैदीहरूका टाउकामा ड्रिग गरिएका दागहरू हुन्थे ।

जाबर डेभिड पेट्रायससँग निकट थिए । पेट्रायस सन् १९८० को दशकमा एल साल्भाडोरमा अमेरिकी विशेष सैन्यबलका सल्लाहकार थिए । उनले इराकमा सैन्य प्रहरी तालिम कार्यक्रम चलाएका थिए । त्यस्तै जाबर स्टिभेन कास्टिलसँग पनि निकट थिए । कास्टिल सन् १९९० को दशकमा लागुऔषध कार्यान्वयन प्रशासन (DEA) का गुप्तचर प्रमुख थिए । कास्टिलले लागुऔषध कारोबारका सरदार मानिने पाब्लो एस्कोबारको हत्याको चाँजो मिलाएका थिए । उनले एन्डियाको सुरक्षाबललाई तालिम दिएका थिए । त्यो सुरक्षाबल किसान नेता र युनियन अभियन्ताहरूलाई 'गायब पार्ने' काममा कुख्यात थियो ।

मुन्तधर अल-सामारी भन्ने एक इराकी जर्नेल थिए । उनले कर्नेल स्टिलसँग मिलेर इराकी प्रहरी बलको पुनर्निर्माण गरेका थिए । 'द गार्जियन' सँग उनले भनेअनुसार एक दिन उनले कर्नेल स्टिल र कर्नेल जेम्स कोफमेनसँग खाजा खाइरहेका थिए । "अचानक ढोका खुल्यो । भित्र क्याप्टेन जाबरले एक कैदीलाई यातना दिइरहेका थिए । कैदीलाई उँधोमुन्टो झुन्ड्याइएको थियो । स्टिलले उठेर ढोका बन्द गरे । उनले केही भनेनन् । उनका लागि त्यो एउटा सामान्य घटना थियो ।" अल-सामारीले भन्दै गए - अमेरिकाका उच्च अधिकारी र इराकी नेतृत्वलाई गुप्त कारागारमा जे हुन्छ, त्यसको सबै जानकारी थियो । ती कारागारमा इराकीहरूलाई भयानक यातना दिइन्थ्यो । "त्यहाँ बन्दीको शरीरमा किला ठोकिन्थ्यो, तिनको हत्या गरिन्थ्यो, तिनलाई एकदम घिनलाग्दा यातना दिइन्थ्यो । त्यस्तो कठोर यातना मैले कहिल्यै देखेको थिइनँ ।"

**सिरिया**

डेभिड पेट्रायसको नेतृत्वमा सिआइएले 'टिम्बर साइकामोर' नामक अपरेसन चलायो । त्यसमा अरबौं डलर लगानी गरिएको थियो । यो अपरेसनमा सिआइएले सिरियाका विद्रोही कमान्डोहरूलाई तालिम र हातहतियार दियो । यी तालिम उसले जोर्डन र टर्कीमा रहेका आफ्ना मुख्यालयहरूमा दिएको थियो ।

ती कमान्डोहरूले सिरिया सरकारविरुद्ध चार वर्ष युद्ध गरे । सरकारी नियन्त्रणमा रहेको अलेप्पो सहरमा मात्र चार वर्षको दौरान तिनीहरूले ११ हजार सर्वसाधारणको हत्या गरे । त्यहाँ उनीहरूले आत्मघाती बमबारी गराए । बन्दीहरूलाई यातना दिए र तिनको मुन्टो काटे । सन् २०२१ डिसेम्बरमा 'द न्युयोर्क टाइम्स' मा एउटा रिपोर्ट छापियो । रिपोर्टअनुसार सन् २०१४ र २०१९ बीच सिरियामा सक्रिय एउटा भूमिगत सैन्य टुकडीले दसौं हजार पटक बमबारी गरेको थियो, मिसाइल प्रहार गरेको थियो । एउटा



अपरेसन चलाएर उसले बारम्बार सर्वसाधारण जनताको हत्या गरेको थियो । यी सबै हत्या र आक्रमणको चाँजो मिलाउने काम गरेका थिए स्टिफन टाउनसेन्डले । उनलाई पछि अमेरिकी सेनाको अफ्रिकी कमान्डको प्रमुख नियुक्त गरिएको थियो ।

'टाइम्स' मा छापिएअनुसार टाउनसेन्डको टुकडीले "गैर-लडाकुहरूको रक्षा गर्न बनाइएका नियमहरू उल्लङ्घन गऱ्यो । द्वन्द्वमा कुनै भूमिका नखेलेका मानिसहरूको हत्या गऱ्यो । बाली स्याहारिरहेका किसान, सडकमा खेलिरहेका बालबालिका, लडाइँबाट भाग्दै गरेका परिवार र आफ्ना घरमा बसिरहेका गाउँलेहरूको हत्या गरेर त्यो टुकडीले सबैको ध्यान खिच्यो ।"

यस्तै दुष्कर्म असादविरोधी कुर्द मिलिसियाहरूले पनि गरेका थिए । तिनलाई हतियार र सल्लाह दिने काम अमेरिकी जर्नेल क्रिस्टोफर डोनाह्यूको नेतृत्वमा रहेका सैन्य अफिसरहरूले गरेका थिए । 'द न्युयोर्क टाइम्स' ले उनको बारेमा लेखेको थियो - उनी विशेष सैन्यबलको भूमिगत दुनियाका तारा हुन् । यसअघि उनले इराक, लिबिया र अफगानिस्तानको छायाँमा धेरै आतङ्ककारी मुखियाको हत्या गरेका थिए । उनले पूर्वी युक्रेन र रुसमा अमेरिका-युक्रेनले संयुक्त रूपमा सञ्चालन गरेका हत्या अपरेसनहरूको कमान्ड पनि गरेका थिए ।

**युक्रेन**

सन् २०२३ सेप्टेम्बरमा 'द इकोनोमिस्ट' ले एउटा गजबको खबर लेख्यो - युक्रेनको व्यक्ति-हत्या कार्यक्रम : युक्रेनी एजेन्टहरू भयानक बदला लिन विज्ञ भएका छन् । त्यसले युक्रेन सुरक्षा सेवा (गुप्तचर निकाय, SBU) को पाँचौं निर्देशनालय तथा विशेष अपरेसन बल (SSO) बारे महत्वपूर्ण तथ्य उजागर गऱ्यो । यी दुई सङ्गठनले युक्रेनले कब्जामा लिएका वा पछि रुसमा गाभिएका इलाकाभरि व्यक्ति-हत्या कार्यक्रम चलाएका थिए ।

(टिपोट : युक्रेनले गरेको पछिल्लो चर्चित हत्या थियो - अलेक्सान्द्र याकोभ्लेभको हत्या । उनी जापोरोज्सकाया आणविक भट्टीका प्रमुख इन्जिनियर थिए । जुलाई १५ गते ड्रोन हानेर उनको हत्या गरिएको थियो । अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (IAEA) ले त्यो हत्याको भर्त्सना गरेको थियो । किनभने, याकोभ्लेभको हत्याले आणविक सुरक्षामा खतरा उत्पन्न भएको थियो ।)

रिपोर्टमा युक्रेनी गुप्तचर निकाय 'एसबियू' का एक अधिकारीको भनाइ उद्धृत गरिएको छ । उनको भनाइअनुसार त्यो हत्या अपरेसनमा 'देशलाई विजयी बनाउन भन्दा पनि राष्ट्रपतिलाई रिझाउन' का लागि 'सामान्य व्यक्तिहरू' को हत्या गरिएको थियो । युक्रेनको हत्या अभियानले 'रुसभित्र युक्रेनी घुसपैठको आकार र स्रोत उजागर गर्ने जोखिम' ल्याएको उनको भनाइ थियो । उनले भने, "हाम्रो सुरक्षा सेवा (गुप्तचर निकाय) ले गर्न सक्छु भन्दैमा जे पायो त्यही गर्नुहुँदैन ।"

'द इकोनोमिस्ट' ले 'सिआइएको नाम नलिनु स्वाभाविक हो । तर, युक्रेनी गुप्तचर अधिकारी भासिली प्रोजोरोभले यो तथ्य बाहिर ल्याइसकेका छन् । (हाल उनले युक्रेन छोडेर रुसमा शरण लिएका छन् ।) उनको भनाइ अनुसार सन् २०१४ देखि सिआइएले युक्रेनी गुप्तचर निकायलाई सल्लाह दिँदै आएको छ । गुप्त कारबाहीमा षड्यन्त्रहरू बुन्न सिआइएका गुप्तचरहरू 'एसबियू' मुख्यालयमै पुगेका थिए ।

एउटा कुख्यात युक्रेनी हत्यारा वेबसाइट छ - मिरोत्भोरेत्स । त्यसमा हत्या गर्नुपर्ने व्यक्तिहरूको सूचि सार्वजनिक रूपमै राखिएको छ । भनिन्छ, त्यो सिआइएको परियोजना हो । यो वेबसाइटलाई सिआइएको मुख्यालय लाङले, भर्जिनियाबाट सञ्चालन गरिन्छ ।

युक्रेनमा सिआइएले फिनिक्स जस्तै कार्यक्रम चलाएको छ । त्यसमा कार्यरत किरिलो बुदानोभलाई सिआइएको अब्बल एजेन्ट मानिन्छ । उनले व्यक्तिगत तवरले अनगिन्ती हत्या, तोडफोड, ड्रोन आक्रमण र राजनीतिक हत्या अपरेसनको संयोजन गरेका थिए । रुसी सेना र रुसी भूमिमा रहेका सर्वसाधारणको हत्यामा पनि उनले उल्लेख्य भूमिका खेलेका थिए ।

बाँकी पृष्ठ ८ मा

# जनमुक्ति सेना जति बलियो हुन्छ
# ताइवान जलडमरुमा शान्तिको सुनिश्चितता त्यति नै ठुलो हुन्छ

**✍ हाई फेंग**

यस वर्षको चिनियाँ जनमुक्ति सेना दिवसको पूर्वसन्ध्यामा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोले राष्ट्रिय रक्षा र सशस्त्र बलको उच्च गुणस्तरीय आधुनिकीकरणलाई अगाडि बढाउने विषयमा आफ्नो २७ औँ समूह अध्ययन सत्र आयोजना गरेको छ । चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव सी चिन फिङले सन् २०२७ मा जनमुक्ति सेनाको शताब्दीका लक्ष्यहरू पूरा गर्ने प्रयास गर्न, राष्ट्रिय रक्षा र सशस्त्र बलको आधुनिकीकरणलाई आधारभूत रूपमा साकार पार्ने “निर्णायक प्रगति” गर्न र महान् देश निर्माणको उद्देश्यलाई अगाडि बढाउन र आधुनिक चीनको राष्ट्रिय पुनर्जागरणका माध्यमबाट सबै अगाडि बढाउन बलियो रणनीतिक समर्थन प्रदान गर्न आग्रह गर्नुभयो ।

त्यसको लगत्तै, चिनियाँ, जनमुक्ति सेना (पीएलए) को ९९ औँ स्थापना दिवस मनाउने स्वागत समारोहमा चिनियाँ रक्षामन्त्री तोङ जुनले स्पष्ट रूपमा भने कि पीएलएले चीनको राष्ट्रिय पुनर्मिलनका लागि अटल अग्रदूतको रूपमा काम गर्नेछ र “ताइवान स्वतन्त्रता” पृथकतावाद वा बाह्य सैन्य हस्तक्षेपको कुनै पनि प्रयासलाई दृढतापूर्वक विफल पार्नेछ । यो एक नियमित कथन मात्र होइन; यो ताइवान जलडमरू भरिको वर्तमान अवस्थाको प्रत्यक्ष प्रतिक्रिया हो ।

हालैका वर्षहरूमा, ताइवान टापुका केही मानिसहरूले बारम्बार सोधेका छन्: यदि चिनियाँ मुख्यभूमिले शान्तिपूर्ण पुनर्मिलनको वकालत गर्छ भने, यसले किन सेनाको प्रशिक्षणलाई बलियो बनाउन, लडाईको तयारीलाई बढावा दिन र ताइवान जलडमरूमा बलियो प्रतिरोधात्मक मुद्रा कायम राख्छ ? जवाफ जटिल छैन : शान्तिपूर्ण पुनर्मिलनले चिनियाँ मुख्यभूमिको सबैभन्दा ठुलो इमानदारीलाई प्रतिनिधित्व गर्दछ, जबकि सेनालाई बलियो बनाउँदै र लडाईको तयारी कायम राख्ने राष्ट्रको दृढतालाई प्रतिनिधित्व गर्दछ । पहिलेले दिशा निर्धारण गर्छ र पछिल्लोले यसलाई सुरक्षित गर्दछ । पर्याप्त बलियो जनमुक्ति सेनाबिना, “ताइवान स्वतन्त्रता” पृथकतावादी शक्तिहरू र बाह्य हस्तक्षेपहरूद्वारा शान्ति क्रमशः “अनिश्चित हुन्छ ।

राष्ट्राध्यक्ष सीले पहिले नै यो तर्क स्पष्ट गरिसकेका छन् । जनवरी २, २०१९ मा ताइवानमा देशबासीहरूलाई सन्देश जारी गरेको ४० औँ वार्षिकोत्सवको स्मरणमा आयोजित भेलामा आफ्नो भाषणमा उहाँले “चीन हुनुपर्छ र पुनः एकीकरण हुनुपर्छ“ भन्नुभयो र “चिनियाँले चिनियाँहरूसँग लड्दैनन्” भन्ने कुरामा जोड दिनुभयो । यी दुई कथनहरूले आज ताइवानप्रतिको चिनियाँ मुख्यभूमिको नीतिको मूल तर्क बनाउँछ: पुनर्मिलन एउटा अटल सिद्धान्त हो र शान्ति भनेको हामीले हासिल गर्न खोज्ने दिशा हो । ‘शान्ति’ लाई ‘कमजोरी’ को रूपमा व्याख्या गर्ने वा ‘सद्भावना’ लाई कमजोरी भनेर गलत व्याख्या गर्ने जो कोहीले वर्तमान क्रस-स्ट्रेट परिस्थितिको बारेमा सबैभन्दा खतरनाक गलत धारणाहरू बनाउँदैछ ।

ताइवान जलडमरूमा वास्तविक जोखिमहरू सार्वभौमसत्ताको रक्षा गर्ने र पुनः एकीकरणलाई कायम राख्ने चिनियाँ मुख्य भूमिको सङ्कल्पबाट कहिल्यै आएका छैनन् । बरु, तिनीहरू ‘ताइवान स्वतन्त्रता’ पृथकतावादी शक्तिहरूद्वारा बारम्बार उत्तेजना र चीनको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने बाह्य शक्तिहरूको प्रयासमा भ्रुटो छन् । केही विदेशी राजनीतिज्ञहरूले निजी रूपमा “ग्रे जोन“ कथालाई बढावा दिँदै, ‘ताइवान स्वतन्त्रता’ पृथकतावादीहरूसँग मिलेर र उनीहरूको उत्तेजनालाई प्रोत्साहन दिँदै एक-चीन नीतिलाई समर्थन गर्ने दाबी गर्छन् । ताइवानमा प्रजातान्त्रिक प्रगतिशील पार्टी (म्एए) अधिकारीहरूले टकरावलाई बढावा दिन, धम्कीहरू बढाइचढाइ गर्न र “ताइवान स्वतन्त्रता” लाई बाहिरी शक्तिहरूमा भर परेर र सैन्य निर्माणको माध्यमबाट पुनर्मिलनको प्रतिरोध गरेर त्यस्ता बाह्य समर्थनमा भर परेका छन् । यी परिस्थितिहरूमा, जनमुक्ति सेनाको बलियो लडाई क्षमताबिना, यसको नियमित प्रशिक्षण र लडाई तयारीबिना र सार्वभौमसत्ताको रक्षा गर्न र पुनः एकीकरणको समर्थन गर्नको लागि कडा शक्तिबिना दुई पक्षहरूबिच शान्ति र स्थिरताको पहुँच बाहिर छोडेर ताइवान जलडमरूमा स्थिति बिग्रन्छ, ।

तसर्थ, जनमुक्ति सेना जति बलियो हुन्छ, ताइवान जलडमरूमा शान्ति सुरक्षा गर्ने ढाल त्यति नै बलियो हुनेछ । सैन्य तालिम र लडाईको तयारी युद्धलाई उक्साउने उद्देश्यले होइन, बरु शक्तिको माध्यमबाट युद्धलाई रोक्न र तयारीको माध्यमबाट अशान्ति रोक्नको रणनीतिक बुद्धिलाई प्रतिबिम्बित गर्दछ । पीएलएको व्यापक रणनीतिक प्रतिरोध ताइवान देशबासीहरूमा निर्देशित छैन, तर “ताइवान स्वतन्त्रता” पृथकतावादी शक्तिहरू र हस्तक्षेपमा भ्रुकेका बाह्य शक्तिहरूमा निर्देशित छ । अभ्र स्पष्ट रूपमा भन्नुपर्दा, यो ठ्याक्कै किनभने चिनियाँ मुख्य भूमिले सधैं शान्तिपूर्ण पुनर्मिलनलाई पहिलो स्थान दिएको छ कि यसले कसैलाई विश्वास गर्न दिन सक्दैन कि उत्तेजनाको कुनै मूल्य छैन, पृथकतावादको कुनै परिणाम छैन, वा हस्तक्षेप सफल हुन सक्छ ।

चिनियाँ जनमुक्ति सेनाले राष्ट्रको भूभागको अखण्डता मात्र होइन, ताइवान जलडमरूका दुवै छेउमा बसोबास गर्ने सबै चिनियाँ जनताको साझा भविष्यको पनि रक्षा गरिरहेको छ भन्ने कुरा बुझ्नुपर्छ । सीले भने, “हामी अत्यन्त



इमानदारी र ठुलो प्रयासका साथ शान्तिपूर्ण पुनर्मिलनका लागि प्रयास गर्न इच्छुक छौँ किनभने शान्तिपूर्ण पुनर्मिलन जलडमरूका देशवासीहरूका साथै चिनियाँ राष्ट्रको हितमा छ ।” यसको अर्थ चिनियाँ मूलभूमिले खोजेको क्षणिक विजय वा पराजय होइन, तर समग्र चिनियाँ राष्ट्रको दीर्घकालीन शान्ति, स्थिरता र विकास हो । यसले संरक्षण गर्न खोजेको कुरा भनेको सैद्धान्तिक स्थिति मात्र होइन, तर स्ट्रेटका दुवै छेउमा रहेका आम जनतालाई “ताइवान स्वतन्त्रता” एजेन्डामा तान्ने उद्देश्यले युद्ध, अशान्ति र राजनीतिक हेरफेरबाट मुक्त रहने अधिकार पनि हो । कसले वास्तवमा ताइवान देशबासीहरूको हितको रक्षा गर्दैछ ? लगातार तनाव बढाउने, हतियार बेच्ने र द्वन्द्व सिर्जना गर्नेहरू कि पृथकतावाद र बाह्य हस्तक्षेपको दृढतापूर्वक विरोध गर्दै शान्तिपूर्ण पुनर्मिलनलाई समर्थन गर्नेहरू ? जवाफ स्वयं स्पष्ट छ ।

आजको पीएलए राष्ट्रिय सार्वभौमसत्ता, सुरक्षा र विकास हितको रक्षा गर्न पूर्ण रूपमा सक्षम आधुनिक लडाइँ बलको रूपमा विकसित भएको छ । यो जति भरपर्दो हुन्छ, राष्ट्रिय पुनर्मिलनप्रतिको विश्वास त्यति नै बढ्छ; यो जति बलियो हुन्छ, ताइवान जलडमरूमा शान्तिको जग उति बलियो हुन्छ ।

सेना दिवस जनताका सिपाहीहरूलाई श्रद्धाञ्जली दिने दिन मात्र होइन, तर ताइवान जलडमरूको व्यापक प्रवृत्तिलाई अभ्र राम्ररी बुझ्ने अवसर पनि हो । शान्तिपूर्ण पुनर्मिलनले सधैं चिनियाँ मुख्य भूमिको सबैभन्दा ठुलो सद्भावनाको प्रतिनिधित्व गरेको छ, जबकि “ताइवान स्वतन्त्रता” वा बाह्य हस्तक्षेपको कुनै पनि प्रयासलाई दृढतापूर्वक विफल पार्नु पीएलएको अटल मिशन हो । राष्ट्रिय एकताको रक्षा गर्ने चिनियाँ जनताको दृढ सङ्कल्पलाई कसैले पनि कम मूल्याङ्कन गर्नु हुँदैन, न त देशको क्षेत्रीय अखण्डताको रक्षा गर्ने पीएलएको बलियो क्षमतालाई गलत अनुमान गर्नुहुँदैन । चीनको पूर्ण पुनर्मिलनतर्फको ऐतिहासिक प्रवृत्ति रोकिँदैन र पीएलएले “अडिग बलवार्क“ को रूपमा शान्ति कायम गर्नेछ, एकताको रक्षा गर्नेछ र महत्त्वपूर्ण क्षणहरूमा राष्ट्रिय कायाकल्पको लागि उज्ज्वल भविष्य सुरक्षित गर्न मद्दत गर्नेछ ।

# संरा अमेरिकाले ‘बँधुवा श्रम’ लाई
# अरूको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने ज्यावल बनाउँछ

**✦ वाङ्ग जिगेन, पेंग यिस्युआन**

> **मानवअधिकार आधिपत्यको हतियार र दमनको माध्यम बन्नुहुँदैन । अरू देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने वा अन्य जनताको विकास र राम्रो जीवन निर्माण गर्ने वैधानिक अधिकारलाई हनन गर्ने बहाना बनाएर मानवअधिकार हनन गर्ने अधिकार कुनै पनि देशलाई छैन ।**

जुलाई २३ मा, अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयले १९७४ को व्यापार ऐनको धारा ३०१ अन्तर्गत, तथाकथित “बर्जित श्रम” को आधारमा दर्जनौं देश र क्षेत्रहरूबाट आयातमा १० देखि १२.५ प्रतिशतको अतिरिक्त शुल्क लगाउने घोषणा गर्‍यो ।

व्यापार नियमहरूको बेवास्ता गर्दै, संयुक्त राज्य अमेरिकाले प्रत्यक्ष रूपमा मानव अधिकारको बारेमा अप्रमाणित आरोपहरूलाई ट्यारिफ (महशुल) दबाबमा रूपान्तरण गरेको छ । तथाकथित “बँधुवा श्रम” रहेको छ कि छैन भन्ने कुरा तथ्य र प्रमाणद्वारा निर्धारण गरिनुपर्छ, राजनीतिक निर्णयद्वारा होइन र निश्चित रूपमा व्यक्तिगत देशहरूले आफ्नै राजनीतिक आवश्यकताहरू अनुरूपको इच्छामा निर्णय गर्नुहुँदैन ।

तैपनि संरा अमेरिकाले पहिले नै अपराध मान्दछ र सार्वजनिक रूपमा उपलब्ध प्रमाणहरू खारेज गर्दा निराधार अफवाहहरूलाई तथ्यको रूपमा व्यवहार गर्दै कम्पनीहरूलाई आफ्नै निर्दोषिता प्रमाणित गर्न बाध्य पार्छ । मानवअधिकारको संरक्षणको नाममा सञ्चालित यी तथाकथित “मानवअधिकार समीक्षाहरू” वास्तवमा अन्य देशको श्रम शासन, औद्योगिक नीति र विकास मार्गहरूमा स्पष्ट हस्तक्षेप हुन् ।

संरा अमेरिकाले विशेष क्षेत्रहरू, उद्योगहरू र यहाँसम्म कि तिनीहरूसँग जोडिएका उद्यमहरूलाई आपूर्ति श्रृङ्खलाहरूमार्फत तथाकथित “उच्च जोखिम” लक्ष्यहरूको रूपमा आरोप लगाउने गर्दछ । कुनै पनि कानुनी उल्लङ्घनको प्रमाणबिना, कम्पनीहरूलाई शङ्काको घेरामा राखिएको छ र उनीहरूको उत्पादनहरू, कच्चा माल, कम्पोनेन्टहरू र बहु-स्तरीय आपूर्तिकर्ताहरू लगभग असीमित हदसम्म ट्रेस गर्न आवश्यक छ । उनीहरूलाई थप श्रम सम्झौता, ज्याला रेकर्ड, खरिद रसिद र कर्मचारी जानकारी उत्पादन गरिरहन बाध्य पारिएको छ ।

एक कम्पनीले व्यापक कागजात पेश गरेको अवस्थामा पनि, यदि कुनै एकल लिङ्कले संरा अमेरिकाद्वारा निर्धारित एकपक्षीय आवश्यकताहरू पूरा गर्न असफल भयो भने, त्यो कागजात अझै पनि अपर्याप्त मानिनेछ । यो तथ्य खोजी होइन । यो अमेरिकाले सुरुदेखि नै अपराध मान्ने र अन्य देशका कम्पनीहरूलाई आफ्नो निर्दोषिता प्रमाणित गर्न बाध्य पारेको हो ।

संरा अमेरिकाले पनि व्यापक अनुसन्धानको लागि छरिएका जानकारीलाई प्रतिस्थापन गर्दछ । श्रम नीति प्रत्येक देशको सार्वभौम अधिकारभित्र पर्दछ, तैपनि संरा अमेरिकाले अन्य देशहरूको सामान्य अभ्यासलाई जानाजानी विकृत गर्दै र तिनीहरूमाथि आधारहीन आरोपहरू लगाएर अरूमाथि आफ्नै मापदण्डहरू थोप्छ ।

अझै बेतुका, अमेरिकाले आफ्नो समीक्षा प्रक्रियामा दोहोरो मापदण्डहरू खुला रूपमा लागू गर्छ । पूर्वनिर्धारित आरोपलाई समर्थन गर्ने सामग्रीलाई यसको स्रोत अस्पष्ट र यसको कार्यप्रणाली शङ्कास्पद हुँदा पनि सजिलै स्वीकार गरिन्छ, जबकि कामदारहरूले स्वेच्छाले काम गरेको, पारिश्रमिक प्राप्त गरेको र उनीहरूको जीवनमा सुधार गरेको देखाउने सामग्रीलाई सार्वजनिक स्रोतहरूबाट निर्दिष्ट र खिचिएको भए पनि सजिलै अस्वीकार गर्न सकिन्छ ।

श्रमिकहरूको आफ्नै खाताहरू, कम्पनीहरूको रोजगारी रेकर्डहरू, औद्योगिक यान्त्रिकीकरणको स्तर र रोजगारी आयमा परिवर्तनहरू, ती सबै श्रम अवस्थाहरूको मूल्याङ्कन गर्न महत्त्वपूर्ण प्रमाणको रूपमा काम गर्नुपर्दछ, पूर्वनिर्धारित अमेरिकी कथामा फिट हुन नसक्दा खारेज गरिन्छ ।

मानवअधिकार समीक्षाको आडमा, संरा अमेरिकाले अन्य देशका कम्पनीहरूलाई दबाउन र उनीहरूको औद्योगिक विकासमा बाधा पुर्‍याउनको लागि प्रमाणिक मापदण्डहरू र बजार पहुँच उपायहरूको दुरूपयोग गर्दछ ।

यस्तो चर्को हस्तक्षेपले श्रमिकको प्रत्यक्ष हितलाई हानि पुर्‍याउँछ र विकासोन्मुख देशहरूको विकासको समान अधिकारलाई खोस्छ । कामदारहरूको सुरक्षा गर्ने दाबी गर्दा, अमेरिकाले ट्यारिफ (महशुल) हरू लगाएर र कम्पनीहरूलाई आफ्नो बजारबाट बाहिर निकालेर रोजगारीको आधारलाई कमजोर बनाउँछ । मानवअधिकारको झण्डा फहराएर अन्य देशका जनतालाई जीवनस्तर सुधार्ने अवसरबाट वञ्चित गर्छ । यसको मानवअधिकारको दाबी गरिएको अडान यसको वास्तविक आचरणसँग एकदमै भिन्न छ ।

सबैको लागि सुखी जीवन सबैभन्दा ठुलो मानव अधिकार हो । प्रत्येक देशका जनतालाई आफ्नो राष्ट्रिय अवस्थाका आधारमा स्वतन्त्र रूपमा विकासको बाटो रोज्ने, प्रतिस्पर्धात्मक उद्योगहरू सञ्चालन गर्ने, विश्वव्यापी व्यापारमा समान रूपमा सहभागी हुने र विकासको फलमा सहभागी हुने अधिकार छ ।

यद्यपि अमेरिकाले जबरजस्ती अप्रमाणित राजनीतिक अनुमानलाई वास्तविक बजार बाधाहरूमा रूपान्तरण गर्दछ । कुनै पनि देशले आफ्नो स्रोत साधन, प्राविधिक सङ्कलन र औद्योगिक स्तरोन्नतिमार्फत प्रतिस्पर्धात्मकता निर्माण गर्दा पनि आधारहीन आरोपका कारण ठुलो बजारबाट वञ्चित हुन सक्छ ।

मानवअधिकार आधिपत्यको हतियार र दमनको माध्यम बन्नुहुँदैन । अरू देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने वा अन्य जनताको विकास र राम्रो जीवन निर्माण गर्ने वैधानिक अधिकारलाई हनन गर्ने बहाना बनाएर मानवअधिकार हनन गर्ने अधिकार कुनै पनि देशलाई छैन ।

*(वाङ सिगेन हुवाझोङ विश्वविद्यालय विज्ञान र प्रविधिको मानव अधिकार कानुन संस्थानका डीन, राष्ट्रिय मानव अधिकार शिक्षा र प्रशिक्षण आधार र विश्वविद्यालयको कानुन स्कूलका डीन हुनुहुन्छ । उहाँ चाङ जियाङ स्का'लर्स कार्यक्रमका प्रतिष्ठित प्रोफेसर पनि हुनुहुन्छ । पेङ यिस्युयान कानुन, मानविकी र समाजशास्त्र, वुहान युनिभर्सिटी अफ टेक्नोलोजीमा विशेष नियुक्ति सहयोगी प्राध्यापक हुनुहुन्छ ।)*

# के बचत तथा ऋण सहकारी संस्थाको काम पैसाको व्यापार मात्रै हो ?



रामप्रसाद प्रजापति

**बचत तथा ऋण सहकारी**

सहकारी भन्नाले समान आर्थिक, सामाजिक वा सांस्कृतिक आवश्यकता भएका व्यक्तिहरूले स्वेच्छिक रूपमा एकजुट भई साझा स्वामित्वमा सञ्चालन गर्ने संस्था हो ।

सरल भाषामा भन्नुपर्दा एक्लैले गर्न कठिन हुने आर्थिक तथा सामाजिक कामलाई धेरै मानिस मिलेर पुँजी, श्रम र विश्वासका आधारमा सञ्चालन गर्ने संस्था नै सहकारी संस्था हो ।

सामान्यतया सहकारी संस्थाका मुख्य विशेषताहरूमा स्वेच्छिक सदस्यता, एक सदस्य एकमत, साझा स्वामित्व, नाफा कमाउने भन्दा सदस्यको हितलाई प्राथमिकता दिने, पारदर्शी र लोकतान्त्रिक व्यवस्थापन, सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा योगदान गर्ने आदि हुन् ।

नेपालमा पञ्चायती व्यवस्थाको कालखण्डमा २०१३ सालमा दर्ता भई सञ्चालन सुरु भएको "बखान बहुउद्देश्यीय सहकारी संस्था" (जसलाई नेपालमा दर्ता भएको सहकारी संस्थाहरूमध्ये सबैभन्दा पुरानो सहकारी संस्था मानिन्छ) देखि प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रकालीन संविधान, ऐन नियमबमोजिम हाल सञ्चालनमा रहेको सहकारी संस्थाहरूलाई वर्गीकरण गर्दा निम्न प्रकारका सहकारी संस्थाहरू सञ्चालनमा रहेका पाइन्छ ।

- बचत तथा ऋण सहकारी,
- कृषि सहकारी,
- दुग्ध सहकारी,
- उपभोक्ता सहकारी,
- बहुउद्देश्यीय सहकारी,
- महिला सहकारी,
- श्रमिक सहकारी,
- आवास सहकारी आदि ।

सामान्यतया सहकारी संस्थाका फाइदाहरूको बारेमा छलफल गर्दा सानो तिनो बचतलाई ठूलो पुँजीमा रूपान्तरण गर्न, सदस्यहरूलाई सुलभ तरिकाले ऋण उपलब्ध गराउन, रोजगारीको सृजना गर्न, कृषि तथा साना उद्यमलाई प्रोत्साहन गर्न, स्थानीय आर्थिक विकासमा योगदान दिन, सामाजिक एकता र पारस्परिक सहयोग बढाउन निकै महत्त्वपूर्ण हुने मान्न सकिन्छ ।

यस अर्थमा सहकारी संस्थाहरूको महत्त्वपूर्ण एवं प्राथमिकताका साथ गर्नुपर्ने कार्यहरूमा "नाफा कमाउनेभन्दा सदस्यहरूको हितलाई प्राथमिकतामा राखेर काम गर्ने" हुनुपर्दछ ।

बचत तथा ऋण सहकारी संस्थाको मुख्य उद्देश्य पनि बचतकर्ता सदस्यहरूमा बचत गर्ने बानीको विकास गर्नुका साथै आर्थिक तथा सामाजिक उन्नतिका लागि सदस्यहरूको हितलाई प्राथमिकतामा राखेर काम गर्नु नै हो ।

**के के प्राथमिकतामा राख्ने गरेका छन् त ?**

नेपालमा बचत तथा ऋण सहकारी संस्थाहरूले के नाफा कमाउने भन्दा सदस्यहरूको हितलाई प्राथमिकतामा राखेर काम गर्ने गरेका छन् त ?

पटक्कै छैन भन्दा फरक नपर्ला ।

समुदायमा आधारित भनि देखाउन लायक सहकारी संस्थाहरूले समेत सदस्यहरूको हितलाई प्राथमिकतामा राख्न सकेको देखिँदैन ।

समुदायमा आधारित सहकारी संस्थाहरूले वर्षको एक पटक साधारणसभामा बोलाई केही प्रतिशत रकम लाभांश वितरण गर्न सक्नुलाई सदस्यको हितमा काम गरेको मान्न मिल्दैन । किनभने, ती सहकारी संस्थाहरूले वर्षको बाँकी ३६४ दिने सदस्यहरूको हितका लागि के कस्ता कार्यक्रम गरे भन्ने प्रश्न उठ्छ ।

प्रश्न उठ्ने गरेका कारण केही नगन्य सहकारी संस्थाहरूले केही लाख रुपैयाँ खर्च गरेर विभिन्न आधारभूत तालिम, कार्यशाला, गोष्ठी, अध्ययन भ्रमण, खेलकुद प्रतियोगिता गर्ने गरेको देखिन्छ । ती सबै ती सहकारी संस्थाहरूका विज्ञापन मात्रै हुन भन्ने लाग्छ किनभने त्यस प्रकारका कार्यक्रमहरू परिणाममुखी (असर परिणाम दिने खालका) छैनन् ।

साथै त्यस किसिमका कार्यक्रमहरूका निकै थोरै सहभागिता हुने, हजारौँ बचतकर्ता सदस्यहरूको सहभागिता नै नहुने अवस्था भएकोले व्यापक सदस्यहरूको हितलाई विचार गर्दा ती कार्यक्रमहरू परिणाममुखी होइनन्, मात्र प्रचारप्रसारको सामग्रीको रूपमा कार्यक्रम गरिने गरेको देखिन्छ ।

**सदस्यहरूको हितका लागि के गर्ने ?**

सदस्य बचतकर्ताहरूलाई आफूले गरेको सानो सानो बचत लामो समयपछि आफ्नो बचतको मात्रा बढ्दा खुशी लाग्ने र केही काम गर्ने पुँजी तयार हुन सक्ने सामान्य कुरा हो भने बचत तथा ऋण सहकारी संस्थाहरूले कमसेकम सदस्यहरूले तत्काल फिर्ता नमाग्ने शेयर पुँजीबापत जम्मा भएको लगानीलाई आफ्नो स्थान, सामाजिक, आर्थिक एवं व्यावसायिक दृष्टिकोणबाट समेत अध्ययन अनुसन्धान गरी व्यापक सदस्यहरूको हितका लागि कुनै निश्चित उद्योग, व्यवसायमा लगानी गर्नु उपयुक्त हुन्छ ।

यसबाट सदस्यहरूलाई आफ्नो सानो लगानी (शेयर) भएको उद्योग व्यवसायको रूपमा अपनत्व पनि प्राप्त हुन्छ भने अर्कोतिर त्यसबाट निश्चित समयमा राम्रो प्रतिफल पनि पाउन सकिन्छ ।

उद्योग, व्यवसाय सफल हुँदै जाँदा बचतकर्ताहरूको बचत रकमको हिस्सालाई पनि थप लगानीको रूपमा उद्योग व्यवसाय विस्तारमा लगाउन सकिन्छ । जुन दीर्घकालीन उद्योग व्यवसायको रूपमा विकास हुनुका साथै संस्था र संस्थाका सदस्यहरूको हितमा प्राथमिकताका साथ गरेको कार्य ठहरिनेछ ।

अन्यथा पैसाको व्यापार अर्थात् हजारौँ साना साना बचतकर्ताहरूसँग बचत सङ्कलन गर्ने र एक/दुई जना जग्गा व्यापारी, भट्टा व्यवसायीलाई ऋण दिई "पैसाले पैसा तान्ने काम" ती एकाध व्यापारीले मात्रै गर्न पाउने अवस्था सिर्जना हुन्छ त्यो अवस्थामा बचत तथा ऋण सहकारी संस्थाको औचित्य हुने छैन ।

संस्था हजारौँ बचतकर्ताको पैसा सङ्कलन गरी एकाध व्यापारीलाई ऋण सापटी दिने पैसाको व्यापार गर्ने संस्था ठहरिनेछ । जुन व्यापक बचतकर्ता सदस्यहरूको हितलाई प्राथमिकतामा राखी काम गरेको संस्था मान्न सकिँदैन ।

**त्यसो भए के गर्ने त ?**

आफ्नो सदस्यहरूको आर्थिक सामाजिक, सांस्कृतिक अवस्थालाई विचार गरेर अध्ययन अनुसन्धानपछि निष्कर्ष निकाल्दै व्यापक बचतकर्ता सदस्यहरूको हितमा सञ्चालन गर्न सकिने उद्योग व्यवसाय, जुन उद्योग व्यवसाय सञ्चालन गर्न सानो पुँजीले सम्भव नहुने तर हजारौँ बचतकताहरूले आफूले खरिद गरेको शेयर तथा बचत गरेको रकमबाट जम्मा हुने पुँजीका कारण सम्भव हुने भएकोले



त्यस्तो ब्यवसाय वा उद्योग गर्न सकिन्छ ।

अन्यथा नेपालमा करिब २ दशकको बचत तथा ऋण सहकारी संस्थाको अनुभव र अभ्यासले बचत तथा ऋण सहकारी संस्थाहरूको काम "पैसाको व्यापार" मात्र हो भन्ने सिद्ध भएको छ ।

पैसाको व्यापार गर्दै गर्दा नेपालमा "ओरियन्टल" देखि रवि, छवि र जीबीले डुबाएका सहकारी संस्थासम्मले लाखौं लाख काम गरिखाने जनताका खरबौं रुपैयाँ बचत रकम अपचलन गरेको तर राज्य र सरकार निरीह हुनुबाहेक समस्याको समाधान गर्न नसकेको अवस्था विद्यमान छ ।

सर्वसाधारण बचतकर्ताहरूलाई आस देखाई निर्वाचनमा मत लिने दाउमा वर्तमान सरकारमा गएको दल सफल भएको देखिन्छ । तर, राज्यको ढुकुटीबाट साना केही सय बचतकर्ताहरूको बचत फिर्ताको नाटक गरेर दीर्घकालीन समाधानको उपाय बिहीन बनेको छ वर्तमान बालेन सरकार पनि ।

साथै लाखौँ लाख बचतकर्ताहरूको बचत रकम अपचलन गर्ने मानिसहरूमध्येकै सांसदहरू छन् वर्तमान सरकारी दलमा । ती सहकारी संस्थाको रकम अपचलन गर्नेहरूविरुद्ध कानुनी कारवाही गर्न नसक्नु बालेन सरकारको असफलता त छँदै छ । रास्वपा सभापति रवि लामिछानेलाई जोगाउन उनीविरुद्ध लागेको सम्पत्ति शुद्धिकरणसम्बन्धी चालु मुद्दासमेत फिर्ता लिएको अवस्था छ । त्यतिले मात्रै नपुगेर रविसँगै मुद्दा परेका छबि र जीबी राईविरुद्धका मुद्दा समेत सरकारले फिर्ता लिएको अवस्था छ । जुन सरकारको सारा बचतकर्ताहरूविरुद्धको जघन्य अपराध हो ।

**बचत सङ्कलन नगर्नु समाधान होइन !**

त्यसैले अब उप्रान्त जुनसुकै बचत तथा ऋण सहकारी संस्थाले पैसाको व्यापार गर्ने, साना बचतकर्ताहरूको पैसा सङ्कलन गरी एकाध व्यापारीलाई पोस्ने, व्यापारीसँग चर्को रकम दरमा ब्याज असुल गरी बचतकर्तालाई ब्याज र शेयरधनी सदस्यहरूलाई लाभांश खुवाउने सोच र प्रक्रियामा काम गर्ने हो भने बचत तथा ऋण सहकारी संस्थाहरूको अन्त्य निश्चित छ ।

देशभरका हजारौँ सहकारी संस्थाहरू बन्द भइसकेको अवस्थामा चलेका सहकारी संस्थाहरूले पनि सर्वसाधारणका निक्षेप (बचत) लिन इन्कार गर्दै आएको अवस्था छ । पहिल्यै संस्थामा निक्षेप/बचत गर्दै आएका सदस्यहरूको रकममा समेत सहकारी संस्थाले बैङ्क तथा वित्तीय संस्थाहरूले दिने ब्याजभन्दा न्यून ब्याज दिँदै आफूसँग भएको बचत रकम घटाउँदै गरेको देखिन्छ ।

यसरी बचत रकम घटाउँदै जानु सहकारी संस्था तत्कालका लागि सुरक्षित अवतरण हुनु भन्ने लाग्न सक्छ तर दीर्घकालीन रूपमा यसले सहकारी संस्थालाई बन्द हुने अवस्थामा नै पुऱ्याउने हो । त्यसैले जनताको बचत रकम स्वीकार गर्न नसक्ने सहकारी संस्थाहरूले अब सर्वसाधारण बचतकर्ताहरूको हितमा काम गर्छन् भन्ने विश्वास कसरी गर्ने ? प्रश्न उठेको छ ।

सहकारी संस्थाभन्दा सहकारी संस्थाबाट व्यापक फाइदा लिँदै आएका सञ्चालकहरूले हालै सरकारले जारी गरेका ऐन नियम, निर्देशनबाट डराएर बचतकर्ताहरूको बचत रकम अस्वीकार गरेको र बैङ्क तथा वित्तीय संस्थाहरूले दिने गरेको ब्याजभन्दा निकै कम ब्याज दर तोकेर ब्याज दिन र बचत रकम लिन हिच्किच्याएको हो भन्ने विज्ञहरू बताउँछन् ।

शेयर पुँजी ३०/४० करोड सङ्कलन गरी बचत रकम ३/४ सय करोड जिम्मा लिएर बचतकर्ताको विश्वास जितेका सहकारी संस्थाहरू नै अहिले उदासीन हुन परेको मूल कारण तिनीहरूको ध्यान मात्र "पैसाको व्यापार" मा निर्भर रहेरै हो ।

त्यसैले अब समय आएको छ, यस्ता जनताको विश्वास जितेर सञ्चालनमा रहेका समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूले "पैसाको व्यापार" लाई प्राथमिकतामा राख्न छोडेर बचतकर्ता सदस्यहरूको व्यापक हितलाई प्राथमिकतामा राखेर उद्योग व्यवसायतर्फ लाग्नुपर्ने आवश्यकता छ ।

यसका लागि सहकारी संस्थाहरूले विभिन्न गतिविधिमा खर्च गरिने रकममध्ये आधा रकम कटौती गरी उचित उद्योग, व्यवसायको अध्ययन अनुसन्धानमूलक कार्यमा विभिन्न विद्यालय, कलेज र विद्यार्थीहरूलाई लगाउन लगानी गर्न सकिने देखिन्छ ।

ऐन, नियम, निर्देशनको चाङ यसअघि पनि थिए, अहिले पनि छ, पछि पनि रहनेछ । तर, सहकारिताको मूल मर्मबमोजिम समान आर्थिक, सामाजिक वा सांस्कृतिक आवश्यकता भएका व्यक्तिहरूले स्वेच्छिक रूपमा एकजुट भई साझा स्वामित्वमा उद्योग, व्यवसाय सञ्चालन गर्ने हो भने सहकारी संस्थाहरूले छिमेकी मुलुक चीनमा जस्तै निकै ठूलो प्रगति गर्न सकिने विश्वास गर्न सकिन्छ ।

यसका लागि स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले सहकारीमैत्री वातावरण, सहयोग र सकारात्मक कदम चाल्नु आवश्यक छ ।

*२०८३ साउन १७*

---

**विश्वभरि...**

उनले मारेका व्यक्तिमा इलिया काभ्या पर्छन् । उनी युक्रेनी सदनमा निर्वाचित समाजवादी दलका पूर्व अध्यक्ष थिए । उनलाई मस्को पार्कमा हत्या गरेको श्रेय युक्रेनी सैन्य खुफियातन्त्रले लिएको थियो ।

दोनेत्स्क जनसेनाका कमान्डरहरू, पूर्वी युक्रेनलाई रुसमा गाभ्ने पक्षमा मतदान गर्ने त्यहाँका सरकारी अधिकारीहरू र युक्रेन सरकारको आलोचना गर्ने पत्रकारहरूलाई युक्रेनी सैन्य गुप्तचरहरूले कार-बम हानेका थिए, विभिन्न आतंककारी आक्रमण गरेका थिए । यी सबै आक्रमण बुदानोभको कमान्डमा भएको थियो ।

आन्द्री तेलिजेन्को युक्रेनका पूर्व कूटनीतिज्ञ तथा संसद्का अधिकारी थिए । हाल उनी स्वीजरल्यान्डमा छन् । उनले भने, "सिआइएले युक्रेनका लगभग सबथोक नियन्त्रण गर्छ । युक्रेनमा सिआइएका एजेन्टहरू छन् । उनीहरू पत्रकार, राजनीतिक सल्लाहकार आदिको भेषमा छन् । उनीहरूले वित्ततन्त्रमार्फत धेरै राजनीतिज्ञ र प्रभावशाली व्यक्तिहरूलाई नियन्त्रणमा राखेका छन् । सिआइएले राष्ट्रपति जेलेन्स्कीलाई प्रत्यक्ष सल्लाह दिन्छ । उनलाई सल्लाह दिन युक्रेन आएका अमेरिकीहरू सबै सिआइएका मान्छे हुन् ।"

**अमेरिकी साम्राज्य र बहुराष्ट्रिय कम्पनीहरूको फोहरी कर्म**

फिलिप एजी सिआइएको रहस्य खोल्ने व्यक्ति हुन् । उनले बेलाबखत भन्दै आएका छन् - सिआइएले नीति बनाउँदैन । बरु यसले अमेरिकाका मुठ्ठीभर सम्भ्रान्त शासकहरूको नीति कार्यान्वयन गर्ने अङ्गको रूपमा काम गर्छ । यी सम्भ्रान्तहरूले विश्वभरि अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूको शक्ति बढाउनका लागि काम गर्छन् । यसको लागि सिआइएले हिंसा र आतङ्कको प्रयोग गर्छ ।

सिआइएले जन्माएका हत्यारा गिरोहहरू साम्राज्यवादी रणनीतिका हिस्सा थिए । वामपन्थी अथवा विपक्षी राजनीतिक समूहलाई टुक्र्याउन, तिनलाई पक्राउ गर्न वा जरैबाट उखेल्न यी हत्यारा गिरोहको प्रयोग गरिएको थियो । अमेरिकाले विश्वभरि कच्चा स्रोतसाधनको दोहन गर्दै आएको छ । अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूले विश्वभरि लुटपाट मच्चाउँदै आएका छन् । यी लुटपाटमा तगारो हाल्ने सबैलाई बाटोबाट हटाउन हत्यारा गिरोहको प्रयोग भएको थियो ।

रुसमा भाँडभैलो मच्चाउने र रुसलाई कमजोर पार्ने नीति अन्तर्गत अमेरिकाले युक्रेनमा हत्यारा गिरोहहरू विकास गरेको थियो । यति गरेपछि रुस अमेरिकाको सम्भावित भूराजनीतिक प्रतिद्वन्द्वी बन्नेछैन बन्ने छैन भन्ने अमेरिकी आकलन छ । अमेरिका मध्यएसियाको तेल र ग्यासमा एकलौटी गर्न चाहन्छ । साथै, ऊ आर्कटिकमुनि रहेको खनिज स्रोतमाथि नियन्त्रण जमाउन चाहन्छ । यो खेलमा उसले रुसलाई प्रतिद्वन्द्वी देखेको छ । त्यसैले ऊ रुसलाई आफ्नो बाटोबाट हटाउन चाहन्छ ।

सन् १९७५/७६ को सुनुवाइ हाम्रा लागि उपयुक्त मोडल हुन सक्छ । त्यो वर्ष सिआइएका कुकर्मबारे चर्च समितिमा सुनुवाइ भएको थियो । त्यो सुनुवाइबाट भियतनाममा सिआइएले चलाएको फिनिक्स कार्यक्रमको भयावह प्रकृति खुलासा भएको थियो ।

सामाजिक न्यायका लागि सङ्घर्षरत सामाजिक अभियन्ताहरूले सिआइएका हत्यारा गिरोहहरूबारे अद्यावधिक संसदीय छानबिन चलाउनुपर्ने माग जोडतोडका साथ उठाउनुपर्छ । आज अमेरिकी विदेश नीति बदल्नुपर्ने र सिआइए खारेज गर्नुपर्ने मागसहित नयाँ राजनीतिक आन्दोलन उठाउनुपर्ने देखिन्छ ।

*(लेखक कुजमारोभ अमेरिकी इतिहासका विद्यावारिधि हुन् । उनले अमेरिकाका विभिन्न कलेजहरूमा अध्यापन गरिसकेका छन् । उनी अमेरिकी इतिहास तथा राजनीतिका विज्ञ मानिन्छन् । उनले विभिन्न रेडियो कार्यक्रम पनि चलाउँदै आएका छन् । उनी कोभर्ट एक्सन म्यागेजिनका प्रबन्ध सम्पादक हुन् । उनका आठ पुस्तक प्रकाशित भइसकेका छन् । 'ओबामाको अन्त्यहीन युद्ध' (सन् २०१९), 'रुसीहरू फेरि आउँदै छन्' (सन् २०१८), 'युद्धपिपासु' (सन् २०२३), 'सिरिया : सत्तापरिवर्तनको चिरफार' (सन् २०२५), 'अमेरिकामा राजनीतिक हत्याहरू' (सन् २०२६) आदि उनका चर्चित पुस्तक पर्छन् । यसबाहेक पनि कुजमारोभका सयौँ लेख-रचना प्रकाशित छन् । उनका लेख-रचना 'सबस्टाक' मा पढ्न पाइन्छ ।*

***स्रोत : कोभर्ट एक्सन म्यागेजिन । सम्यक)***

---

# शोभा स्मृति कोषमा रकम थपिँदै

भक्तपुर, १७ साउन । समाजमा 'सिस्नो रोपेर तुल्सी उम्रन्न' भन्ने उखान चलेको पाइन्छ । सिस्नो हैन तुल्सी रोप्नुपर्छ भन्ने उखानको सन्देश हो । नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सदस्य शोभा प्रधानले जीवनको उत्तरार्द्धमा आफू कार्यरत रहेको वागीश्वरी मा.वि. का शिक्षक कर्मचारीहरूको स्वास्थ्योपचारमा सहयोग पुगोस् भन्ने सदाशयले 'वागीश्वरी शिक्षक कर्मचारी स्वास्थ्य उपचार शोभा प्रधान स्मृति कोष' स्थापना गर्नुभएको थियो । रु. दुई लाखबाट सुरु भएको उक्त कोष हाल विभिन्न व्यक्ति र संस्थाको थप सहयोगले रु. एक्काइस लाखभन्दा बढीको कोष बन्न पुगेको विद्यालय स्रोतबाट थाहा भएको छ ।

कोषका सहयोगी दाता संस्थामा वागीश्वरी मा.वि.ले रु. पाँच लाख थप गरेको छ भने व्यक्ति दाताहरूमध्ये सिद्धिवीर कर्माचार्य र उहाँकी श्रीमती रेणु कर्माचार्यले हालसम्म चार पटक गरी रु. ४ लाख १७ हजार सात सय छयहत्तर रूपैयाँ कोषमा थप्नुभएको छ । स्व. शोभा प्रधानको चौथो वार्षिक स्मृतिमा उहाँहरूले चौथो पटक रु. एक लाख चार हजार चार सय चवालीस रूपैयाँ हालै थप्नुभएको हो । यीबाहेक रामप्रसाद सुवाल, शोभना शाक्य र ज्ञानसागर प्रजापतिले पनि कोषमा योगदान गर्नुभएको छ ।

दाता सिद्धिवीर कर्माचार्यले वागीश्वरी मा.वि.को विज्ञान सङ्कायमा अध्ययनरत विद्यार्थीहरूको निम्ति पनि छुट्टै छात्रवृत्ति अक्षय कोष स्थापना गर्नुभएको छ । उक्त कोषमा सिद्धिवीरको नाममा तीन लाख दस हजार तीन सय बत्तीस रूपैयाँ, उहाँका बुबा जोगवीर कर्माचार्य र आमा मोहनमाया कर्माचार्यको नाममा एक लाख चार हजार चार सय चवालीस रूपैयाँ र उहाँकी श्रीमती रेणु कर्माचार्यको नाममा रु. एक लाख चार हजार चार सय चवालीस रूपैयाँ गरी जम्मा पाँच लाख उन्नाइस हजार दुई सय बीस रूपैयाँको छुट्टै छात्रवृत्ति अक्षय कोष पनि राख्नुभएको छ ।

# नगर प्रमुख प्रजापतिसँग युनेस्कोका नेपाल प्रतिनिधि जाको डु टोइटबिच शिष्टाचार भेट



भक्तपुर । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिसँग नेपालका लागि युनेस्कोका प्रतिनिधि जाको डु टोइटले साउन १५ गते शिष्टाचार भेट गर्नुभयो । भेटमा भक्तपुरको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र भावी पुस्तामा हस्तान्तरणका विषयमा छलफल भयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले मूर्त तथा अमूर्त सम्पदाको संरक्षणलाई निरन्तर प्राथमिकतामा राख्दै आएको बताउनुभयो । उहाँले सम्पदा क्षेत्रलाई असर पर्ने कन्सर्ट तथा सवारीसाधनहरूको प्रवेशलाई क्रमश: नियन्त्रण गरिएको, पुरानो नगर क्षेत्रभित्र परम्परागत तथा मौलिक शैलीमा घर निर्माण गर्न नागरिकलाई प्रेरित गर्नुका साथै अनुदान उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो ।

उहाँले अमूर्त सम्पदाको संरक्षणका लागि युवा पुस्तालाई विभिन्न सीपमूलक तालिम सञ्चालन, दाफा प्रदर्शन, बाजा प्रतियोगिता तथा परम्परागत ज्ञान र सीपको पुस्तान्तरण एवं हस्तान्तरणमार्फत संरक्षणको कार्य भइरहेको बताउनुभयो । भक्तपुरको जुजु धौ, माटोका कला, काष्ठकला, धातुकला तथा प्रस्तरकलाजस्ता सिर्जनात्मक कार्यहरूको संरक्षण र प्रवर्द्धनमा नगरपालिकाले विशेष ध्यान दिएको उहाँले उल्लेख गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले नयाँ पुस्तालाई स्थानीय सम्पदा, संस्कृति र इतिहासबारे जानकारी गराउन स्थानीय पाठ्यक्रममार्फत अध्ययन-अध्यापन गराइँदै आएको र सांस्कृतिक नगर भक्तपुरमा वर्षभरि सञ्चालन हुने विभिन्न जात्रापर्वले अमूर्त सम्पदाको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

युनेस्कोका नेपाल प्रतिनिधि जाको डु टोइटले सम्पदा संरक्षणका क्षेत्रमा युनेस्को र भक्तपुर नगरपालिकाबिच सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले सिर्जनात्मक उद्योगको विकासका लागि तालिम सञ्चालन, नेपालका सातै प्रदेशमा अमूर्त सांस्कृतिक सम्पदाको सूचिकृत गर्ने कार्य तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालनमा युनेस्कोले सहकार्य गरिरहेको जानकारी दिनुभयो ।

उहाँले समुदायमा आधारित सम्पदा संरक्षणले स्थानीय आयआर्जन, रोजगारी सिर्जना तथा दिगो पर्यटन विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गर्दै सम्पदाको संरक्षणसँगै यसको दिगो उपयोगमा पनि जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

भेटका अवसरमा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा प्रकाशित सम्पदा, इतिहास, संस्कृति तथा विकास निर्माणसम्बन्धी विभिन्न प्रकाशनहरू युनेस्कोका नेपाल प्रतिनिधि जाको डु टोइटलाई उपहारस्वरूप प्रदान गर्नुभयो ।

भेटमा युनेस्को नेपालको संस्कृति क्षेत्र राष्ट्रिय कार्यक्रम कार्यालयकी नाभा बस्न्यात थापा तथा भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालको पनि उपस्थिति थियो ।

# चिनियाँ कम्युनिस्ट पार्टीले व्यापक र कडा पार्टी अनुशासन कार्यान्वयनको अनुसन्धान गर्ने



पेइचिङ, १४ साउन (सिन्ह्वा) । चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्युरोले जुलाई ३० मा बैठकको आयोजना गरी यस वर्ष अक्टोबरमा पेइचिङमा २० औं चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको पाँचौं पूर्ण सत्र बोलाउने निर्णय गरेको छ ।

चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्युरोले केन्द्रीय समितिलाई आफ्नो कामको रिपोर्टिङ गर्ने र व्यापक र कडा पार्टी अनुशासनको निरन्तर प्रगतिसँग सम्बन्धित धेरै प्रमुख मुद्दाहरूको अध्ययन अनुसन्धान गर्ने एजेन्डामा समावेश छ ।

बैठकले वर्तमान आर्थिक अवस्थाको पनि विश्लेषण गऱ्यो र वर्षको दोस्रो आधामा आर्थिक कार्यको व्यवस्थापन गरेको थियो । चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव सी चिनफिङले सो बैठकको अध्यक्षता गर्नुभएको थियो ।

बैठकले चिनियाँ कम्युनिस्ट पार्टीको १८ औं राष्ट्रिय महाधिवेशनदेखि पार्टी अनुशासनलाई व्यापक रूपमा सुदृढ पार्ने, शताब्दी पुरानो पार्टीको लागि आत्म-क्रान्तिको नयाँ क्षेत्र खोल्ने, पार्टी र देशको उद्देश्यमा ऐतिहासिक उपलब्धि र रूपान्तरणहरूलाई प्रवर्द्धन गर्ने काममा ठूलो उपलब्धि हासिल गरेको छ ।

पार्टी र जनताले बलियो पार्टी र बलियो देश निर्माण गर्ने ऐतिहासिक पहल हासिल गरेका छन् । बैठकले उल्लेख गरेअनुसार यस वर्षको सुरुदेखि सी चिनफिङकेन्द्रित चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिले सम्पूर्ण पार्टी र देशभरका सबै जातीय समूहका जनतालाई एकताबद्ध र नेतृत्व गरेको छ । दृढ सङ्कल्प र कडा परिश्रमका साथ अगाडि बढिरहेको पार्टीले, घरेलु र अन्तर्राष्ट्रिय मामिलाहरू समन्वय गर्ने सिद्धान्त पालना गर्दै, विकास र सुरक्षा सन्तुलन गर्दै आएको छ ।

विभिन्न बाह्य झट्का र आन्तरिक कठिनाइहरूको प्रभावकारी रूपमा प्रतिक्रिया दिनुका साथै चीनको अर्थतन्त्रले नयाँ गति र अनुकूलित संरचनाको विकास प्रवृत्ति देखाएको पनि जनाइएको छ । बैठकले घरेलु मागलाई प्रभावकारी रूपमा विस्तार गर्ने, विभिन्न समूहहरूको उपभोग आवश्यकताहरू पूरा गर्न उच्च-गुणस्तरको आपूर्ति विस्तार गर्ने र सेवा उपभोगको सम्भावनालाई प्रयोग गर्ने आवश्यकतामा जोड दियो ।

बैठकले पारस्परिक लाभदायक अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापारिक सहयोगको लागि ठाउँ विस्तार गर्ने, सेवा व्यापारलाई जोडदार रूपमा विकास गर्ने र सन्तुलित व्यापार विकासलाई प्रवर्द्धन गर्ने आवश्यकता औंल्यायो । यसले विदेशी लगानीको लागि व्यवस्थापन प्रणाली र व्यापक विदेशी सेवा प्रणालीमा सुधार गर्ने र सक्रिय रूपमा विदेशी लगानी आकर्षित गर्ने र उपयोग गर्ने महत्त्वमा पनि जोड दिएको छ ।

**चीन कुनै पनि प्रकारको आणविक हतियार प्रतिस्पर्धामा सहभागी हुँदैन : चीनको परराष्ट्र मन्त्रालय**

यसैबिच जुलाई ३० का दिन चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता माउ निङले नियमित पत्रकार सम्मेलनको अध्यक्षता गर्नुभएको छ । यस वर्ष 'व्यापक आणविक परीक्षण प्रतिबन्ध सन्धि' भएको ३० वर्ष पूरा भएको छ भने चीनले आणविक परीक्षण स्थगन गरेको ३० वर्ष पूरा भएको छ । ३० वर्षमा चीनले आणविक परीक्षण स्थगन गर्ने प्रतिबद्धतालाई निरन्तर पालना गर्दै आएको छ र आणविक परीक्षण निषेध अन्तर्राष्ट्रिय सहमति बनिसकेको छ ।

प्रवक्ता माउ निङले भन्नुभयो, "विगत ३० वर्षमा चीनले 'आणविक परीक्षण स्थगन' गर्ने आफ्नो प्रतिबद्धतालाई सधैं कायम राखेको छ र अन्तर्राष्ट्रिय आणविक परीक्षण निषेध प्रयासलाई सक्रिय समर्थन गर्दै आएको छ । 'व्यापक आणविक परीक्षण प्रतिबन्ध सन्धि'मा हस्ताक्षर गर्ने पहिलो राष्ट्रमध्येको एकको रूपमा रहेको चीनले सन्धिको उद्देश्य र लक्ष्यलाई दृढतापूर्वक समर्थन गर्दछ; सन्धि शीघ्र प्रभावकारी होस् भन्ने कुराको समर्थन गर्दछ; विकासोन्मुख राष्ट्रको क्षमता निर्माणलाई सहयोग गर्दछ र आन्तरिक सन्धि कार्यान्वयन तयारी कार्यलाई सक्रिय रूपमा अघि बढाउँदछ, जसले सन्धिको सार्वभौमिकता र प्राधिकारिताको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।"

# किसान सङ्घ स्थापना दिवसमा प्रशिक्षण




भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ, चाँगुनारायण नगर समितिको आयोजनामा नेपाल क्रान्तिकारी किसान सङ्घको ५८ औं स्थापना दिवसको अवसरमा साउन १७ गते प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपा, चाँगुनारायण नगर समितिका अध्यक्ष एवम जिल्ला समिति, भक्तपुरका उपाध्यक्ष न्हुछेभक्त फोजूले नेपाल क्रान्तिकारी किसान सङ्घको स्थापनाका आधारहरूमा २०२१ सालको भूमिसुधार कार्यक्रम उपयोग गर्नु, २०२५ साल साउन २ र २०२६ साल असार १९ को ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलन आदि भएको बताउनुभयो । उहाँले २०२५ साल साउन १४ गते विधिवत् रूपमा स्थापना भएको किसान सङ्घले किसानहरूको हितमा मोहियानी हक सुरक्षा आन्दोलन, भर्पाई आन्दोलन र बाली काट्ने आन्दोलन गरेको स्मरण गराउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घको स्थापनाका उद्देश्यहरूबारे चर्चा गर्दै उहाँले किसानहरूलाई राजनीतिक, सैद्धान्तिक, वैचारिक र व्यावहारिक रूपमा परिपक्व बनाई समाजवादी गणतन्त्र अभियान कार्यक्रममा समाहित हुने र गराउनुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

उहाँले चाँगुनारायण नगरपालिकामा भइरहेको विकृति, विसङ्गति, बेथिति, अनियमितता, पक्षपात र भ्रष्टाचार भइरहेकोबारे सामाजिक सञ्जाल र स्थानीयमा व्यापक चर्चा परिचर्चा भइरहेको हुँदा सोको बारे नगरवासीहरू सचेत, सजग र सङघर्षशील हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

अतिथि फोजूले गत असार १० गते सम्पन्न भएको चाँगुनारायण नगरपालिकाको १८ औं नगरपरिषद्मा नेमकिपाको तर्फबाट एक घर एक रोजगारको व्यवस्था गर्नुपर्ने, घरदैलो नर्सिङ सेवाको व्यवस्था गर्नुपर्ने, वडा वडामा ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतनको व्यवस्था गर्नुपर्ने, प्रत्येक वडामा बालबालिकाहरूको लागि बालउद्यान र शिशुशालाको व्यवस्था गर्नुपर्ने, कृषिमा आत्मनिर्भर बनाउन कृषकहरूलाई आवश्यक मलखाद, बीउबिजन, कीटनाशक औषधि तथा कृषि औजारहरू उपलब्ध गराउनुपर्ने, आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने सुझावहरू दिइएको जानकारी दिनुभयो ।

नेमकिपा चाँगुनारायण नगर समितिका सदस्य एवम् चाँगुनारायण नगरपालिकाका कार्यपालिका सदस्य कमला भारती गिरीले चाँगुनारायण नगरपालिकामा भइरहेको पक्षपातपूर्ण व्यवहार, बेथिति र विसङ्गतिको बारेमा आफ्नो भनाइ राख्नुभएको थियो ।

ने.क्रा.कि. सङ्घ चाँगुनारायण नगर समितिका अध्यक्ष नारायणभक्त न्हेम्हाफुकीको सभापतित्वमा सम्पन्न भएको प्रशिक्षण कार्यक्रममा नेक्राकिसङ्घका केशरबहादुर खड्का, कुमारप्रसाद सुवाल र गणेश सुवालले किसान समस्या र समसामयिक विषयमा बोल्नुभएको थियो ।

त्यस्तै नेपाल क्रान्तिकारी किसान सङ्घ, चानपा - ५ छालिङको आयोजनामा नेपाल क्रान्तिकारी किसान सङ्घको ५८ औं स्थापना दिवसको अवसरमा साउन १६ गते प्रशिक्षण कार्यक्रम भयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले नेपाल क्रान्तिकारी किसान सङ्घले पार्टीको निर्देशनअनुसार स्थापनाकालदेखि नै किसानहरूको हितमा मोहियानी हक सुरक्षा आन्दोलन, भर्पाई आन्दोलन र बाली काट्ने आन्दोलन गर्दै आइरहेको औंल्याउनुभयो ।

उहाँले देशमा नेमकिपा र नेपाल क्रान्तिकारी किसान सङ्घ नभएको भए किसानहरूको आर्थिक अवस्था हालको अवस्थामा आउन नसकिने र आफ्ना छोराछोरी, नातिनातिनाहरूलाई उच्च शिक्षा हासिल गराउन सक्दैनथ्यो होला भन्नुभयो ।

उहाँले जनताको आधारभूत आवश्यकतामा पर्ने विषय स्वास्थ्य र शिक्षामा ३ प्रतिशत कर लगाउनु, विद्युत्मा ५ देखि १३ प्रतिशत भ्याट लगाउनु, राइड सेयरिङमा ५ प्रतिशत कर लगाउनु, जग्गा नामसारी, घरबारी सिफारिस, नाता प्रमाणित सिफारिस, आदिवासी प्रमाणित सिफारिस, खानेपानी र विद्युत् जडान सिफारिस, जन्म, मृत्यु र विवाह दर्तामा सयौं गुणा कर वृद्धि गर्नु रास्वपा सरकारको जनघाती र जनद्रोही कार्य भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ चाँगुनारायण नगर समितिका सचिव एवम् चानपा ५ छालिङका अध्यक्ष सूर्यबहादुर फोजुले छालिङवासीहरूको हितमा नेमकिपा र किसान सङ्घले भौतिक पूर्वाधार र शिक्षा प्रचारमा जनतालाई सचेत, सजग र सङ्गठित बनाउने कार्यमा नि:स्वार्थ रूपमा सेवा गर्दै आइरहेको चर्चा गर्नुभयो ।

# नेपाल क्रान्तिकारी किसान सङ्घको ५८ औँ स्थापना दिवस




भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा नेपाल क्रान्तिकारी किसान सङ्घको ५८ औं स्थापना दिवस साउन १४ गते प्रशिक्षण गरी मनाइयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य उकेश कवांले देशका बहुमत जनता किसान भएकाले जबसम्म किसान समस्या समाधान हुँदैन तबसम्म देशको समस्या समाधान हुँदैन भन्नुभयो । शासकहरूले देशको भूमि मिच्दा पनि केही नबोल्ने शासकहरू विदेशी दलाल हुन् र देशको निम्ति लड्नेहरू देशभक्त हुन् भन्नुभयो ।

पुरानो सरकार र नयाँ सरकारबिच खासै भिन्नता नभएको स्पष्ट पार्दै उहाँले यो सरकार पनि जनविरोधी छ भन्नुभयो ।

उहाँले कृषिप्रधान देशमा मल, बीउ र सिँचाइको राम्रो व्यवस्था गर्न नसक्ने यो रास्वपाको सरकारले आत्मनिर्भर कृषि नीति ल्याउन सकेको छैन र वास्तविक किसानहरूको समस्या समाधान गर्न सकेको छैन भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका सचिव हरिराम सुवालले वास्तविक जग्गा जोत्ने किसानलाई जग्गाको मालिक बनाउनुपर्ने उल्लेख गर्दै रास्वपाको सरकारले भ्रष्टाचार अन्त्य गर्ने काँटछाँट देखिँदैन भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालको सभापतित्वमा भएको उक्त प्रशिक्षण कार्यक्रममा जिल्ला सदस्यद्वय राजेन्द्र बखुन्छैं र पूर्णगोपाल राजचलले पनि बोल्नुभएको थियो ।

त्यस्तै नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिको आयोजनामा नगरस्तरीय किसान भेला गरी ५८ औं स्थापना दिवस मनाइयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गंगाराम ज्याख्वको सभापतित्वमा भएको सो कार्यक्रममा स्थापना दिवसको महत्त्वबारे आर. प्रजापति, लक्ष्मीप्रसाद ह्योँमिखा, पूर्णगोपाल राजचल, गोपालदास बासुकला, मानबहादुर चोलेख्वले पनि बोल्नुभएको थियो ।

# फ्रेडरिक एङ्गेल्स : जीवन र व्यक्तित्व


फ्रेडरिक एङ्गेल्स कामदारवर्गका गुरु एवम् नेता हुनुहुन्थ्यो । उहाँ २८ नोभेम्बर १८२० को दिन पश्चिमी जर्मनीको बर्मेन उपत्यकाको उपरटाल सहरमा जन्मनुभएको थियो । उहाँको बुबा एउटा कपडा कारखानाको मालिक हुनुहुन्थ्यो । एङ्गेल्सले आफ्नो पढाइ उपरटालको एक पाठशालामा सुरु गर्नुभयो । उहाँको बुबा कडा मिजासको हुनुहुन्थ्यो । उहाँ बुबाको निगरानीमा हुर्किनुभयो ।


विद्यालयको अध्ययन पूरा नहुँदै एङ्गेल्सलाई उहाँको बुबाले उत्तरी जर्मनीको ब्रेमनमा व्यापारको निम्ति पठाउनुभयो । उहाँ आफ्नो बुबाको कारखानामा एक कर्मचारीको रूपमा काम गर्न बाध्य हुनुभयो । तर, फुर्सदको बेलामा उहाँले आफ्नो स्व-अध्ययनलाई निरन्तरता दिनुभयो । उहाँ इतिहास, दर्शनशास्त्र, विदेशी भाषा, साहित्य, भाषा विज्ञान आदि विषय मन लगाएर पढ्नुहुन्थ्यो ।


विद्यालयको अध्ययन पूरा नहुँदै एङ्गेल्सलाई उहाँको बुबाले उत्तरी जर्मनीको ब्रेमनमा व्यापारको निम्ति पठाउनुभयो । उहाँ आफ्नो बुबाको कारखानामा एक कर्मचारीको रूपमा काम गर्न बाध्य हुनुभयो । तर, फुर्सदको बेलामा उहाँले आफ्नो स्व-अध्ययनलाई निरन्तरता दिनुभयो । उहाँ इतिहास, दर्शनशास्त्र, विदेशी भाषा, साहित्य, भाषा विज्ञान आदि विषय मन लगाएर पढ्नुहुन्थ्यो ।


एङ्गेल्स युवा हेगेलवादीहरूको सङ्गतमा पर्नुभयो । उहाँ प्रगतिशील भावनाबाट प्रभावित हुनुहुन्थ्यो । सङ्गतकै कारण अन्धविश्वास र धर्मबाट उहाँ टाढिनुभयो । युवा एङ्गेल्समा कारखाना मालिकबाट कामदारमाथि हुने शोषणको विरोधको भावना जाग्यो । 'युवा जर्मनी' नामको युवाहरूको परिवर्तनवादी समूहले 'जर्मनीको टेलिग्राम' शीर्षकको एक प्रगतिशील पत्रिका निकाल्थ्यो । एङ्लगेल्सले पनि त्यस पत्रिकामा धर्मको नाममा मजदुरमाथि शोषण गर्ने मालिकको अत्याचारको विरोधमा लेख तथा 'उपरटालबाट चिठी' शीर्षकमा लेख्नुहुन्थ्यो । त्यसबेला, क्रान्तिकारी प्रजातन्त्रवादीको दृष्टिकोणको प्रचार भइरहेको थियो । यसकारण, त्यस पत्रिकामा उहाँले जनताको हितसम्बन्धी लेख तथा आलोचनात्मक साहित्य लेख्नुहुन्थ्यो ।

सन् १८४१ र १८४२ को बिचमा एङ्गेल्स २२ वर्षको उमेरमा प्रसियाको राजधानी बर्लिनमा पैदलसेनाको सेवामा स्वयम्सेवकको रूपमा भर्ना हुनुभयो । त्यस तालिमबाट उहाँले बर्लिनको विश्वविद्यालयमा समेत अध्ययन गर्ने अवसर पाउनुभयो । उहाँले विश्वविद्यालयका प्राध्यापकहरूको प्रवचन सुन्ने अवसरको कारण तत्कालीन जर्मनीका अनेक विषयमा जानकारी हासिल गर्नुभयो र फायरबाखको रचना 'नागरिकताको आवश्यकता'को प्रभाव उहाँमा पऱ्यो । उहाँ फायरबाखको 'क्राइस्टको दर्शन' र तत्कालीन अवस्थामा चर्चित प्रतिक्रियावादी दार्शनिकहरूको 'रहस्यवाद र दुरुहता' को विरोध गर्दै अनिश्वरवाद एवम् नास्तिकताको भावना प्रवाह गर्नुहुन्थ्यो । पछि मात्र उहाँका पाठकहरूले लेखक एक माझिएको दार्शनिक होइन, प्रवेशिका पनि उत्तीर्ण नभएको युवा सैनिक स्वयम्सेवक भएको थाहा पाए ।





एङ्गेल्स

मार्क्स

## एङ्गेल्सको पल्टनको जीवन

सन् १८४१ मा एङ्गेल्स प्रशियाको अनिवार्य सैनिक सेवामा प्रवेश गर्नुभयो । ब्यारेकमा उहाँ अनुशासित जीवन बिताउनुहुन्थ्यो । उहाँको पोशाक नियमअनुसार चट्ट मिलेको हुन्थ्यो, पेटी र जुत्ता टल्केका हुन्थे । सैनिक विज्ञान, प्रारम्भिक दाउपेच, मोर्चाबन्दी, पुल निर्माण, खाडल खन्न, हरेक प्रकारका हातहतियार चलाउन, सेनाको रसद-पानीको व्यवस्थापन गर्न, स्वास्थ्यको हेरचाह, उपचार र अस्पताल व्यवस्थापन आदि विषयमा पनि उहाँ गम्भीर हुनुहुन्थ्यो ।

एङ्गेल्स सन् १८४२ को अन्ततिर आफ्नो बुबाको बेलायतको मेनचेस्टरको कारखानामा काम गर्न जानुभयो । बेलायतमा दुई वर्ष बस्दा उहाँले त्यहाँको पुँजीवादी व्यवस्था, पुँजीपतिवर्गको हानथाप र आन्तरिक बेमेलहरू बुझ्नुभयो । बेलायतको राजनैतिक अर्थशास्त्र, बेलायती काल्पनिक समाजवादी रोवर्ट ओवेन र युरोपको सबभन्दा सशक्त मजदुरवर्गको मागपत्रको आन्दोलनबारे अध्ययन गर्नुभयो । त्यहाँका मजदुर आन्दोलनमा आफै सहभागी हुनुभयो र मागपत्रका आन्दोलनका नेताहरूसँग उहाँले भेटघाट गर्नुभयो । त्यसै अवधिमा उहाँले साम्यवाद, भौतिकवादी दार्शनिक फायरबाखको दर्शन, ओवेनको 'नयाँ आदर्श विश्व' र थोमस कार्लाइलको 'बेलायतको स्थिति, भूत र वर्तमान' पढ्नुभयो ।

## एङ्गेल्सको मार्क्ससँगको पहिलो भेट

बेलायत जाने बेलामा एङ्गेल्स कोलोनमा पुग्नुभयो । त्यसबेला कार्ल मार्क्स 'राइन समाचार' मा काम गर्नुहुन्थ्यो । दुई महान् व्यक्तित्वबिच पहिले भेट कोलोनमै भयो । 'स्वतन्त्र' बर्लिनबारे उहाँहरूको विचारमा एकरूपता थिएन । 'राइन समाचार' को निम्ति एङ्गेल्सले बेलायतको संवाददाताको रूपमा सहयोग गर्नुभयो । एङ्गेल्स 'जर्मन-फ्रान्स वर्षपत्र' र 'स्वतन्त्र मानव' पत्रिकामा लेखहरू लेख्नुहुन्थ्यो । मार्क्स स्पष्ट वक्ता, जालझेल नगर्ने तथा विचार लुकाउन जान्नु हुन्नथ्यो । दुवै जना हेगेल र फायरबाखबाट प्रभावित हुनुहुन्थ्यो । एउटै भेटमा सबै विषय र चिन्तन शैलीमा एकरूपता आउने र बुझ्ने कुरा भएन ।

## एङ्गेल्सको व्यक्तित्व, भाषा र शैली

एङ्गेल्स पनि मार्क्सजस्तै हरेक विषयमा कलम चलाउनुहुन्थ्यो । लगभग दुवै एकै ढङ्गले सोच्नुहुन्थ्यो तर लेखनशैली भने भिन्न थियो । एङ्गेल्सको भाषा साह्रै सरल र भावपूर्ण हुन्थ्यो । क्लिष्टता उहाँ रुचाउनु हुन्नथ्यो । उहाँको लेखाइ सलल बग्ने खालको थियो ।

## भाषाविद्

विभिन्न भाषा सम्बन्धमा मार्क्सभन्दा एङ्गेल्स बढी भाषामा दखल हुनुहुन्थ्यो । एङ्गेल्समा जर्मनी, फ्रान्सेली, अङ्ग्रेजी, रुसी, फारसी, अरबीलगायत लगभग १९ भाषाको ज्ञान थियो । उहाँ बीसवटा भाषा बोल्न सक्नुहुन्थ्यो । भाषामा दखल भएको हुनाले इन्टरनेसनल (अन्तर्राष्ट्रिय मजदुर सभा) का बैठकहरूमा उहाँमा धेरै जिम्मेवारी हुने गर्थ्यो ।

उहाँ भन्नुहुन्थ्यो, "हामीले कमसेकम ती जातिहरूको भाषा, इतिहास, सामाजिक संस्थाहरूको अध्ययन गर्नुपर्छ, जसबाट हामीलाई चाँडै काम आउनेछ ।" उहाँले तीन हप्ताभित्र फारसी भाषा सिक्नुभएको थियो । जर्मनिक प्राचीन नाडिक भाषामा उहाँ पहिले नै जानकारी राख्नुहुन्थ्यो । आयरल्यान्डको प्रश्नको बेलामा उहाँले आफ्नो ध्यान गैलिक भाषामा लगाउनुभएको थियो । १४ दिनभित्र उहाँले रुसी भाषाको व्याकरण राम्रो बनाउनुभयो र २-३ महिनाभित्र रुसी भाषा सिक्नुभयो ।

यसप्रकार उहाँ विभिन्न देश र जातिको भाषामा बडो गहिरो चाख र अध्ययन गर्नुहुन्थ्यो । यी सबै काम उहाँले सर्वहारावर्गकै भलाइको निम्ति गर्नुभएको थियो ।

## मनपर्ने विषय

त्यसो त उहाँ अर्थशास्त्र, दर्शनशास्त्र, समाजशास्त्र, इतिहास, साहित्य, भाषा विज्ञान, सैनिक विज्ञान आदि ज्ञान-विज्ञानका विभिन्न क्षेत्रको अध्ययन गर्नुहुन्थ्यो । सैनिक विज्ञानमा उहाँको विशेष अभिरुचि थियो । उहाँले नेपियर, जोमिनी, क्लाउजेविजजस्ता अङ्ग्रेजी, फ्रान्सेली र जर्मनीका ठूलठूला सैनिक इतिहासकारका विचारको गहिरो अध्ययन गर्नुभएको थियो ।

## बेलायतको विषयमा

एङ्गेल्सले अङ्ग्रेजी साहित्यको विषयमा भन्नुभएको थियो, "फ्रान्सेली साहित्यको दाँजोमा अङ्ग्रेजी साहित्य गरिब छ ।"

त्यसबेला शिक्षित अङ्ग्रेजको विषयमा एङ्गेल्सले भन्नुभएको थियो, "त्यो (अङ्ग्रेज शिक्षितवर्ग) सारा संसारको अत्यन्त घृणित दास हो र धार्मिक दृष्टिले अन्धविश्वासी एवम् पक्षपाती छ । अङ्ग्रेज समाजमा खाली एउटै सुशीलवर्ग छ जसलाई युरोपमा मजदुर भनिन्छ । बेलायतमा अछूत मानिएको गरिबवर्ग छ - तिनीहरू जतिसुकै झुत्रेझाम्रे र डरपोक किन नहोऊन् । बेलायतको मुक्तिको आशा तिनीहरूबाटै गर्न सकिन्छ । त्यो वर्ग अशिक्षित छ तर तिनीहरूमा पक्षपात छैन, उनीहरूलाई शिक्षित गर्न सकिन्छ । युरोपमा अहिले पनि एक ठुलो राष्ट्रिय आन्दोलन गर्न पुग्दो शक्ति छ, भविष्य उसकै हातमा छ ।"

## रूसको विषयमा

एङ्गेल्स रुसको विषयमा खुबै ध्यान राख्नुहुन्थ्यो । त्यसबारे रुसी समाजवादी बाकुनिन (जो पछि मार्क्सवादविरोधी भए) रुसी किसानलाई जन्मजात कम्युनिस्ट सम्झन्थे र त्यहाँको प्राचीन सामूहिक खेती तुरुन्तै साम्यवादी सम्पत्तिमा परिणत गर्न सकिन्छ भन्ने कुरोमा विश्वास गर्थे । तर, उनको त्यो गलत दृष्टिकोणलाई खण्डन गर्न रुसी समाजको अध्ययन गर्न आवश्यक थियो । रुसी समाजको अध्ययन गर्न एङ्गेल्सले रुसी भाषा पढ्नुभएको थियो ।

बाकुनिनविरोधी भएर गइसकेपछि र मार्क्सको निधनपछि पनि रुसी सामाजिक-जनवादी नेताहरू एङ्गेल्ससँग अटुट सम्बन्ध राख्थे ।

सन् १८७८ - १८९५ मा एङ्गेल्सले लेख्नुभएको थियो, "रुसी क्रान्ति दैलोमा खडा छ ।" मार्क्स र एङ्गेल्स दुवैजना रुसमा पुँजीवादी-प्रजातन्त्र, त्यसमा पनि खास गरेर किसान क्रान्तिको सम्भावना देख्नुहुन्थ्यो ।

सम्भावित रुसी क्रान्तिको विषयमा उहाँले भन्नुभयो, "यस्तो परिवर्तनलाई युरोपका हरेक देशका मजदुरले सारा संसारको श्रमको मुक्तिको साझा उद्देश्यको निम्ति महान् अभियानको रूपमा खुसी साथ स्वागत गर्नुपर्छ ।" उहाँले रुसी क्रान्ति विश्व इतिहासको एक उदाहरणको बिन्दु हुनेछ भन्नुभयो । एङ्गेल्सले रुसको माथिल्लोवर्गले नेतृत्व दिन सक्दैन र उठिरहेको सर्वहारावर्गलाई सहरी क्षेत्रका किसान आन्दोलनसँग एकाकार गरिएन भने किसान आन्दोलन खालि स्थानीय स्तरमा सीमित हुने र बेकार हुने विश्लेषण गर्नुभएको थियो । तर, उहाँले रुसी सर्वहारा कमजोरै छ भन्ने कुरा बिर्सनुभएको थिएन ।

## मार्क्सको भनाइमा एङ्गेल्स

"तिमी (एङ्गेल्स) पहिल्यै यति ज्ञान राख्छौ कि म त्यस तत्त्वमा बिस्तारै पुग्छु । खासमा म तिम्रो पद-चिह्नमा हिँड्छु ।" यो कुरो सत्य पनि हो । राजनैतिक अर्थशास्त्रबारे एङ्गेल्सले मार्क्सले भन्दा पहिल्यै अध्ययन गर्नुभएको थियो । सन् १८४४ फेब्रुअरी महिनामै एङ्गेल्सको 'राजनैतिक अर्थशास्त्रको आलोचनात्मक रूपरेखा' निस्किसकेको थियो । त्यो मजदुरवर्ग एवम् समाजवादी दृष्टिकोणमा पुँजीवादी राजनैतिक अर्थशास्त्रको विश्लेषण थियो ।

एङ्गेल्सको परिश्रमको विषयमा मार्क्स भन्नुहुन्थ्यो- "दिन-रात काम गर्न तयार, लेख्नमा तीखो र 'राक्षस' जस्तो सक्रिय ।" यो मार्क्सको एङ्गेल्ससँगको बीस वर्षको लामो मित्रताको अनुभवको सार थियो ।

मार्क्स आफ्नो सबभन्दा ठूलो कसी एङ्गेल्सलाई मान्नुहुन्थ्यो । एङ्गेल्सको सल्लाह मान्न मार्क्स जहिले पनि तयार रहनुहुन्थ्यो । फ्रान्सेली अन्तर्राष्ट्रिय मजदुर नेता लाफार्जको भनाइअनुसार मार्क्स आफ्ना मित्र एङ्गेल्सको विषयमा साह्रै गौरव गर्नुहुन्थ्यो । उहाँ (मार्क्स) आफ्नो साथी (एङ्गेल्स) का सबै नैतिक र बौद्धिक गुणको साह्रै खुसी भएर बयान गर्नुहुन्थ्यो र मलाई एङ्गेल्ससँग परिचय गराउन मेनचेस्टरको खास यात्रा गर्नुभयो । एङ्गेल्सको ज्ञानको ठूलो गहिराइलाई उहाँ साह्रै प्रशंसा गर्नुहुन्थ्यो । तर, पनि एङ्गेल्स सदा आफूलाई मार्क्सको पछि नै राख्नुहुन्थ्यो । उहाँ आफैँ भन्नुहुन्थ्यो, "मैले सहायक भूमिका खेलेको थिएँ ।" रुसी क्रान्तिका महान् नेता लेनिनको शब्दमा हरेक मजदुर एङ्गेल्सको नाम र जीवनसँग परिचित हुनु आवश्यक छ । जसले मजदुर वर्गलाई आफूले आफैलाई चिनाउने र सचेत हुने शिक्षा दिनुभयो । उहाँ सपनाको ठाउँमा विज्ञानलाई कायम गर्नुभएको थियो ।

अन्तमा लेनिनले भन्नुभएको थियो, "सर्वहारावर्गका महान् योद्धा र शिक्षक फ्रेडरिक एङ्गेल्सको स्मृति अमर रहोस् !"

# सम्पदा दस्ताबेजीकरणको प्रयास जारी
# स्थानीय मौलिक उत्पादन सूचीकरणको प्रक्रियामा

भक्तपुर। भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ तथा भक्तपुर पर्यटन विकास समितिले गो लोकल अभियानअन्तर्गत २०८३ जेठ १४ गते सम्पन्न 'परम्परागत औद्योगिक सम्पदा : परम्परादेखि नवप्रवर्तनसम्म' अन्तरसंवाद कार्यक्रमको समीक्षा कार्यक्रम साउन १८ गते सम्पन्न गऱ्यो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले 'सय वर्षपछिको भक्तपुर' पुस्तकलाई आधार मानेर दीर्घकालीन योजना तथा विकासका कार्यक्रम अघि बढाइरहेको बताउँदै भक्तपुरका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणलाई उच्च प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो।

उहाँले आन्तरिक पर्यटन प्रवर्द्धनलाई लक्षित गर्दै विभिन्न गतिविधि सञ्चालन भइरहेको जानकारी दिँदै भक्तपुरमा रहेका जात्रा, पर्व र सांस्कृतिक परम्पराहरूलाई स्थानीय समुदायसँगको सहकार्यमा संरक्षण र प्रवर्द्धन गर्दै आएको बताउनुभयो। हरेक वर्ष सांस्कृतिक प्रतियोगिता आयोजना गर्ने तथा भक्तपुर महोत्सवलाई पनि मूर्त र अमूर्त सम्पदा संरक्षणकै अभियानका रूपमा सञ्चालन गरिएको उहाँले बताउनुभयो।

नगर प्रमुख प्रजापतिले भक्तपुरका सांस्कृतिक सम्पदाको व्यवस्थित दस्तावेजीकरण गर्ने प्रयास भइरहेको उल्लेख गर्दै स्थानीय मौलिक सम्पदालाई राष्ट्रिय सूचीकरणमा समावेश गराउने क्रममा जुजुधौ, त:का तपुली, कवांचा प्याखं, घातु म्ये, कसिमला पाँय्लाई मौलिक परम्परा तथा उत्पादनलाई सूचीकरणको प्रक्रियामा अघि बढाइएको जानकारी दिनुभयो।

नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले स्थानीय इतिहास, संस्कृति, परम्परा र मौलिक पहिचान समेटिएको स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयमा पठनपाठन गराइरहेको बताउँदै नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति र सम्पदाप्रति सचेत बनाउनका साथै सीपमूलक शिक्षामार्फत धेरै युवालाई विभिन्न परम्परागत तथा व्यावसायिक सीप प्रदान गरिएको जानकारी दिनुभयो। उहाँले भक्तपुर नगरपालिकाले पर्यटन प्रवर्द्धनसँगै स्थानीय संस्कृति, परम्परा र मौलिक सम्पदाको संरक्षण गर्ने उद्देश्यले युवालाई उद्यमशीलता कर्जा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो।

यस्ता कार्यक्रमलाई अझ प्रभावकारी र दिगो बनाउन सङ्घीय सरकारबाट आवश्यक नीतिगत, प्राविधिक तथा आर्थिक सहजीकरण आवश्यक रहेको बताउँदै स्थानीय तहका प्रयासलाई केन्द्र सरकारको सहयोग थप सशक्त बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

नगर प्रमुख प्रजापतिले स्थानीय उत्पादन र परम्परागत उद्योगको संरक्षण तथा प्रवर्द्धनका लागि विदेशी वस्तुको अनियन्त्रित आयातमा आवश्यक नियमन गर्न केन्द्र सरकारले प्रभावकारी नीति अवलम्बन गर्नुपर्ने र स्थानीय उद्योग, शिल्प र मौलिक उत्पादनलाई प्रोत्साहन गर्न अनुदान, सहुलियतपूर्ण कर्जा तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेमा पनि जोड दिनुभयो।

राष्ट्रिय कला सङ्ग्रहालयकी प्रमुख जयन्ती श्रेष्ठले कार्यक्रममा विविध क्षेत्रका व्यक्तित्वहरूको सहभागिताले छलफललाई थप प्रभावकारी बनाएको बताउँदै कार्यक्रमको मुख्य उद्देश्य भक्तपुरलाई अन्तर्राष्ट्रिय स्तरमा थप स्थापित गर्नु रहेको उल्लेख गर्नुभयो। उहाँले वर्तमान सन्दर्भमा राज्यका सेवा-सुविधाको अधिकतम उपयोग गर्दै स्थानीय कला, संस्कृति र उत्पादनलाई अघि बढाउनुपर्ने बताउनुभयो।

स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुरका प्रमुख नवराज अधिकारीले वर्तमान समाज व्यापार, वाणिज्य र उद्योगतर्फ तीव्र रूपमा अग्रसर भइरहेको उल्लेख गर्दै यस परिवेशमा सांस्कृतिक सम्पदाको मौलिकता जोगाउनु चुनौतीपूर्ण भए पनि अपरिहार्य रहेको बताउनुभयो।

सामाजिक उद्यमी अनिल चित्रकारले विश्वभर ११ सयभन्दा बढी विश्व सम्पदा स्थल रहेको उल्लेख गर्दै मूर्त र अमूर्त सम्पदा एकअर्कासँग अन्तरसम्बन्धित रहेको बताउनुभयो। उहाँले अमूर्त सम्पदाको संरक्षणसँगै मूर्त सम्पदाको महत्त्व झन् बढ्छ भन्नुभयो। उहाँले भक्तपुरमा अमूर्त सम्पदा संरक्षणका प्रशस्त सम्भावना रहेको र त्यसका लागि स्थानीय नेतृत्व सकारात्मक रहेको उल्लेख गर्नुभयो।

उद्यमी नीलकृष्ण ताम्राकारले अमूर्त सम्पदाको संरक्षणमा स्थानीय समुदायको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै त्यसको प्रतिफल स्थानीय समुदायले पनि पाउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले 'गो लोकल' कार्यक्रमअन्तर्गत १५ वटा मौलिक उत्पादनलाई सूचिकृत गरिएको जानकारी दिँदै ती उत्पादनलाई नवप्रवर्तन, बजार विस्तार र आधुनिक प्रविधिसँग कसरी जोड्ने भन्ने विषयमा सङ्घले निरन्तर छलफल गरिरहेको बताउनुभयो।

नेपाल पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष सुन्दर शिल्पकारले नेवार समुदायको परम्परा र पेसालाई जीवित राख्न सके स्वरोजगारका प्रशस्त अवसर सिर्जना हुने बताउँदै औपचारिक शिक्षासँगै पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको सीप र ज्ञानको संरक्षण आवश्यक रहेको उल्लेख गर्नुभयो।

भक्तपुर उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख रामप्रसाद कुस्माले स्थानीय उत्पादन र उद्यमसँग सम्बन्धित आर्थिक गतिविधि विस्तार भए नयाँ पुस्ताले प्रत्यक्ष लाभ लिन सक्ने बताउँदै उत्पादनलाई व्यावसायिक, प्रतिस्पर्धी र बजारमुखी बनाउन सके युवा पुस्ता यस क्षेत्रमा आकर्षित हुने धारणा राख्नुभयो।

स्टोरी साइकलका सौरभ ढकालले सम्पदा संरक्षणमा दस्ताबेजीकरण अत्यन्त महत्त्वपूर्ण पक्ष भएको बताउँदै अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा युवाको सक्रिय सहभागिता सुनिश्चित गर्दै क्राउड सोर्सिङको अवधारणालाई अघि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

ख्वप कलेजकी प्राध्यापक सुनिता गाइसीले शिक्षालाई श्रम र उद्यमशीलतासँग जोड्ने उद्देश्यले कलेजमा इन्क्युबेसन सेन्टर सञ्चालन गरिएको जानकारी दिँदै विद्यार्थीलाई उद्यम र परम्परागत पेसासँग जोड्ने लक्ष्यसहित कलेजमा हाटबजार सञ्चालन गर्दै उनीहरूलाई उत्पादन, बजार र व्यवसायबारे व्यावहारिक अनुभव प्रदान गरिएको बताउनुभयो।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले कलेजले विद्यार्थीमा उद्यमशीलता विकास गर्ने उद्देश्यले उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिँदै नयाँ पुस्तालाई रोजगारी खोज्ने मात्र होइन, उद्यमी बन्न प्रेरित गर्न शिक्षा, संस्कृति र नवप्रवर्तनबिचको सम्बन्धलाई सुदृढ बनाउन आवश्यक रहेको बताउनुभयो।

'गो लोकल' अभियानका संयोजक वीरेन्द्र जतिले धन्यवाद ज्ञापन गर्दै कार्यक्रममा भएको गहन र सार्थक छलफलले स्थानीय उत्पादन, परम्परागत सीप तथा मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणका लागि स्पष्ट मार्गदर्शन गरेको बताउनुभयो।

उहाँले छलफलमा उठाइएका सुझावलाई कार्यान्वयनमा लैजान स्पष्ट, प्रभावकारी र व्यावहारिक नीतिको निर्माण तथा कार्यान्वयन अत्यावश्यक रहेको उल्लेख गर्दै मूर्त र अमूर्त सम्पदाको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि सबै सरोकारवालाबिच निरन्तर सहकार्य आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर विकास तथा पर्यटन विकास समितिका अध्यक्ष दीपेशराज शर्माले कार्यक्रमको उद्देश्य भक्तपुरका परम्परागत सीप, कला र स्थानीय उत्पादनलाई आधुनिक सोच र नवप्रवर्तनसँग जोड्दै आर्थिक, सांस्कृतिक तथा पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको बताउनुभयो।

कार्यक्रमकै अवसरमा 'गो लोकल' अभियानअन्तर्गत २०८३ जेठ १४ गते आयोजित कार्यक्रमको प्रतिवेदन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई हस्तान्तरण गरिएको थियो।

# शान्तिपूर्ण प्रदर्शनमा विदेशी तत्त्व घुस्नेतर्फ सावधान !

प्रत्यक्ष या अप्रत्यक्ष रूपमा, जानी या नजानी घुमाइफिराइ देशमा जातीय द्वन्द्व मच्चाएर, साम्प्रदायिक भावना फैलाएर देशलाई असफल पार्ने वा विभाजन गराउनेतर्फ विदेशी शक्ति राष्ट्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरकानुनी सङ्घ संस्थाहरू क्रियाशील भइरहेकोमा शङ्का छैन। जेनजी आन्दोलनमा घुसेका विदेशी तत्त्व र विदेशी दलालहरू सुनसरीमा भइरहेको विरोध प्रदर्शनमा पनि घुसेर साम्प्रदायिक भावना फैलाएर समाजमा आतङ्कित, असुरक्षित र त्रसित बनाउनेतर्फ सबै पक्ष गम्भीर र चनाखो हुनुपर्छ। विवाद चर्केर आन्दोलनको रूप लिएसँगै तीन जनाको मृत्यु र सयौँ घाइते भएपछि सामाजिक सद्भाव ऱ्याली भए पनि विभिन्न सङ्घ संस्थाले शान्त रहन अपिल गरे पनि स्थिति साम्य भएको छैन। एक अर्को धर्म मान्ने व्यक्ति बाटा, घर आँगनमा देखेपछि कुटपिट गरिहाल्ने कुत्सित कार्य जारी रहेको कारण संयमता अपनाउन आग्रह गरे पनि, सेनाले कर्फ्यु लगाए पनि वातावरण सहज बनेको छैन। जातीय द्वन्द्वको रूपमा फैलिएको यो प्रदर्शनले देशलाई कतातिर पुऱ्याउँदै छ भन्नेतर्फ सबै पक्ष संवेदनशील हुनुपर्छ।

केही दिनअघि सुनसरीमा दुई समुदायबिच भएको सानो झडपले हिंसाको रूप लिएको छ; तोडफोड र आगजनी गर्ने काम रोकेको छैन। एउटा गाउँबाट सुरु भएको विवादको त्यो विरोधको स्वर अहिले एक कान दुई कान मैदान हुँदै सिराहा, धनुषा, सप्तरी, महोत्तरी, पर्सा हुँदै विभिन्न जिल्लामा पुगेको छ। सरकारले कर्फ्यु लगाए पनि, निषेधाज्ञा जारी गरे पनि, राष्ट्रपति, प्रधानमन्त्री, विभिन्न सामाजिक तथा धार्मिक संस्थाले शान्त रहन, सामाजिक सद्भाव कायम राख्न, मेलमिलाप कायम राख्न अपिल, आग्रह, ऱ्याली गरे पनि विरोध प्रदर्शन रोकिएको छैन। स्थानीय समुदाय, धार्मिक अगुवा, नागरिक समाज, राजनीतिक दल, मानव अधिकार आयोग, सुरक्षा निकायको संयुक्त पहलमा मात्र स्थिति नियन्त्रण आउन सक्ने राजनीतिक विश्लेषकहरूको मत रहेको छ। सरकारले पनि स्थिति नियन्त्रण गर्नेभन्दा उत्तेजित पार्ने ढङ्गले दमन गर्ने, गोली हान्ने गरेकोले पनि स्थिति नियन्त्रणभन्दा बाहिर गएको देखिन्छ। यस्तो घटनालाई कुनै पनि राजनीतिक दल, नागरिक समाज, सञ्चार क्षेत्र, धार्मिक तथा सामाजिक सङ्घ-संस्थाले राजनीतीकरण गर्नु उचित होइन। झन्डै दुईतिहाइ प्राप्त रास्वपाको सरकारका शासकहरूमा देखिएको अहङ्कारले पनि शान्तिपूर्ण प्रदर्शन उत्तेजित भएको स्थिति छ। यसलाई समयमै निराकरण गर्न सकिएन भने विध्वंसात्मक गतिविधि; तोडफोड र आगजनी जारी रहनेछ। यसको परिणाम राम्रो हुनेछैन।

हिंसाबाट कसैको पनि हित हुँदैन। यसले समाजमा पीडा, अविश्वास र विभाजन कोर्छ। समाज नै विभाजनतर्फ उन्मुख भएमा समाज सुरक्षित हुँदैन। कुनै पनि घटना वा विवादलाई हिंसा, द्वेष वा साम्प्रदायिक विभाजनतर्फ मोड्नु समाधान होइन। दिगो शान्ति, सामाजिक सद्भाव, आपसी सम्मान, संयमता आदि मानवका मूल्य र मान्यता उल्लङ्घन भएपछि सो समाजको हालत के होला ? नेपाल सबै नेपालीहरूको साझा घर हो। सबै भाषा, धर्म, जातिका आ-आफ्ना पहिचान नै देशको पहिचान हो भन्ने कुरा सबै पक्षले आत्मसात गरेनन्; आत्मसात गरेर अघि बढेनन् र दिशा निर्देश गरेनन् भने शान्ति ऱ्याली, सद्भाव ऱ्यालीसमेत हिंसामा भड्किन सक्छ। स्थानीय जनता र प्रदर्शनकारीमा संयमता र धैर्यताको खाँचो छ। सबैको अस्तित्व उत्तिकै महत्त्वपूर्ण छ। एकले अर्काको खुट्टा तानेर बहुमत र अल्पमत जातजाति, धार्मिक र भाषाभाषीको बखान गरे, बलियोले निर्बलियोलाई, ठूलाले सानालाई दमन गरे, अपमान गरे जोसुकैले देशको नाउँमा आह्वान गरे पनि स्थिति नियन्त्रणमा ल्याउन कठिन हुनेछ।

अतः हिंसा होइन, शान्तिको मार्ग अपनाउनुपर्छ। घृणा र अपमान होइन सद्भाव फैलाउनुपर्छ। संयमता अपनाउनुपर्छ। कानुनको सम्मान गर्नुपर्छ। एक अर्काप्रति आदर, विश्वास, सहिष्णुता तथा सद्भाव कायम राख्नुपर्छ र सहज वातावरण तयार गर्नुपर्छ। आ-आफ्नो सामाजिक संस्कार, संस्कृतिको त्यतिकै महत्त्व हुन्छ। हिंसा र अशान्तिको कालो बादललाई विवेक, संवाद र कानुनको परिपालनाले मात्र रोक्न सकिन्छ। रिसमाथि रिस, आक्रोशमाथि आक्रोश, बदलामाथि बदलाको भावना राखेर शान्ति स्थापना सम्भव छैन। सञ्चारमाध्यमले पनि तिललाई पहाड बनाएर, आक्रोश र आवेगमा घ्यु थपेर थप उत्तेजित बनाउने, विरोधका नाउँमा विरोध गरेर साम्प्रदायिक भावना फैलाउने काम बुद्धिमानी होइन। यो कसैको लागि हितकर हुनेछैन। हरेक समुदाय र पक्ष जिम्मेवार भएमा, अनुशासित र मर्यादित भई अघि बढेमा सहज वातावरण तयार हुन्छ र स्थिति सामान्य बन्छ। स्थितिलाई चर्काएर, उत्तेजित तुल्याएर आफूले आफूलाई असुरक्षित बनाउने, क्षति गर्ने बाटो छोड्नुपर्छ। सबैले आ-आफ्नो जिम्मेवारी ठानेर, एकले अर्कोलाई गर्ने आरोप-प्रत्यारोप रोकेर मेलमिलापतिर लाग्नुपर्छ। अन्यथा विरोध प्रदर्शन र शान्तिपूर्ण आन्दोलनमा विदेशी तत्त्वहरू घुसेर आन्दोलनलाई झन् उत्तेजित बनाएर देशलाई अप्ठेरो स्थितिमा पुऱ्याउनेछ। सबैमा चेतना भया !

# नेपाल–भारत सीमा विवाद टुङ्ग्याउनु जरुरी

नेपाल र भारतका धेरै बेमेलमध्ये नेपाल-भारत सीमा विवाद पनि एक हो। भारतले धेरै वर्ष पहिलेदेखि नेपाली भूमि मिच्दै आएको हो। नेपाली भूमि मिच्ने क्रम अहिले पनि रोकिएको छैन। भारतले कहिले बलजफ्ती या जबरजस्ती बल प्रयोग गरेर त कहिले नेपालका शासकहरूसँग असमान सन्धि सम्झौता गरेर त कहिले जानाजानै सीमा मिचेर, सीमा स्तम्भ सारेर नेपाली भूमि मिच्दै आएको कुरा स्थानीय बासिन्दाले कहिले बिर्सने छैनन्, भुल्ने छैनन्। यसरी बल र छलकपट गरेर मात्र होइन, विकास र आर्थिक सहयोगको प्रलोभन देखाएर भारतले नेपाली भूमि मिचेर आफ्नो प्रभाव क्षेत्र र भूमि बढाउने काम गरेकै कारण भारतलाई नेपाली जनताले भारतीय विस्तारवाद भनेका हुन्। नेपाली भूमि मिच्ने शक्तिको अहङ्कार र आफ्नो प्रभाव छाड्ने मानसिकता हिजोका मात्र होइन आजका शासकहरूमा पनि पाइन्छ। अतिक्रमण गर्ने, मिच्ने, थिच्ने, दबाब दिने, आफ्नो उठबसमा राख्ने भारतीय शासकहरूकै कारण देशभक्त नेपाली जनता भारत छिमेकी देश भएर पनि मित्र होइन शत्रु देशको रूपमा चिन्छन्। यहीँ कारण नेपाली जनता भारतीय विस्तारवादको विरोध गर्छन्; विस्तारवादी नीति छोड्न भारतीय शासकहरूलाई खबरदारी गर्छन्।

नेपाल-भारत सीमा विवाद नयाँ होइन। सीमा विवाद टुङ्ग्याउन कहिलेकाहीँ दुई देशका टोलीबिच बैठक नबसेको होइन। कहिलेकाहीँ बस्ने त्यो बैठक खासै निष्कर्षमा पुग्दैन। सीमा विवाद अन्त्य गर्नेबारे आपसी सल्लाह र समझदारी भयो भनी बैठक टुङ्गिएको देखिन्छ। अहिले पनि नापी विभागका उपमहानिर्देशकको नेतृत्वमा सर्भे अफिसियल्स कमिटी (एसओसी) को १३ औँ बैठक यही साउन २७ देखि २९ गते भारतको लखनउमा बस्ने जानकारी प्रकाशमा आएको छ। नेपाल-भारतबिचको सीमा समस्या समाधानको निम्ति भनी बस्ने त्यो बैठकको निचोड के हुने हो ? नेपालको टोलीले के कस्तो प्रस्ताव लाने हो र त्यसलाई भारतीय पक्षले कसरी हेर्ने हो भन्नेबारे पछि ज्ञात हुनेछ। बाउन्ड्री वर्किङ ग्रुप (बीडब्लुजी), सर्भे अफिसियल कमिटी (एसओसी) र फिल्ड सर्भे टीम ( एफएसटी) को संयन्त्रले सीमा स्तम्भ निर्माण, मर्मत, दसगजा क्षेत्र व्यवस्थापन गर्ने बताइएको छ।

नेपाल-भारत सीमा संयन्त्र टोलीले सीमा विवाद सुल्झाउन नेपाल-भारतको सीमा मेचीदेखि महाकालीसम्म वैज्ञानिक ढङ्गले नक्साङ्कन गर्नुपर्छ। सीमा विवाद भएको ठाउँमा मात्र होइन सीमा विवाद नभएको ठाउँमा पनि नक्साङ्कन गरेर ठाउँ-ठाउँमा सीमा स्तम्भ राख्ने, बार लगाउने वा पर्खाल बनाउने या अन्य उपाय खोजेर सीमा छुट्याउनुपर्छ। जहाँ-जहाँ सीमा विवाद छ, त्यहाँ-त्यहाँ सीमाको नक्साङ्कन गर्न सर्भे गर्नुपर्छ। नेपाल र भारतको नदीको दायाँबायाँ खोला या नदीले गरेको क्षय या नदीको धार परिवर्तनलाई सीमा मिचेको भन्न मिल्दैन। तर, त्यसको पनि सर्भे गरेर सीमाङ्कन गर्नुपर्छ। नेपाल-भारतको सीमा विवाद धेरै ठाउँमा पाइएको छ। सुस्ता, कालापानी, लिम्पियाधुरा र लिपुलेकमा त भारतले नेपाली भूमि मिचेको प्रस्टै छ। नेपाली भूमिमा भारतीय सेना राखेर ठाउँ कब्जा गरिराख्नु, भूमि मिचेर भारतले बस्ती बसाल्नु र नेपालीलाई उठिबास गर्नु भारतीय पक्षको मिचाहा नै हो। भारतीय पक्षले नेपाली भूमि मिचेको कुरा भारतीय नेता, लेखक र सञ्चारकर्मीहरू नै स्वीकार्छन्।

सीमा विवाद सुल्झाउन बस्ने सो बैठकमा भारतीय पक्षले नेपाली भूमि कहाँ कति मिचेको छ सोको विस्तृत अध्ययन अनुसन्धान गरी तथ्याङ्क प्रस्तुत गर्नुपर्छ। सोको तथ्याङ्क सङ्कलन गर्न या जानकारी पाउन बैठकमा जानुअघि नै भूमिसम्बन्धी नेपालीका ज्ञाता, भूगर्भविद्, नक्साविद्, सीमाविद्, सीमा विवादमा रहेका नेपाली तथा अन्य जानकारहरूको बैठक राख्नुपर्छ; बैठक राखेर भूमि मिचेको विषयमा अवगत हुनुपर्छ। नेपाली भूमिबारे आफूसँग भएको पुरानो नक्सा, लालपुर्जा, रसिद र स्थलगत निरीक्षणको रिपोर्ट या फोटो सबै तयारी गरेर बैठकमा पेस गर्नुपर्छ। तथ्याङ्क, नक्सा, कागजी प्रमाण तथ्यपरक हुनेछ र भारतीय पक्ष नजवाफ हुनेछ। यसरी सबै तयारीका साथ गएमा, बैठकमा प्रस्तुत भएमा पछि बस्ने बैठकको निम्ति मार्गनिर्देश हुनेछ र काम गर्न सजिलो हुनेछ। यी सबै तयारी नापी विभागका उपमहानिर्देशक सुशील डंगोलको नेतृत्वले गर्नुपर्छ।

यसअघि बसेको बैठकले नै सीमासम्बन्धी काम तीन वर्षभित्र समाधान गर्ने निर्णय गरेको थियो। सीमा स्तम्भ निर्माण, पुन: स्थापना तथा मर्मत गर्ने, सीमा पार सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने, हटाएका सीमा स्तम्भ पुन: स्थापना गर्ने, क्षतिग्रस्त सीमा स्तम्भ मर्मत आदि गर्नुपर्ने थियो। तर, त्यो भएको देखिँदैन। नापी विभागका अनुसार नेपाल-भारत सीमामा ८५५४ सीमा स्तम्भ छन्। त्यसमध्ये १३२५ वटा हराएका छन् भने १९५६ वटा आंशिक वा पूर्णरूपमा क्षतिग्रस्त अवस्थामा छन्। नेपाल-भारतबिच १८८० किलोमिटर खुला सीमा छ। त्यस सीमाभित्र २७ जिल्ला जोडिएको छ। यी जिल्लाभित्र भएका सीमा विवाद सुल्झाउनेतर्फ नेपाल सरकार नै अग्रसर हुनुपर्छ; अघि बढ्नुपर्छ।

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलव्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

भ.जि.का.द.नं. १-०५०/५१
भ.पु.जि.हु.का.द.नं.१-७४/७५



# चीनको आधारभूत शिक्षा गुणस्तर सुधारतर्फ उन्मुख

मध्य चीनको हेनान प्रान्तस्थित लुओयाङमा रहेको हडसान प्रयोगात्मक प्राथमिक विद्यालयमा गर्मी बिदा खास बनेको छ । त्यहाँका विद्यार्थीहरू राष्ट्रिय युवा विमान तथा अन्तरिक्ष मोडेल



प्रतियोगिताको अन्तिम चरणका लागि तयारी गर्दै छन् ।

यो ग्रामीण विद्यालयले सन् २०२३ को राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक जितेको थियो । "गत केही वर्षमा हाम्रा शिक्षण सुविधा र सिकाइ वातावरणमा ठूलो सुधार आएको छ । यसले ग्रामीण क्षेत्रका बालबालिकालाई सहरसरह शैक्षिक सुविधा दिएको छ," प्रधानाध्यापक फाङ वेइयिङले भने ।

यो परिवर्तनले चीनको समग्र शिक्षा प्रणालीको नयाँ दिशातर्फ अग्रसर भएको सङ्केत गर्छ । पहिला चीन शिक्षाको पहुँच विस्तारमा केन्द्रित थियो । तर, अब भने शिक्षाको पहुँच बढाउने चरण पार गरेर गुणस्तर सुधारतर्फ अघि बढेको देखिन्छ ।

**पहुँचबाट गुणस्तरतर्फ**

चीनले विश्वकै सबैभन्दा ठूलो आधारभूत शिक्षा प्रणाली बनाएको छ । शिक्षा मन्त्रालयका अनुसार चीन अब समता, डिजिटल सिकाइ र विद्यार्थीको विकासमा केन्द्रित भएको छ ।

चीनमा हाल करिब ४ लाख ३० हजार प्राथमिक, माध्यमिक विद्यालय र किन्डरगार्टेन छन् । यी संस्थामा २२ करोड विद्यार्थी अध्ययनरत छन् भने १५.७७ लाख शिक्षक कार्यरत छन् । चीनको आधारभूत शिक्षा उच्च आय भएका देशहरूको औसत स्तरमा पुगेको छ ।

आधिकारिक तथ्याङ्कअनुसार देशका सबै काउन्टीहरूले सन्तुलित अनिवार्य शिक्षाको राष्ट्रिय मूल्याङ्कन पार गरेका छन् । ९ वर्षे अनिवार्य शिक्षा पूरा गर्ने दर ९६.१ प्रतिशत पुगेको छ । माध्यमिक शिक्षामा भर्ना दर ९२ प्रतिशत पुगेको छ ।

चीनको एकवर्षे नि:शुल्क पूर्वप्राथमिक शिक्षाबाट १ करोड ४० लाखभन्दा बढी बालबालिका लाभान्वित भएका छन् । १०० प्रतिशत विद्यालयमा इन्टरनेट पहुँच पुगेको छ । यसले ग्रामीण विद्यालयलाई सहरी विद्यालयसँगै अनलाइन कक्षामा जोडिन सहज बनाएको छ ।

९९.५ प्रतिशतभन्दा बढी प्राथमिक विद्यालयको भर्ना परीक्षाविना नजिकैको विद्यालयका आधारमा हुन्छ । अपाङ्गता भएका विद्यालय उमेरका बालबालिकाको भर्ना दर ९७ प्रतिशतभन्दा माथि छ ।

**समग्र विकासमा जोड**

पहुँच विस्तारसँगै चीनले विद्यार्थीको सर्वाङ्गीण विकासमा जोड दिएको छ । विद्यालयहरूले नैतिक, बौद्धिक, शारीरिक, सौन्दर्य र श्रम शिक्षालाई कक्षाकोठा र समुदायसँग जोडेका छन् । गर्मी बिदामा विद्यार्थीहरू शैक्षिक भ्रमण, श्रम शिक्षा, विज्ञान-प्रविधि र खेलकुद क्याम्पमा सहभागी भइरहेका छन् ।

'स्वास्थ्य पहिलो' सिद्धान्तअनुसार विद्यालयहरूले कक्षाबिच १५ मिनेटको ब्रेक लागू गरेका छन् । विद्यार्थीलाई दैनिक कम्तीमा दुई घण्टा शारीरिक गतिविधिमा संलग्न गराउने नीति लिइएको छ ।

चीनको राज्य परिषद्ले १५ औं पञ्चवर्षीय योजना (२०२६-२०३०) को शैक्षिक विकास खाका जारी गरेको छ । यसले देशको आधुनिकताका लागि बलियो र प्रतिस्पर्धी शिक्षा प्रणाली बनाउने लक्ष्य राखेको छ ।

शिक्षा मन्त्रालयका उपमहानिर्देशक भु दोङबिनले निष्पक्ष र गुणस्तरीय आधारभूत शिक्षा प्रणाली स्थापना गरिने बताए ।

उनका अनुसार सरकारले नि:शुल्क पूर्वप्राथमिक शिक्षा विस्तार गर्नेछ । अनिवार्य शिक्षाको अवधि बढाउने सम्भावनाबारे अध्ययन हुनेछ । उच्च माध्यमिक विद्यालयका सिटहरू थपिनेछन् । काउन्टी स्तरका उच्च माध्यमिक विद्यालयहरूमा शिक्षक र विद्यार्थीको सन्तुलित वितरण गरिनेछ । विज्ञान तथा प्रविधि शिक्षालाई सुदृढ गरिनेछ । साथै, शिक्षामा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगलाई सावधानीपूर्वक अघि बढाइनेछ ।

***- 'सिजीटिएन' बाट***
***- 'आर्थिक अभियान' बाट साभार***

---

**भक्तपुरमा...**

भक्तपुरका विभिन्न सम्पदाको संरक्षण तथा पुनर्निर्माण र अन्य विकास निर्माणका कार्यमा नगरपालिकाद्वारा सञ्चालित दुवै इन्जिनियरिङ कलेजको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गर्दै ख्वपका शैक्षिक संस्थामा अध्ययन गरेका विद्यार्थीमा समाजसेवाको भावना रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विद्यार्थीमा इमानदारिता, नैतिकता र सामाजिक उत्तरदायित्वको भावना उच्च हुनु आवश्यक भएकोले अनुशासन, इमानदारी र सेवाभाव जगाउन ख्वप कलेजहरुले जोड दिइरहेका छन् ।"

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विद्यार्थी बिदाइको अवसरलाई भावनात्मक तथा महत्त्वपूर्ण क्षणका रूपमा उल्लेख गर्दै देशले असल, सक्षम र समर्पित नागरिक खोजिरहेको बताउनुभयो ।

परिवर्तनको संवाहक विद्यार्थी आफै बन्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो, "ठूलो वा धनी व्यक्ति बन्नुभन्दा असल नागरिक बन्न आवश्यक छ ।"

देशमा नागरिक भावना र अनुशासनको कमी रहेको तथा जनताको चाहनाअनुसार अपेक्षित परिवर्तन हुन नसकेको उल्लेख गर्दै उहाँले जनअपेक्षाअनुसार सन्तुलित विकास हुन नसकेको, सबै नागरिकले समान अवसर नपाएको, विभिन्न क्षेत्रमा भागबन्डा र नातावाद कायम रहेको तथा बौद्धिक पलायन रोक्न नसकिएको बताउनुभयो ।

यस्ता विकृतिविरुद्ध सचेत र सक्रिय हुनुपर्नेमा जोड दिँदै उहाँले विद्यार्थीले अनुशासन कायम गर्नुका साथै सङ्घर्षशील भावना विकास गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख तथा कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्रको रूपमा विकास गर्न नगरपालिका निरन्तर क्रियाशील रहेको बताउनुभयो ।

उहाँले विद्यार्थीलाई कार्यस्थलमा प्रवेश गरेपछि आफ्नो पेसागत मर्यादा कायम राख्दै इमानदारिता, जिम्मेवारी र व्यावसायिक अनुशासनका साथ कार्य गर्न आग्रह गर्नुभयो ।

नेपाल इन्जिनियरिङ परिषद्का अध्यक्ष प्रा.डा. पदमबहादुर शाहीले देशभर सञ्चालनमा रहेका ६१ वटा इन्जिनियरिङ कलेजमध्ये ख्वप उत्कृष्ट कलेजमध्ये एक रहेको बताउनुभयो ।

उहाँले देश विकासका लागि आफूले कस्तो भूमिका निर्वाह गर्ने भन्ने विषयमा स्नातक विद्यार्थीले गम्भीरतापूर्वक सोच्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. सुजन माकले ख्वपबाट हालसम्म करिब ३,५५० जना विद्यार्थीले अध्ययन पूरा गरिसकेको जानकारी दिँदै ती विद्यार्थीले विभिन्न क्षेत्रमा रहेर देश र जनताको सेवा गरिरहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ. सुनिल दुवालले ख्वपको भावना, मर्म र मूल्यअनुसार आफ्नो कार्यक्षेत्रमा इमानदारिता, अनुशासन र सेवाभावका साथ काम गर्न विद्यार्थीलाई प्रोत्साहित गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथिलगायतले पाँचवर्षे आर्किटेक्चर तथा चारवर्षे इन्जिनियरिङ अध्ययन पूरा गरेका २८७ जना विद्यार्थीलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा दुवै कलेजका पूर्वविद्यार्थी समाजका संयोजकद्वय ई. नरेश खत्री र ई. गौरव ताम्राकार तथा उत्कृष्ट विद्यार्थीहरू वसन्त पोखरेल र रोहितकुमार शर्माले आ-आफ्नो अध्ययनकालको अनुभव सुनाउनुभएको थियो ।

कलेज प्रशासन शाखा प्रमुख सञ्जय मानन्धरले पनि बोल्नुभएको उक्त कार्यक्रममा कलेजको स्टुडेन्ट क्वालिटी सर्कलले विविध सांस्कृतिक कार्यक्रममार्फत थप मनोरञ्जनात्मक, आकर्षक तथा उल्लासमय बनाएको थियो ।

---

**भारतीय...**

मानिएको सिमलको रुखभन्दा करिब ३ सय मिटर नेपालतर्फ प्रवेश गरेर बाँध भत्काएको दाबी गर्नुभयो ।

यसअघि गत असारमा पनि भारतीय सुरक्षाकर्मी सुस्ता क्षेत्रमा प्रवेश गरी बाँध निर्माणको काम रोक्न दबाब दिएपछि काम रोकिएको थियो । सुस्ता नेपाल-भारतबिच लामो समयदेखि विवादित सीमा क्षेत्रका रूपमा रहँदै आएको छ ।

**हिन्दू...**

सरकारले एकातिर युवा-विद्यार्थीलाई राजनीतिप्रति वितृष्णा जगाइराखेको र अर्कोतिर देशमा अमेरिकी युथ काउन्सिल, बारबरा फाउन्डेसन, टीओबीजस्ता साम्राज्यवादी संस्थाहरूको गतिविधि बढाइराखेकोतर्फ सचेत हुन जरुरी छ, उहाँले भन्नुभयो ।

आयोजक समितिका संयोजक लक्ष्मीभक्त कवांको सभापतित्वमा भएको उक्त कार्यक्रममा वडाध्यक्ष उकेश कवांले वडामा भइरहेको गतिविधिबारे जानकारी दिनुभयो ।

**किसान...**

वा सिंहावलोकन गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

पार्टीका केन्द्रीय सदस्य एवं वडा नं ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंले पार्टी आधिकारिक रूपमा स्थापना हुनुपूर्व नै १४ साउन २०२५ सालमा स्थापना भएको किसान सङ्घ किसानहरूको हकहितमा समर्पित भएको बताउनुभयो । उहाँले नेमकिपाको स्थापना २०३१ सालमा भएदेखि मजदुर किसानका हकहितबाहेक सिंगो देशको स्वतन्त्रता, स्वाधीनता र जनपक्षीय सवालमा निरङ्कुश पञ्चायतको अन्त्यको लागि आवाज उठाउँदै आएको स्मरण सबै कार्यकर्ताले गर्नुपर्छ भन्नुभयो ।

भक्तपुर नगर समितिका प्रतिनिधि गंगाराम ज्याख्व, वडा ५ का पूर्णगोपाल राजचल, नारायणप्रसाद त्वानाबासु र सम्झना खाइजुले नेपाल क्रान्तिकारी किसान सङ्घको योगदानका बारेमा बोल्नुभएको थियो ।

---

**सचेत उपभोक्ता बनौं**

सामान खरिद गर्दा देहायका विषय एकिन गरौं:

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् विक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

---

**एकक्षण** — प्रधान

# पुँजीवाद र गाँजा व्यापारबारे

राजनीतिशास्त्र र अर्थशास्त्रको विषयमा युवाहरूको छलफलमा पुँजीवादको ठाउँमा समाजवादी व्यवस्था नआएसम्म भ्रष्टाचार, गरिबी, शोषण अनि घुसजस्ता सामाजिक विकृति समाजबाट नहट्नेबारे समाजवादका पक्ष लिनेहरूले तर्क दिन्थे भने पुँजीवादको पक्षपातीहरूले समाजवादी समाजको स्थापना एक 'कल्पना' हो भन्ने उत्तर दिन्थे । सारमा, पुँजीवादी व्यवस्था आफै शोषण, नाफा, घुस, भ्रष्टाचार र आर्थिक विकासको नाउँमा व्यक्ति धनी हुने र अत्यन्त बहुमत जनता गरिब हुने निष्कर्षमा पुग्थे ।

पछि पछि 'कम्युनिस्ट' पार्टी भन्ने 'समाजवादीहरू' आफै शोषक, घुस लिने, भ्रष्टाचारी र पुँजीपतिवर्गकै रकमबाट निर्वाचनमा विजय भएका नेताहरू सरकारमा पुग्दा पुँजीपतिवर्गका छोराछोरीहरू नै 'कम्युनिस्ट' र 'समाजवादी' हरूको साथी बनेको देखेपछि ती दलहरू आज छिन्नभिन्न भए र राप्रपा र मधेसवादी दलकै स्तरमा पुगे ।

तर, सैद्धान्तिक सङ्घर्षमा पुँजीपतिहरू आफै कारखानाका हिस्सेदार भएपछि आ-आफ्नो पुँजीको 'ब्याज' लिइसकेपछि पुन: 'नाफा' भनी लिने रकम मजदुरहरूले पाउने ज्यालालाई दिनुपर्ने भाग नै 'नाफा' भएको हुनाले त्यसलाई मजदुरहरूको 'चोरीको रकम' भनिएको थियो ।

यस्ता अनेक छलफल चालु हुँदै जानेछन् तर नेपालका ठुलठुला पुँजीपतिहरू माथिल्ला सरकारी कर्मचारी तथा अनेक माथिल्ला स्तरका प्राविधक संस्थाहरूका प्राविधिकहरू पनि पुँजीपतिवर्गसँग एकाकार हुँदा भन्ने गर्छन् - पुँजीवादी व्यवस्थामा 'कर्मचारीतन्त्र' (ब्युरोकेसी) र 'प्राविधिकतन्त्र' नै पुँजीवादको सहयोगी हुन्छन् ।

यसकारण, १६-१७ साउन २०८३ 'नागरिक' को शनिबारमा 'वित्तीय अपराधमा व्यवसायी', 'मुद्दा फितलो कि पहुँचको खेल ?' शीर्षकले उदाङ्ग्याएको छ । तस्विरमा दीपक भट्ट, शेखर गोल्छा, मृगेन्द्रनाथ रिजाल, साहिल अग्रवाल, मृदुला सरिया, शङ्करलाल अग्रवाल, सुलभ अग्रवाल ।

गण्डकी प्रदेशसभाले गाँजा खेती विधेयक पारित

शीर्षक हेर्दा गण्डकी प्रदेशसभाले सर्वसम्मत भएर 'गाँजा खेती विधेयक पारित' गरेको समाचारले सबैलाई फस्काइदिन्छ । तर, भित्र खोतलखातल गर्दै जाँदा अनेक जेलिएका रहस्यहरू खोलिँदै जाने छन् ।

नेपालका 'दरबार हत्याकाण्ड' वा दरबार र माथिल्ला परिवारका युवाहरू विदेशमा लागुको लतबाट नेपाली युवाहरूको जीवन बर्बाद र सम्पत्तिसमेत क्षतविक्षत पारेका समाचार र कानेखुसी सुन्नमा आउँछन् ।

संरा अमेरिकाजस्तो शक्तिशाली देशले विदेशी राष्ट्रपतिहरूलाई समेत 'लागूपदार्थ' र 'गाँजा' व्यापारको आरोपमा अपहरण गरी अमेरिकामै मारेका घटनाहरू उजागर हुँदै आएका छन् । तर, आश्चर्य के हो भने संरा अमेरिकी 'गाँजा' पनि एसिया, अफ्रिका र ल्याटिन अमेरिका (दक्षिण अमेरिका) मा व्यापक व्यापार हुने हल्ला र आरोप कम छैन ।

यस्तो विश्वास गर्ने गाह्रो कथाहरू सुन्दा 'जो चोर उसैको ठुलो स्वर' भन्ने नेपाली उखान चरितार्थ हुन्छ ।

यसकारण, अमेरिकाले पनि गाँजा बेच्ला र ? भनी पत्याउनै गाह्रो विषय नेपालमा समेत छलफलको विषय हुँदै छ । व्यापार अपरम्पार ! गाँजाको होस् वा सुनको ! तर सत्य त्यस्तै देखिँदै छ ।

नेपाली जनता सतर्क हुनुपर्ने विषय हो - विदेशी गाँजाले अन्तर्राष्ट्रिय व्यापार नियमअनुसार ठुला देशहरूको गाँजा नेपाल आइपुग्दा नेपालको ठुलै धनराशी विदेश पुग्नेछन् । धार्मिक समूहदेखि ठुला बडा र सम्पन्न परिवारबाट समेत प्रयोग गरेमा एक प्रकारको दुर्भाग्य हुनेछ । इतिहासमा सन् १८४०-४२ मा बेलायती अफिम व्यापारको कारण दुई देश चीन र बेलायतको चर्को युद्ध भएको थियो ।

नेपाली जनताको कूटनैतिक सम्बन्ध जतातते फैलिँदै जाँदा जानकारीको अभावमा पछि पछुताउने काम सरकार र जनताबाट नहोस् भनी सचेत हुनु अति जरुरी छ ।

---

**कविता**

## कुर्सी जोगाउन के बोल्छौ, के गर्छौ ?

✦ प्रीति

प्रधानमन्त्री भइसकेपछि
*"नेपालले पनि भारतको धेरै ठाउँमा सीमा मिचेको छ"*
बोलेकै हो,
मेयर भइसकेपछि
*"हावाको धुलो फिल्टर गर्न
पाँच वर्ष पनि नलाग्ने"*
भनेकै हो,
नेपालको भूमि सुस्ता पनि हो
*तिमीलाई कसरी थाहा भएन ?
यहाँ भारतीय प्रहरी पस्यो
नेपालको बाँध भत्कायो
खोइ तिमीले बोलेको ?
'स्वतन्त्र तिब्बत' को लागि
नेपालमा गतिविधि किन गरायौ ?
विध्वंसका आफै धामी आफै झाँक्री
कति बन्नुपर्ने ?
जेलमा जानुपर्नेहरू
सिंहदरबारमा कति बस्ने ?*

(२०८३ साउन १८)

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३